# प्रस्थानको पुस्तकको भूमिका

*'जस-जसले परमेश्‍वरको उद्धारका कार्यहरूको वृत्तान्तमा धर्मविज्ञानको आधारभूत मूलतथ्य देख्छन्, तिनीहरूको निम्ति प्रस्थानको पुस्तकको १-१५ अध्यायको खण्डचाहिँ सर्वश्रेष्ठ भाग हो, जुन खण्डसित पवित्र बाइबलका बाँकी सबै वृत्तान्तहरू मिलाउन सकिन्छ। जस-जसले "पुरानो नियमको रचनाचाहिँ सामुहिक आराधनाको सम्बन्धमा यहूदी जातिको उत्पाद हो" भन्छन्, ती मानिसहरूको निम्ति निस्तार-चाड़को स्थापनाको वृत्तान्तचाहिँ यस पुस्तकको मुटु हुनुपर्ला; किनभने इस्राएलीहरूका पर्वहरूमा निस्तार-चाड़चाहिँ सर्वश्रेष्ठ र सबैभन्दा विशेष हो। अनि ज-जसले "तोरा" अर्थात् परमप्रभुको व्यवस्थामा सर्वेसर्वा देख्छन्, तिनीहरूको निम्ति प्रस्थानको पुस्तकमा व्यवस्था कसरी दिइयो, सो बयान समावेश गरिएको छ, साथै व्यवस्थाको सार मानिएका दस आज्ञाहरू पनि यसमा उल्लेख गरिएका छन्; किनकि यो व्यवस्थाचाहिँ पछि इस्राएली जातिको जनजीवन र उनीहरूको सबै विचारधारणाको केन्द्रबिन्दु बन्यो।'*

*श्री आर. एलन कोल*

### क) ग्रन्थ-सूचिमा यस पुस्तकको विशिष्ट स्थान

प्रस्थानको पुस्तकको नाम ग्रीक भाषामा 'निकास' हो। अनि यस प्रस्थानको पुस्तकले यूसुफको मृत्युपछि इस्राएलीहरूलाई के-के भयो, यसबाट आफ्नो वृत्तान्त शुरु गर्छ। इस्राएलीहरू मिस्र देशमा चार शताब्दीसम्म दासत्वमा बसे, त्यसपछि तिनीहरूले त्यहाँबाट छुटकारा पाए। अनि यस दिव्य छुटकाराको सम्बन्धमा स्थापित भएको निस्तार-चाड़चाहिँ यहूदीधर्मको जग हो। किनभने हठी फाराओ यहूदीहरूका परमेश्‍वरप्रति अटेरी बने, र यसरी तिनले आफ्नो समस्त देशमाथि दसवटा भयानक विपत्तिहरू निम्त्याए। त्यसपछि मात्र यो छुटकारा सम्भव भयो। पवित्र बाइबलमा मिस्र देशचाहिँ संसार चित्रण गर्छ।

प्रस्थानको पुस्तक एउटा अद्‌भुत पुस्तक हो; किनभने यसमा इस्राएलीहरू लाल समुद्र तरेको बयान छ, साथै धेरै आश्‍चर्यकर्महरू उल्लेख गरिएका छन्; अनि सिनाई पर्वतमा मोशाको व्यवस्था कसरी दिइयो, सो वर्णन गरिएको छ, अनि अन्तमा यस पुस्तकको बाँकी भागमा परमेश्‍वरको निवासस्थानको निर्माणको निम्ति विस्तृत निर्देशनहरू दिइएका छन्।

### ख) यस पुस्तकको लेखक को हुन्?

यहूदीधर्म र इसाईधर्मको धारणाअनुसार प्रस्थानको पुस्तक पक्का गरी मोशाले लेखेका दोस्रो पुस्तक हो। अनि हामीले यस पुस्तकको सम्बन्धमा र 'पेन्टटुक'का अरू पुस्तकहरूको सम्बन्धमा यो परम्परागत धारणा अपनाएका छौं। यस धारणाको विस्तृत प्रतिरक्षा हामीले 'पेन्टटुकको भूमिका' शीर्षक अन्तर्गत यस पुस्तकको परिचय दिँदा प्रस्तुत गरेका छौं। यसकारण तपाईंले त्यहाँ हेरेर यसको विषयमा बढ़ी जानकारी लिनुहोला।

### ग) यस पुस्तकको लेख्ने मिति के हो ?

कतिजना बाइबलका विद्वान्‌हरूको विचार-अनुसार इस्राएलीहरू १५८० ख्रीष्टपूर्व मिस्र देशदेखि निस्केर आए भने, अरू बाइबलका विद्वान्‌हरू पनि छन्, जसले मिस्र देशबाट निस्किआएको तिनीहरूको प्रस्थानको समय-चाहिँ १२३० ख्रीष्टपूर्वतिर पारेका छन्। १ राजा ६ः१ पदले बताएअनुसार तिनीहरूको प्रस्थानको समयचाहिँ राजा सुलेमानले मन्दिर निर्माण-कार्य शुरु गर्नुभन्दा ४५० वर्ष पहिले भएको थियो । अनि तिनले मन्दिरको निर्माण-कार्य शुरु गरेको वर्ष लगभग ९६० ख्रीष्टपूर्व भएको हो; यसो हो भने, तिनीहरूको प्रस्थानको समय १४४० ख्रीष्टपूर्व भएको हुनुपर्ला; यो अनुदार विद्वान्‌हरूको धारणा हो ।

अब पुरातत्त्वको अनुसन्धानको कुरा आयोः यता धेरै विद्वान्‌हरू छन्, जसले यसो भन्छन्ः 'पुरातत्त्व-विज्ञानले इस्राएलीहरूको प्रस्थानको समय १२९० ख्रीष्टपूर्व भएको कुरा समर्थन गर्छन्' अरे। तर उता पुरात्त्वको अनुसन्धानले भेट्टाएका थोकहरू पनि छन्, जुन प्रमाणिक थोकहरूले गर्दा यसभन्दा पहिलेको मिति नै सठीक हो भन्ने कुरा उपयुक्त देखिन्छ । अनि हामीचाहिँ ? हामीले निश्चित रूपले सठीक समय पत्ता लगाउन सकेका छैनौं । यसो भए पनि हामी यहाँ आफ्नो राय प्रस्तुत गर्छौंः पक्ष-विपक्षका सबै कुराहरू छानबिन गरेर हेर्दा इस्राएलीहरूको प्रस्थानको समय १४४० ख्रीष्टपूर्व भएको हुनुपर्ला, र प्रस्थानको पुस्तकको लेख्ने समय त्यसभन्दा केही पछि भएको मानिलिनु सर्वोत्तम देखिन्छ ।

### घ) यस पुस्तकको सन्दर्भ र यसका विषयवस्तुहरू के-के हुन् ?

जब प्रस्थानको पुस्तक खोलिन्छ, तब उत्पत्तिको पुस्तकले हामीलाई जहाँ छोड़ेको थियो, त्यहाँ हामी इस्राएलीहरूलाई मिस्र देशमा भएको भेट्टाउँछौं । तर अब तिनीहरूको पृष्ठभूमि पूरा बदली भएर अर्को भएको छ । अब चार सय वर्ष बितिसके । एक समयमा मिस्रीहरूको कृपादृष्टि पाएका यहूदीहरू अब तिनीहरूका कमारा भएछन्, जसले फाराओको बृहत् आवास निर्माण कार्यक्रम-अन्तर्गत इँटा बनाइरहेका थिए ।

इस्राएलीहरूको छुटकारा र इस्राएली जातिको स्थापना यस पुस्तकका दुईवटा प्रमुख विषयवस्तु हुन् । अनि बितेका ३,४०० वर्षमा संसारभरिका यहूदीहरूले यो घटना निस्तार-चाड़को रूपमा मनाइरहेका छन्। किनभने त्यस बेलामा ईश्वरीय शक्तिले र निष्खोट पाठोको रगतद्वारा इस्राएलीहरूले मिस्र देशको दासत्वदेखि छुटकारा पाए; अनि खास गरी त्यस निस्तारको समयदेखि इस्राएलका सन्तानहरूले इस्राएली जातिको रूप लिन थाले ।

आउनुहोस्, अब हामी प्रभुभोजको कुरा पनि गरौं; किनभने यस प्रभुभोजद्वारा परमेश्वरका जनहरूको अर्को छुटकाराको सम्झना गरिन्छ, जुन छुटकारा पनि ईश्वरीय शक्ति र उहाँको पवित्र रगतद्वारा भएको हो । इतिहासको हिसाबले र सैद्धान्तिक हिसाबले हेर्नु हो भने, यो प्रभुभोज निस्तार-चाड़बाट निस्केर आएको छ । अनि केही हदसम्म यसो भन्न मिल्छः प्रभुभोजका सामग्रीहरूले, त्यस रोटी र त्यस दाखमद्यले निस्तार-चाड़को याद दिलाउँछन्; किनभने त्यस चाड़को धार्मिक संस्कारमा उस्तै सामग्रीहरू प्रयोग गरिएका छन् ।

अनि इस्राएलीहरू मिस्र देशबाट निस्के-पछि घटनास्थल फेरि बदली हुन्छ; अब यसको पृष्ठभूमि उजाड़स्थान भएको छ। त्यस उजाड़स्थानमा मोशाले परमेश्वरबाट उहाँका जनहरूको निम्ति व्यवस्था पाए । अनि प्रस्थानको पुस्तकको बाँकी भाग, अर्थात् यस

पुस्तकको प्रायः आधा भाग परमेश्‍वरको निवासस्थानको विषयमा र हारूनको पूजाहारीगिरीको सम्बन्धमा लेखिएको छ (प्रस्थान २५-४०) । याद गर्नुहोस्ः यी विवरणहरू ऐतिहासिक मात्र हुँदैनन् ।

यदि हामी प्रस्थानको पुस्तकबाट आत्मिक लाभ उठाउनु हो भने, हामीले यस पुस्तकभित्र ख्रीष्टलाई खोजेर भेट्टाउनुपर्छ । मोशा, निस्तार-चाड़को पाठो, पानी निस्किरहेको त्यो चट्टान र निवासस्थानचाहिँ प्रभु येशूलाई प्रकट गर्ने प्रतीकहरू हुन् – यस्ता प्रतीकहरूका सन्दर्भ-पदहरू हामीले पवित्र बाइबलमा १ कोरिन्थी ५ः७, १०ः४, अनि हिब्रू ३-१० अध्यायहरूमा पाउँछौं । प्रभु येशूले इम्माउसको बाटोमा हिँड़िरहेका दुईजना चेलाहरूको निम्ति जे गर्नुभयो, त्यो हाम्रो निम्ति पनि गरिदिऊन्; किनभने *'उहाँले मोशा र सबै भविष्यवक्ताहरूबाट शुरु गरेर सबै पवित्र शास्त्रहरूभित्र आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ खोलिदिनुभयो'* (लूका २४ः२७) ।

## रूपरेखाः

**खण्ड १) प्रस्थान १: मिस्र देशमा इस्राएलीहरूको दासत्व**

**खण्ड २) प्रस्थान २: मोशाको जन्म, तिनको उद्धार र तिनको तालिम**

**खण्ड ३) प्रस्थान ३-४: मोशाको बोलावट**

**क) प्रस्थान ३:१-२२:** परमप्रभु मोशाकहाँ प्रकट हुनुभएको
**ख) प्रस्थान ४:१-१७:** मोशाको हिचकिचाहट
**ग) प्रस्थान ४:१८-३१:** मोशा मिस्र देशमा फर्केको

**खण्ड ४) प्रस्थान ५:१-७:१३: मोशा दुईपल्ट फाराओसँग जुधे**

**क) प्रस्थान ५:१-७:६:** पहिलो सामना
**ख) प्रस्थान ७:७-१३:** दोस्रो सामना

**खण्ड ५) प्रस्थान ७:१४-१०:२९: मिस्र देशमाथि आइपरेका दस विपत्तिहरूमा पहिला नौवटा विपत्तिहरू यस प्रकारका छन्:**

**क) प्रस्थान ७:१४-२५:** पहिलो विपत्तिः नील नदीको पानी रगतमा परिणत भएको
**ख) प्रस्थान ८:१-१५:** दोस्रो विपत्तिः भ्यागुताहरू
**ग) प्रस्थान ८:१३-१९:** तेस्रो विपत्तिः जुम्राहरू
**घ) प्रस्थान ८:२०-३२:** चौथो विपत्तिः हूलैहूल डाँसहरू
**ङ) प्रस्थान ९:१-७:** पाचौं विपत्तिः गाईबस्तुमाथि कष्टदायक महामारी
**च) प्रस्थान ९:८-१२:** छैटौं विपत्तिः पिलाहरू उब्जाउने भतभती पोल्ने खटिरा
**छ) प्रस्थान ९:१३-३५:** सातौं विपत्तिः असिना र आगो
**ज) प्रस्थान १०:१-१०:** आठौं विपत्तिः सलहहरू
**च) प्रस्थान १०:२१-२९:** नवौं विपत्तिः तीन दिनसम्म छाएको घनघोर अन्धकार

**खण्ड ६) प्रस्थान ११:१-१२:३०: निस्तारको स्थापना र मिस्रीहरूका पहिले जन्मनेहरूको मृत्यु**

**खण्ड ७) प्रस्थान १२:३१-१४:२१: मिस्र देशबाट इस्राएलीहरूको प्रस्थान**

**क) प्रस्थान १२:३१-१३:२२:** इस्राएलीहरू लाल समुद्रतर्फ भागेका
**ख) प्रस्थान १४:** इस्राएलीहरू लाल समुद्र तरेका
**ग) प्रस्थान १५:१-२१:** मोशाको स्तुतिगान

**खण्ड ८) प्रस्थान १५:२२-१८:२७: सिनाई पर्वततर्फको यात्रा**

**क) प्रस्थान १५:२२-२७:** इस्राएलीहरू शूरको उजाड़स्थानमा

**ख) प्रस्थान १६ः** इस्राएलीहरू सीनको उजाड़स्थानमा

**ग) प्रस्थान १७ः** इस्राएलीहरू रपीदीममा

**घ) प्रस्थान १८ः** मोशा र येत्रो

**खण्ड ९ ) प्रस्थान १९-२४ः व्यवस्था प्रदान गरिएको**

**क) प्रस्थान १९ः** परमेश्वरसँग भेट गर्नलाई तयारी

**ख) प्रस्थान २०ः** दस आज्ञाहरू

**ग) प्रस्थान २१-२४ः** विविध नियमहरू

**अ) प्रस्थान २१ः१-११ः** कमारा-कमारी सम्बन्धित नियम

**आ) प्रस्थान २१ः१२-२६ः** व्यक्तिगत चोट र हानि सम्बन्धित नियम

**इ) प्रस्थान २२ः१-६ः** चोरी र सम्पत्तिको हानि सम्बन्धित नियम

**ई) प्रस्थान २२ः७-१५ः** बेइमानदारी हुने सम्बन्धमा दिइएको नियम

**उ) प्रस्थान २२ः१६-१७ः** कन्याप्रति गरेको कुकर्म सम्बन्धित नियम

**ऊ) प्रस्थान २२ः१८-२३ः१९ः** सामाजिक र धार्मिक कर्तव्यहरू

**ओ) प्रस्थान २३ः२०-३३ः** कनान देश कब्जा गर्ने सम्बन्धमा कतिपय नियमहरू

**औ) प्रस्थान २४ः१-८ः** परमेश्वर र उहाँका जनहरूको बीचमा स्थापित भएको करार पारित गरिएको

**औं) प्रस्थान २४ः९-१८ः** परमेश्वरको महिमा प्रकट भएको

**खण्ड १० ) प्रस्थान २५-४०ः निवासस्थान र पूजाहारीगिरी**

**क) प्रस्थान २५-२७ः** पवित्र निवासस्थानको निर्माण-कार्यको सम्बन्धमा दिइएका निर्देशनहरू

**अ) प्रस्थान २५ः१-९ः** सामग्रीहरूको संग्रह

**आ) प्रस्थान २५ः१०-१६ः** करारको सन्दुक

**इ) प्रस्थान २५ः१७-२२ः** कृपा-आसन

**ई) प्रस्थान २५ः२३-३०ः** भेटीका रोटीहरूको टेबल

**उ) प्रस्थान २५ः३१-४०ः** सुनको सामदान र त्यसका आवश्यक सरसामानहरू

**ऊ) प्रस्थान २६ अध्यायः** पवित्र निवासस्थान

**ओ) प्रस्थान २७ः१-८ः** होमबलिको वेदी

**औ) प्रस्थान २७ः९-१९ः** निवासस्थानको आँगन, त्यसका खाँबाहरू र त्यसका पर्दाहरू

**औं) प्रस्थान २७ः२०-२१ः** सामदानको निम्ति प्रयोग गरिने तेल

**ख) प्रस्थान २८-२९ः** पूजाहारीगिरी

**अ)प्रस्थान २८ः** पूजाहारीहरूका वस्त्रहरू

**आ) प्रस्थान २९ः** पूजाहारीहरूको समर्पण

**ग) प्रस्थान ३०-३१ :** पवित्र निवासस्थानको विषयमा अरू निर्देशनहरू

- **अ) प्रस्थान ३०:१-१० :** धूप-वेदी
- **आ) प्रस्थान ३०:११-१६ :** प्रायश्चित्तको भेटी
- **इ) प्रस्थान ३०:१७-२१ :** हातखुट्टा धुने बाटा
- **ई) प्रस्थान ३०:२२-३३ :** अभिषेकको तेल
- **उ) प्रस्थान ३०:३४-३८ :** धूप
- **ऊ) प्रस्थान ३१:१-११ :** वरदान पाएका कारिगरहरू
- **ओ) प्रस्थान ३१:१२-१८ :** विश्राम-दिनरूपी चिन्ह

**घ) प्रस्थान ३२-३३ :** इस्राएलीहरूको बीचमा मूर्तिपूजा

- **अ) प्रस्थान ३२:१-१० :** सुनको बाछा
- **आ) प्रस्थान ३२:११-३४ :** मोशाको अन्तर्विन्ती र तिनको रिस
- **इ) प्रस्थान ३३:१-६ :** मानिसहरूले पश्‍चाताप गरे
- **ई) प्रस्थान ३३:७-११ :** मोशाको भेट हुने पाल
- **उ) प्रस्थान ३३:१२-२३ :** मोशाको प्रार्थना

**ङ) प्रस्थान ३४:१-३५:३ :** करारको नवीकरण

**च) प्रस्थान ३५:४-३८:३१ :** पवित्र निवासस्थानका सामग्रीहरू तयार गरिएका कारिगरहरू

- **आ) प्रस्थान ३६:८-१९ :** निवासस्थानलाई ढाक्ने पर्दाहरू
- **इ) प्रस्थान ३६:२०-३० :** तीनपट्टिका भित्ताहरूको निम्ति हुने फल्याकहरू
- **ई) प्रस्थान ३६:३१-३४ :** फल्याकहरूलाई जोड्ने साटाहरू
- **उ) प्रस्थान ३६:३५-३६ :** महापवित्रस्थानलाई छुट्ट्याउने बीचको पर्दा
- **ऊ) प्रस्थान ३६:३७-३८ :** पवित्रस्थानको प्रवेशद्वारमा लगाइदिने पर्दा
- **ओ) प्रस्थान ३७:१-५ :** करारको सन्दुक
- **औ) प्रस्थान ३७:६-९ :** कृपा-आसन
- **औं) प्रस्थान ३७:१०-१६ :** भेटीका रोटीहरूको टेबल
- **अः) प्रस्थान ३७:१७-२४ :** सुनको सामदान र त्यसका आवश्यक सरसामानहरू
- **अअ) प्रस्थान ३७:२५-२८ :** धूप-वेदी
- **आआ) प्रस्थान ३७:२९ :** अभिषेकको तेल र धूप
- **इइ) प्रस्थान ३८:१-७ :** होमबलिको वेदी
- **ईई) प्रस्थान ३८:८ :** हातखुट्टा धुने बाटा
- **उउ) प्रस्थान ३८:९-३१ :** निवासस्थानको आँगन, त्यसका खाँबा र पर्दाहरू

**छ) प्रस्थान ३९ :** पूजाहारीहरूका वस्त्रहरूको तयारी

**ज) प्रस्थान ४० :** पवित्र निवासस्थान खड़ा गरिएको

# प्रस्थानको पुस्तकको टिप्पणी

## खण्ड १

### प्रस्थान १ः मिस्र देशमा इस्राएलीहरूको दासत्व

**प्रस्थान १ः१-८ः** यस पुस्तकका पहिला शब्दहरूबाट यहूदी परम्पराअनुसार यस पुस्तकको नाम भएको छ। हिब्रू भाषामा यस पुस्तकको नाम 'वे-एलेह शेमोत' हो, जसको नेपाली अनुवाद 'अनि यी तिनीहरूका नामहरू हुन्' हो। हेर्नुहोस्ः हाम्रा परमेश्वर कति व्यक्तिगत हुनुहुन्छ!! उहाँ सङ्ख्यासँग होइन, तर व्यक्ति-व्यक्तिको नामसँग सरोकार राख्नुहुँदो रहेछ। यसकारण बुझ्नुहोस्ः उहाँको निम्ति हामी कुनै कम्प्यूटर कार्डमा लगाइएका बिन्दुहरू मात्र होइनौं। प्रभु येशूले असल गोठालाको विषयमा यसो भन्नभयोः *'उसले आफ्ना भेड़ाहरूलाई नाम लिई-लिई बोलाउँछ र तिनीहरूलाई बाहिर लैजान्छ'* (यूहन्ना १०ः३)। अनि यो कुरा यहाँ पनि खूबै सुहाउँछ। किनभने इस्राएलीहरू गोठालाहरू भएर तल मिस्र देशमा आएका थिए, तर अब तिनीहरू कमारा भए। तर तिनीहरूको विषयमा परमेश्वरको शुभ अभिप्राय छः उहाँ तिनीहरूको असल गोठाला हुनुहुन्छ, जसले तिनीहरूलाई अब चाड़ै बाहिर निकालेर लैजानुहुनेथियो।

*'अनि याकूबको शरीरबाट जन्मेका सबै प्राणीहरू सत्तरीजना थिए'* (प्रस्थान १ः५)। यस शङ्ख्याको विषयमा हामीले उत्पत्ति ४६ः८-२७ पदको खण्डअन्तर्गत दिएको टिप्पणीमा विभिन्न स्पष्टीकरण दिएका छौं। यसकारण तपाईंले त्यस खण्डमा फर्केर हेर्नुहुने हाम्रो अनरोध छ।

सत्तरीजनाको परिवारबाट निक्कै वृद्धि भएको छः इस्राएलीहरू अब त लाखौंलाख मानिसहरू भएका छन्ः गन्ती १ः४६ पद-अनुसार तिनीहरू सिनाई पर्वतबाट कनान देशतर्फ हिंड्न लागेको समयमा जम्मै छ लाख तीन हजार पाँच सय पचास लड़ाइँ गर्न सक्ने सिपाहीहरू थिए।

प्रस्थान १ः६-७ पदहरूले स्पष्ट सङ्केत दिन्छन्, कि उत्पत्तिको पुस्तकको अन्तदेखि प्रस्थानको पुस्तकको शुरुसम्म धेरै वर्षहरू बिते। अनि प्रस्थान १ः८ पदको अर्थ यस प्रकारको छः मिस्र देशमा एक नयाँ राजा खड़ा भए, जसले यूसुफलाई यस हिसाबले चिन्दैनथिए, कि तिनले यूसुफको वंशमाथि असल दृष्टि लगाउँदैनथिए। अनि अवश्य पनि यूसुफ निक्कै अगाड़ि मरिसकेका थिए।

**प्रस्थान १ः९-१०ः** इस्राएलीहरू सङ्ख्यामा यति साह्रै बढ़ेका थिए र तिनीहरू यति शक्तिशाली भइसकेका थिए, कि फाराओको विचारमा लड़ाइँको समयमा तिनीहरूबाट मिस्रीहरूको निम्ति खतरा आउँथ्यो। यसकारण तिनले इस्राएलीहरूलाई

कमारा बनाइराख्नको साथै जन्मेका हरेक नर-बालकलाई नाश गर्ने, र अन्तमा यसरी नै यहूदी जातिको नामनिशाना मेटिदिने निर्णय गरे। याद गर्नुहोस्ः पवित्र धर्मशास्त्र बाइबलमा तीनजना दुष्ट शासकहरूको विषयमा लेखिएको छ, जसले निर्दोष बाल-बालिकाहरूको हत्या गर्ने आदेश दिएः फाराओ, रानी अतल्याह (२ राजा ११) र राजा हेरोद (मत्ती २)। यी शैतानिक हमलाहरूको उद्देश्य यस प्रकारको थियोः यीद्वारा शैतानले मसीहको वंश सर्वनाश गर्न खोज्यो। शैतानले उत्पत्ति ३ः१५ पदमा गरिएको प्रतिज्ञा कहिल्यै भुलेको रहनेछ।

**प्रस्थान १ः११-१४ः** फाराओले ती दासत्वको बन्धनमा परेका इस्राएलीहरूद्वारा पिताम र राम्सेस नाम गरेका दुईवटा शहरहरू निर्माण गरे, जहाँ उनले पछि अन्न सञ्चय गरिराख्थे। तर उनले यस दमनकार्यद्वारा यहूदी जातिको नामनिशाना मेटिदिन त के, बरु इस्राएलीहरूको वृद्धि पो भएछ! तिनीहरूको खराबी गर्ने मनसायले फाराओले तिनीहरूलाई कठोर दासत्वमा पारे; तर परमेश्वरले यस परिस्थितिमा तिनीहरूको निम्ति भलाइ गर्नुभयो; किनकि यस कुराले इस्राएलीहरूलाई मिस्र देशदेखि प्रतिज्ञाको देशसम्मको कठिन यात्राको निम्ति तालिम दिने काम गर्‍यो।

**प्रस्थान १ः१५-१९ः** हुन सक्छ, शिप्रा र पूआचाहिँ यहूदीहरूका सुँड़िनीहरूका मुख्य थिए। जब यिनीहरूले यहूदी स्त्रीहरूलाई बालक जन्माउने पिरामा बसेका देखे, तब यिनीहरूले फाराओले दिएको आदेशअनुसार काम गरेनन्; यिनीहरूले यहूदी नर-बालक-हरूलाई मारेनन्, तर त्यत्तिकै छोड़िदिए। जब फाराओले यिनीहरूको यो निष्क्रियता चाल पाए, तब यिनीहरूले यहूदी आमाहरू अरू स्त्रीहरूजस्ता दुर्बल नभएका, तर धाईहरू आइपुग्नुभन्दा अघि नै बालकहरू जन्माइ-सकेको कुरा बताइदिए। अनि निस्सन्देह, यिनीहरूको यस कुरामा केही सत्यता भएकै थियो।

**प्रस्थान १ः२०-२२ः** स्क्रीप्चर यूनियनले आफ्ना दैनिक पाठमा यी सुँड़िनीहरूको विषयमा यस प्रकारको टिप्पणी प्रस्तुत गर्‍योः

> 'परमेश्वरले ती सुँड़िनीहरूलाई दिनुभएको इनाम यस प्रकारको थियोः उहाँले तिनीहरूलाई पारिवारिक जीवनमा वृद्धि दिनुभयो (प्रस्थान १ः२१)। यो इनाम तिनीहरूलाई किन, कुन हिसाबले दिइयो त? यो त तिनीहरूले फाराओलाई छल गरेको प्रतिफल अवश्य थिएन। तर तिनीहरूले यस कुरामा मानवताको सद्‌गुण देखाए। यसकारण तिनीहरूले यो आशिष पाए। यसबाट "परिणाम असल हो भने खराब साधन चलाउनु पनि निको" भन्ने कथन कुनै हालतमा पनि साँचो साबित गरिएको छैन यहाँ। अनि उक्त कुरा भनेर "नैतिकताको हिसाबमा कुनै निर्धारित, सुनिश्चित मापदण्ड-हरू छैनन्" भन्न खोजेको पनि होइन। तर हाम्रो-जस्तो पापले भरिएको संसारले हामीलाई नराम्रो असर नगर्ने होइन। यसकारण यस विषयमा खास कुरा यस्तो थियोः ती सुँड़िनीहरूले केवल फाराओको आदेश र परमेश्वरको आज्ञाको बीचमा छान्न सके। तब कसको आज्ञापालन गर्नु ठीक होला? राजाको आज्ञा सानो मानेको र परमेश्वरको आज्ञा ठूलो सम्झेकोमा तिनीहरूमा के गल्ती थियो र? अनि यस सम्बन्धमा अरू सबै कुरामा जस्तै एउटा सर्वमान्य नियम छः "परमप्रभुको भय नै ज्ञानको शुरु हो" (हितोपदेश १ः७)।'

ती यहूदी सुँड़िनीहरूको कारणले फाराओको योजना विफल भयो; यसैले उनले आफ्नो सारा प्रजालाई आज्ञा गरेः 'तिमीहरूले भर्खर जन्मेको हरेक नव-बालकलाई नदीमा फाल्नू, तर हरेक बालिकालाई जिउँदो छोड़िराख्नू!'

# खण्ड २

## प्रस्थान २ः मोशाको जन्म, तिनको उद्धार र तिनको तालिम

**प्रस्थान २ः१-२ः** यहाँ, यस पदमा *'एकजना लेवीको घरानाको मानिस'*चाहिँ अम्राम थिए भने, *'लेवीकी छोरी'*चाहिँ योकेबेद थिइन् (प्रस्थान ६ः२०)। यसर्थ मोशाका बुबा र आमा दुवैजना लेवी-कुलका थिए, त्यस पूजाहारीय कुलका थिए। विश्वासद्वारा प्रेरित भई मोशाका बुबाआमाले तिनलाई तीन महिनासम्म लुकाइराखे (हिब्रू ११ः२३)। यसबाट स्पष्ट बुझिन्छ, कि तिनीहरूले मोशा र तिनको भविष्यको विषयमा केही अलौकिक प्रकाश पाएका हुनुपर्ला; किनकि विश्वासचाहिँ सदैव परमेश्वरको सुस्पष्ट वचनमाथि आधारित हुन्छ र हुनुपर्छ।

**प्रस्थान २ः३-८ः** योकेबेदले बनाएको कोक्रो र नूहले बनाएको पानीजहाज – यी दुवै कुराले ख्रीष्ट येशूलाई चित्रण गर्छन्। अनि मोशाकी दिदी मरियम थिइन् (गन्ती २६ः५९)। यस अध्यायमा संयोगले मिलाएका सुयोगहरूको मिलन छ, जस्तैः फाराओकी छोरीले नदीमा बगिरहेको कोक्रो भएको ठाउँमा नुगाइन्। ठीक त्यही घड़ीमा बालक रोयो, र यसरी यिनीभित्र टिठ्याउने भावना पैदा गर्‍यो। अनि फाराओकी छोरीले मोशाकी आमालाई नै धाईको रूपमा स्वीकार गरिन्।

**प्रस्थान २ः९-१०ः** सबै इसाई बुबाआमा-हरूले नौ पदका शब्दहरू आफ्नो पवित्र कर्तव्य सम्झनुपर्छ र अचूक प्रतिज्ञाको रूपमा अपनाउनुपर्छ। फाराओकी छोरीले यस बालकलाई 'मोशा' भन्ने नाम दिइन्। मिस्रीहरूको भाषामा 'मोशा'को सम्भवतः अर्थ 'छोरा' हुन्छ होला। तर हिब्रू भाषामा यस नामको अर्थ 'पानीबाट निकालिएको'[1] हो। यस विषयमा हामी श्री सी. एच. मेकिन्तोशको कुरा सुनौं, जसले आफ्नो अन्तर्दृष्टिले पूर्ण टिप्पणी यसो गरेका छन्ः

> 'शैतान आफै आफूले चलाएको हतियारद्वारा विफल भयो; किनकि त्यसले परमेश्वरको उद्देश्य विफल तुल्याउन ती फाराओलाई प्रयोग गर्‍यो, जुन फाराओलाई परमेश्वरले मोशाको पालनपोषण गर्नको निम्ति प्रयोग गर्नुभयो, जुन मोशा पछिबाट शैतानको शक्ति हरण गर्ने परमेश्वरको हतियार बने।'[2]

**प्रस्थान २ः११-१२ः** प्रेरित ७ः२३ पदबाट हामी जान्दछौं, कि मोशाले आफ्ना मानिसहरूलाई भेट गरेको समयमा तिनी चालीस वर्ष पुगेका थिए। तिनले एकजना मिस्रीको हत्या गरे, कति मूर्खा! आफ्नो मानिसप्रति भएको तिनको प्रबल जोशले तिनलाई आफ्नो विवेक नाघ्न लगाइदियो। यस्तो समय आउनेथियो, जब परमेश्वरले इस्राएलीहरूलाई मिस्रीहरूको हातदेखि छुटकारा गर्नुहुनेथियो। तर यो समय आएको थिएन। पहिले तिनले मरुभूमिको एउटा कुनामा चालीस वर्षसम्म बिताउनुपरेको थियो र परमेश्वरबाट तालिम पाउनुपरेको थियो। इस्राएलीहरूले मिस्र देशको दासत्वमा ४०० वर्ष बिताउनुपर्ने कुरा परमेश्वरले पहिलेबाटै भनिसक्नुभएको थियो (उत्पत्ति १५ः१३)। यसकारण मोशाले आवेगमा गरेको हत्याचाहिँ सो अवधि पूरा हुनुभन्दा ४० वर्ष पहिले नै भएको थियो। तिनलाई मरुभूमिको एकलास ठाउँमा अझै पनि तालिमको नितान्त आवश्यक थियो। अनि परमेश्वरका जनहरू-चाहिँ? तिनीहरूलाई अझै पनि इँटा बनाउने काममा तालिम लिनु आवश्यक थियो। परमप्रभुले आफ्नो असीम बुद्धिअनुसार सबै

कुराहरू मिलाउनुहुन्छ। उहाँलाई कुनै हतार छैन; अनि उहाँले आफ्ना जनहरूलाई कुनै हालतमा पनि चाहिएको समयभन्दा एकै निमिष पनि दुःखकष्टभित्र राख्नुहुन्न ।

**प्रस्थान २:१३-१५[क]:** दोस्रो दिनमा मोशा बीचमा गएर दुईजना यहूदी मानिसहरूको बीचमा भइरहेको झगड़ा शान्त पार्न खोजे, तर तिनीहरूले तिनको अगुवापन स्वीकार गरेनन्, जसरी तिनीहरूले भविष्यमा मोशाभन्दा पनि महान् हुनुहुनेको नेतृत्व अस्वीकार गर्नेथिए। जब तिनको हातद्वारा एक मिस्रीको हत्या भएको कुरा सर्वविदित छ भन्ने मोशालाई पत्ता लाग्यो, तब तिनी भयातुर भए। अनि जब फाराओले यस हत्याको बारेमा चाल पाए, तब उनले मोशालाई मार्न खोजे; तर तिनी भागेर मिद्यान देशमा पुगे, जुन मिद्यान देशचाहिँ अरबमा वा सिनाई पर्वतको क्षेत्रमा अवस्थित थियो ।

**प्रस्थान २:१५[ख]-२२:** मिद्यानमा पुगेपछि मोशाले पानीको पनेरामा त्यहाँका पूजाहारीका सातजना छोरीहरूको पक्षमा निष्ठुर गोठाला-हरूको विरुद्धमा खड़ा भई तिनीहरूका गाईवस्तुलाई पानी खुवाएर सहायता पुऱ्याए। यस मिद्यानका पूजाहारीलाई दुईवटा नाम दिइएका छन्: रूएल (प्रस्थान २:१८) र येत्रो (प्रस्थान ३:१), जुन नामचाहिँ एन.के.-जे.वी. र सेप्टुवजिन्टका अनुवादहरूअनुसार गन्ती १०:२९ पदमा 'रगूएल' पनि लेखिन्छ। मिद्यानी जातिचाहिँ टाढ़ाबाट यहूदीहरूको साइनु लाग्ने मानिसहरू थिए (उत्पत्ति २५:२)। अनि मोशाको विवाह येत्रोकी छोरी सिप्पोरासँग भयो; अनि तिनीहरूको एउटा छोरा जन्म्यो, जसको नाम मोशाले 'गेर्शोम' राखे। गेर्शोमको अर्थ 'प्रवासी' वा 'शरणार्थी' हो ।

**प्रस्थान २:२३-२५:** परमेश्वरले आफ्ना जनहरूको दुर्दशा बेवास्ता गर्नुभएन। जब मिस्र देशमा एक नयाँ राजा खड़ा भए, तब परमेश्वरले इस्राएलका छोराछोरीहरूलाई सम्झनुभयो, तिनीहरूको पुकारा सुन्नुभयो र तिनीहरूमाथि कृपादृष्टि पनि गर्नुभयो; किनभने उहाँ तिनीहरूको कष्टसित सुपरिचित हुनुहुन्थ्यो। फलस्वरूप उहाँले आफ्नो दास मोशालाई मिस्र देशमा फर्काइल्याउनुहुनेथियो (प्रस्थान ३), जसले उहाँका जनहरूलाई ठूलो शक्तिको साथ मिस्र देशबाट निकालि-दिनेथिए; यत्रो शक्ति त सृष्टिको उत्पत्तिदेखि यता यस संसारमा कहिल्यै प्रदर्शन गरिएको थिएन ।

# खण्ड ३

## प्रस्थान ३-४: मोशाको बोलावट

### क) प्रस्थान ३:१-२२: परमप्रभु मोशाकहाँ देखा पर्नुभएको

**प्रस्थान ३:१-४:** मिद्यान देशमा मोशाले येत्रोका गाईवस्तु चराइरहेका र हेरचाह गरिरहेका थिए। यस कामबाट तिनले परमेश्वरका जनहरूलाई अगुवाइ गर्ने सम्बन्धमा कति बहुमूल्य पाठहरू सिके। जब तिनी होरेबमा अर्थात् सिनाई पर्वतमा गए, तब त्यहाँ परमप्रभु तिनीकहाँ एउटा पोथ्रामा देखा पर्नुभयो, जुन पोथ्रा आगोले जलिरहेको थियो, रपनि सखापचाहिँ भएको थिएन। यस पोथ्राले परमेश्वरको महिमा सङ्केत गर्छ, जसको सामु परमेश्वरले मोशालाई खाली खुट्टा उभिन लगाउनुभयो। यस पोथ्राले परमप्रभु आफ्ना जनहरूको बीचमा बस्नुहुनेछ, रपनि तिनीहरू भस्म हुनेछैन भन्ने कुराको पूर्वछाया पनि दिन खोजेको होला। कसै-कसैले यस दृश्यमा इस्राएली जातिको भाग्यशाली भविष्य देख्न खोजे, जुन जाति कष्ट भएर जानुपरे ता पनि नाश भएन। अनि

हामीचाहिँ ? हामी सबैजना त्यस पोथ्राले जस्तै परमेश्वरको निम्ति जल्नुपर्छ, रपनि सखापचाहिँ हुनु भएन ।[3)]

**प्रस्थान ३ः५ः** परमप्रभुले मोशासँग निम्न प्रतिज्ञा गर्नुभयोः उहाँले आफ्ना जनहरूलाई मिस्र देशदेखि छुटकारा दिनुहुनेछ र सबै कुराहरू प्रशस्त हुने भूमिमा ल्याइ-पुर्‍याउनुहुनेछ – कनान देशमा, जुन देशमा आठ पदले बताएअनुसार छवटा विभिन्न जातिहरू बसोबास गरिरहेका थिए। पवित्र बाइबलमा 'पवित्र' भन्ने शब्द प्रथम चोटि यहाँ लेखिएको पाइन्छ। आफ्ना जुत्ता/चप्पल फुकालेर मोशाले स्वीकार गरेः हो, यो ठाउँ पवित्र भूमि हो ।

**प्रस्थान ३ः६ः** परमप्रभुले मोशालाई *'म अब्राहाम, इसहाक र याकूबका परमेश्वर हुँ'* भनेर तिनका पितापुर्खाहरूका परमेश्वर हुनुहुन्छ भनी सुनिश्चित गराउनुभयो। श्री आर. एलन कोलले यस देखापराइमा कति महत्त्व छ, सो कुरा यसरी व्यक्त गरेका छन्ः

'मोशाले इस्राएलीहरूकहाँ कुनै नयाँ, नचिनिएको ईश्वरलाई प्रस्तुत गरेनन्; तर तिनले तिनीहरूकहाँ यही परमप्रभु परमेश्वरको प्रकाश भरपूर पारिदिए, जुन परमेश्वरलाई तिनीहरूले अगाड़िदेखि चिनिरहेका थिए। यसकारण अरियोपागसमा प्रेरित पावलले एथेन्सवासी-हरूलाई "नजानिएको ईश्वर" भनेर प्रयोग गरेका शब्दहरू यहाँ प्रस्तुत गरिनुभएको परमेश्वरसित तुलना गरिने अलिकति पनि योग्य छैनन् (प्रेरित १७ः२३)। तर पहिला कयौं शताब्दीहरू बित्नुपर्नेथियो, त्यसपछि ख्रीष्ट येशूको पहिलो आगमनमा परमेश्वरको आत्म-प्रकाशन चरमसीमामा पुग्नेथियो, र केवल यस कुराले यहाँको प्रकाशसित तुलना गर्ने एकमात्र सुयोग्य समानान्तर पाएको छ। तर मोशाको समयमा तिनलाई दिइएको प्रकाशचाहिँ इस्राएलीहरूको निम्ति नयाँ, तिनीहरूलाई निक्कै हल्लाउन सक्ने प्रकाश थियो, यद्यपि यस प्रकाशमा तिनीहरूका पितापुर्खाहरूसँग गरिएका प्रतिज्ञाहरू पूरा हुन आएका थिए। अनि तिनीहरूको भविष्यमा एक दिन आउने-थियो, जुन दिनमा ख्रीष्ट येशूको आगमनको प्रकाश त्यस जमानाका इस्राएलीहरूका निम्ति फेरि नयाँ र तिनीहरूलाई निक्कै हल्लाउने किसिमको प्रकाश ठहरिनेथियो ।'[4)]

**प्रस्थान ३ः७-१२ः** मोशाले आफूलाई फाराओकहाँ पठाउन चाहनुभएको परमेश्वरको बोलावट आफ्नो दर्बलताको कारण अस्वीकार गरे। तर परमप्रभुले मोशालाई आश्वासन दिनुभयोः उहाँको उपस्थिति तिनको साथमा जानेथियो, र मिस्र देशको बन्धनबाट छुटाकारा पाएका मानिस-हरूको साथमा आएर तिनले यहाँ, यस सिनाई पर्वतमा परमेश्वरको सेवा र उपासना गर्नेथिए। तिनको निम्ति यो परमेश्वरको सुदृढ़ प्रतिज्ञा थियो। यसको विषयमा श्री जे. ओस्वाल्ड सेन्डर्सले आफ्नो विचार यस प्रकारले पोखेका छन्ः

'मोशाले आफ्ना अयोग्यताहरूको सूचि पेस गरे, जस्तैः

**क)** क्षमताको अभाव (प्रस्थान ३ः११),

**ख)** सन्देशविनाको सन्देशवाहक (प्रस्थान ३ः१३),

**ग)** अधिकारको अभाव (प्रस्थान ४ः१),

**घ)** राम्ररी बोल्न नसक्ने वक्तृत्वहीन मानिस (प्रस्थान ४ः१०),

**ङ)** परिस्थितिको अनुकूलता (प्रस्थान ४ः२३),

**च)** पहिलेको असफलता (प्रस्थान ५ः२३) र


**छ)** पहिले तिनलाई गरिएको अस्वीकार (प्रस्थान ६ः१२)।

तिनले यहाँ प्रस्तुत गरेको सूचिमा पेश गरिएका अयोग्यताहरू अझ के हुन सक्नेथिए त, मलाई भन्नुहोस् ! तिनले परमेश्वरलाई प्रसन्न तुल्याउनुको सट्टामा बरु आफ्नो दीनता र अनिच्छाले उहाँलाई रिस उठाए। *'तब मोशा-माथि परमप्रभुको रिस दन्कियो'* (प्रस्थान ४ः१४)। तर वासत्वमा कुरा यस्तो छः जुन अभाव र अयोग्यताहरू मोशाले यहाँ बहानाको

रूपमा पेश गरे, तिनमा भएका यी अभाव र अयोग्यताहरूको खातिर परमेश्वरले तिनलाई यस कामको निम्ति चुन्नुभयो।' [5)]

**प्रस्थान ३:१३-१४:** मोशा परमप्रभुको प्रवक्ताको रूपमा मिस्र देशमा फर्केको बेलामा इस्राएलीहरूले तिनको अधिकारको विषयमा प्रश्न गर्छन् भन्ने पूर्वअनुमान तिनले गरिसके। यसकारण कसले तिनलाई पठायो, सो सम्बन्धमा तिनले ती प्रश्न गर्नेहरूलाई केही ठोस उत्तर दिन चाहे। यस परिस्थितिमा परमेश्वरले सर्वप्रथम आफूलाई यहोवाको रूपमा अर्थात् 'म हुँ, जो म हुँ'को रूपमा प्रकट गर्नुभयो। 'यहोवा', अर्थात् झन् अक्षरशः उच्चरणअनुसार 'याव्हे' भन्ने शब्द हिब्रू भाषामा 'हायाह' नामक क्रियापदबाट आएको हो, जुन क्रियापदको अर्थ 'हुनु' हो। यो पवित्र नाम चारवटा अक्षरले बनेको छ, जसबाट अँग्रेजीमा 'यहोवा' भन्ने शब्द भएको छ। हिब्रूमा यो शब्द 'य-ह-व-ह गरेर लेखिन्छ, जुन अक्षरमा स्वरवर्ण मात्राहरू थपिए, जुन स्वरवर्ण मात्राहरू 'एलोहिम' र 'अदोनाई' भन्ने परमेश्वरका अन्य नामहरूबाट लिइए। तर यो हामी यहाँ, यस ठाउँमा स्वीकार गर्नुपर्छः 'य-ह-व-ह'बाट बनेको शब्दको खास उच्चारण हराएको छ। तर 'याव्हे' नै हामीलाई यसको सठीक उच्चारण भएको लाग्छ। यसको समस्या कहाँबाट आयो? उहिलेका यहूदीहरूले शब्दहरू लेख्दा आफ्नो हिज्जेमा कुनै स्वरवर्ण मात्रा लगाउँदैनथिए। 'य-ह-व-ह' गरेर लेखिएको 'परमप्रभु' भन्ने शब्द यहूदीहरूको विचारमा परम पवित्र थियो – यति पवित्र, कि यो शब्द तिनीहरूले कहिल्यै उच्चारण गरेनन्। जेजस्तो भए पनि 'यहोवा' वा 'याव्हे' भन्ने नामले परमेश्वरको स्व-अस्तित्व भएको, उहाँ पूरापूर आत्मनिर्भर र अनन्त [6)] हुनुभएको सर्वाधिकारी हुनुहुन्छ भन्ने कुरा जनाउँछ। 'म हुँ, जो म हुँ' भन्ने नाम अझै पनि बढ़ाएर यसरी पेश गर्न सकिन्छः 'म हुँ; किनकि म छँदैछु' अथवा 'म जे हुन्छु, त्यो म अनन्तसम्म हुनेछु'।

**प्रस्थान ३:१५-२२:** परमेश्वरको यस प्रकाशले मोशालाई बलियो तुल्यायो। हो, परमेश्वर उपस्थित हुनुहुन्थ्यो; उहाँ आफ्ना जनहरूलाई सहायता गर्न आउनुभयो। मोशाले तिनीहरूको सामु घोषणा गर्नुपरेको थियोः 'इस्राएलीहरूले अब चाँड़ै मिस्री-हरूको हातबाट छुटकारा पाउनेछन्।' यसबाहेक तिनले निम्न विन्ती चढ़ाएर फाराओको जाँच गर्नुपरेको थियोः *'परमप्रभु हिब्रूहरूका परमेश्वर हामीसित भेट्नुभएको छ; अनि अब हिमी तपाईंलाई विन्ती गर्छौं: हामीलाई तीन दिनको यात्रा गरेर उजाड़-स्थानमा जान दिनुहोस्, र हामी परमप्रभु हाम्रा परमेश्वरका निम्ति बलि चढ़ाउन पाऔं!'* यस विन्तीमा फाराओलाई छल्ने निहुँ थिएन, तर उनी इस्राएलीहरूलाई जान दिन कति इच्छुक छन्, सो कुरा पत्ता लगाउने जाँच पो थियो। यसो गर्दा इस्राएलीहरू मिस्रीहरूको नजरदेखि बाहिर हुनेथिए, जब तिनीहरूले ती पशुहरू बलि गर्नेथिए, जुन पशुहरू मिस्रीहरूको विचारमा पवित्र थिए। तर परमेश्वरलाई थाहा थियोः उहाँले अलौकिक शक्ति प्रयोग गरेर फाराओलाई बाध्य नतुल्याएसम्म उनले तिनीहरूलाई छोड्नेथिएनन्। प्रस्थान ३:२० पदमा वर्णन गरिएका आश्चर्यकर्महरू ती विपत्तिहरू थिए, जुन विपत्तिहरू परमेश्वरले मिस्र देशमाथि पठाउनुहुनेथियो। जुन समयमा परमेश्वरले मिस्रीहरूसित आफ्नो सारा कारबाही सिद्ध्याइसक्नुहुनेथियो, त्यस समयमा मिस्रीहरूले यहूदी स्त्रीहरूलाई यिनीहरूले उनीहरूबाट मागेको जुनसुकै कुरा खुशीसाथ दिनेथिए। हुन पनि हो; त्यस समयमा हासिल गरिने धनसम्पत्तिचाहिँ यहूदीहरूको समुचित क्षतिपूर्ति हुनेथियो; किनभने तिनीहरूले मिस्री ठेकादारहरूको




**मोशा मिद्यान देशमा भागेको र मिस्र देशमा फर्केको यात्रा**

दासत्वमा रहेर लामो समयसम्म कठोर परिश्रम गरेका थिए। इस्राएलीहरूले सुन-चाँदीका गरगहना र वस्त्रहरू कहाँ पैंचो मागे र, जसरी अँग्रेजी के.जे.वी.-बाइबलले अनुवाद गऱ्यो ! तर तिनीहरूले गरगहना र लुगाफाटाहरू मागे, जसरी अँग्रेजी बाइबलको एन.के.जे.वी. नामक अर्को संस्करणले सठीक अनुवाद गरेको छ। किनकि यहाँ यस लेनदेनमा कुनै छलकपट थिएन, यसमा केवल परिश्रममा उचित ज्याला पाउने कुरा थियो।

### ख) प्रस्थान ४:१-१७: मोशाको हिचकिचाहट

**प्रस्थान ४:१-९:** मोशाले शङ्का गरि नै रहे। के इस्राएलीहरूले तिनलाई परमेश्वरको वक्ताको रूपमा स्वीकार गर्नेथिए ? हुन सक्छ, प्रस्थान २:११-१५ पदमा तिनले गरेको निराशपूर्ण अनुभवले तिनलाई मनमनै सताइरहेको थियो। यसकारण परमेश्वरले तिनलाई तीनवटा चिन्हहरू अर्थात् आश्चर्य-कर्महरू दिनुभयो, जुन चिन्हहरूद्वारा तिनको दिव्य अधिकार पुष्टि हुनेथियोः

**क)** तिनीसँग भएको लहुरो तिनले जमिनमा फ्याँक्दा साँप बन्नेथियो, जसको पुच्छर समात्दा त्यो फेरि लहुरो नै भइहाल्ने-थियो।

**ख)** तिनको हात आफ्नो कोखिलामा राखेर बाहिर निकाल्दाखेरि तिनको हातमा कोर लाग्नेथियो; अनि फेरि अर्को चोटि त्यही हात कोखिलामा राखेर निकाल्दाखेरि त्यसमा कुनै कोर रहनेथिएन।

**ग)** नील नदीको पानी जमिनमा खन्याउँदाखेरि त्यो पानी रगतमा परिणत हुनेथियो।

यी चिन्हहरू देखाउने उद्देश्य यस प्रकारको थियोः परमेश्वरले मोशालाई इस्राएली-हरूकहाँ पठाउनुभएको हो भन्ने कुरा यी

चिन्हहरूले इस्राएलीहरूलाई विश्वास दिलाउनु थियो। शैतानमाथि परमेश्वरको शक्ति छ भन्ने कुरा साँपले देखाउँछ भने, कोर रोगले पापमाथि भएको उहाँको शक्ति चित्रण गर्छ; अनि शैतान र पापको शक्तिबाट इस्राएल जातिको छुटकारा रगतद्वारा कमाइन्छ भन्ने कुरा त्यस रगतले दर्साउँछ।

**प्रस्थान ४ः१०-१७ः** मोशाले अझ पनि परमेश्वरको आज्ञा टार्न खोजिरहेका थिए; किनकि तिनले आफूमा राम्ररी बोल्न सक्ने क्षमता पाउँदैनथिए। परमप्रभुले मोशालाई 'मानिसको मुख बनाउने म नै हुँ' भन्ने कुरा सम्झना गराउनुभयो; त्यसकारण तिनमा बोल्ने सीप बढ़ाउने हिसाबले उहाँले तिनको दाजु हारूनलाई तिनको सट्टामा बोल्नको निम्ति नियुक्त गर्नुभयो। परमेश्वरले आज्ञा दिनुको साथै आज्ञापालनको शक्ति पनि दिनुहुन्छ भन्ने कुरा जानेर मोशाले पूरा भरोसाको साथ उहाँको आज्ञा मान्नुपर्नेथियो। यस सम्बन्ध बुझ्नुहोस्ः परमेश्वरले हामीलाई अह्राइएको काम पूरा गर्ने क्षमता नदिईकन हामीलाई कहिल्यै कुनै कुरा अह्राउनुहुन्न। मोशाले परमेश्वरको सर्वोत्तम आशिषसँग असन्तुष्ट भएको हुनाले तिनले अब त्योभन्दा कम आशिष लिनुपर्‍योः अब हारून तिनको प्रवक्ता भए-भए। मोशाको विचारमा, हारून तिनको निम्ति सहायता बन्नेथिए। तर वास्तवमा उनी पछिबाट तिनको निम्ति ठूलो बाधा पो बन्न गए; किनभने हारूनले इस्राएलीहरूलाई सुनको बाछाको पूजा गर्न लगाए (प्रस्थान ३२)।

### ग) प्रस्थान ४ः१८-३१ः मोशा मिस्र देशमा फर्केको

**प्रस्थान ४ः१९-२३ः** मोशा मिद्यान देशमा भागेर गएका चालीस वर्ष पूरा भए। अब तिनी परमेश्वरको आज्ञाअनुसार र येत्रोको आशीर्वाद लिएर मिस्र देशमा फर्के। तिनकी पत्नी सिप्पोरा थिइन् भने, तिनका छोराहरू गेर्शोम र एलिएजर थिए (प्रस्थान १८ः२-४)। अनि प्रस्थान ४ः२ पदमा उल्लेख गरिएको मोशाको हातमा भएको लट्ठीचाहिँ प्रस्थान ४ः२० पदमा आएर परमेश्वरको लहुरो बन्छ। परमेश्वरले असाधारण काम गर्नेको निम्ति साधारण थोकहरू प्रयोग गर्नुहुन्छ, ताकि यो काम परमेश्वरको शक्तिको फल हो भन्ने कुरा सबैलाई थाह भएको होस्। जुन आश्चर्यकर्महरू परमेश्वरले मोशालाई फाराओको सामु गर्न लगाउनुभयो, यी आश्चर्यकर्महरू पालैसँग मिस्रीहरूमाथि आइलागेका विपत्तिहरू थिए। परमेश्वरले फाराओको हृदय कठोर तुल्याउनुभयो; तर यसभन्दा पहिले यी अत्याचारी शासकले आफैलाई कठोर पारेका थिए।

*'... अनि तैंले उसलाई जान दिन इन्कार गरिस् भने हेर, म तेरो छोरा, तेरो जेठा छोरालाई मार्नेछु।'* यस सिलसिलामा बुझ्नुहोस्ः कहिलेकाहीं 'पहिले जन्मेका' भन्नाले शारीरिक जन्मको अनुक्रममा पहिलो भएको छोरालाई सङ्केत गर्छ। तर यहाँ, यस ठाउँमा यस शब्दले जेठा छोराले ओगट्ने आदरको स्थानको अर्थ लिन्छ, जुन आदरको स्थान जेठा छोराको जन्मसिद्ध अधिकार हो। यदि फाराओ परमेश्वरको आज्ञाप्रति अनाज्ञाकारी भएको खण्डमा उनको जेठा छोरा मारिनेथियो। यो उनको निम्ति परमेश्वरको गम्भीर चेताउनी थियो।

**प्रस्थान ४ः२४-२६ः** तर परमेश्वरको सन्देश प्रचार गर्नुभन्दा पहिले मोशा आफैले आज्ञाकारिताको पाठ सिक्नुपरेको थियो। तिनले आफ्नो छोराको खतना गर्न भुले, कुनचाहिँ छोराको ? गर्शोम कि एलिएजरको। हुन सक्छ, यो अनाज्ञाकारिता सिप्पोराले तिनलाई यसो गर्नदेखि रोकेको फल थियो, कि कसो हो ? जब परमेश्वरले मोशालाई मार्न खोज्नुभयो, (हुन सक्छ, एउटा डरलाग्दो

रोगद्वारा), तब सिप्पोरा क्रोधित भइन् र आफ्ना पतिको प्राण बचाउन हतारसँग त्यस छोराको खतना गरिहालिन्। यस अवसरमा यिनले मोशालाई 'रगतको पति'को नाम दिइन्। यस घटनाको कारणले, साथै सिप्पोरामा स्पष्ट देखिएको अविश्वासको खातिर मोशाले यिनलाई आफ्ना दुईजना छोराहरूको साथमा माइत पठाए होलान् (प्रस्थान १८ः२-३)।

**प्रस्थान ४ः२७-३१ः** मोशा मिस्र देशमा फर्किरहेको बेलामा हारून तिनलाई भेट्न निस्केर आए। उनीहरू दुवैजना इस्राएली-हरूको सामु उभिए, र परमप्रभुले उनीहरूलाई भन्न लगाउनुभएको सन्देश तिनीहरूलाई सुनाइदिए। अनि परमप्रभुले मोशालाई दिनुभएका तीनवटा चिन्हहरूद्वारा उनीहरूले सो सन्देशलाई सुनिश्चित गराए। यसकारण यहूदी मानिसहरूले उनीहरूको सन्देश विश्वास गरेर परमप्रभुलाई दण्डवत् गरे।

# खण्ड ४

## प्रस्थान ५ः१-७ः१३ः मोशा दुई पल्ट फाराओसँग जुधे

### क) प्रस्थान ५ः१-७ः६ः पहिलो सामना

**प्रस्थान ५ः१ः** अघि परमेश्वरले मोशालाई फाराओकहाँ गएको बेलामा बूढ़ा प्रधान-हरूलाई साथमा लैजाने आदेश दिनुभएको थियो (प्रस्थान ३ः१८)। अनि अन्तराल समयमा परमप्रभुले हारूनलाई मोशाको निम्ति प्रवक्ताको रूपमा नियुक्त गर्नुभयो (प्रस्थान ४ः१४-१६)। यसकारण हारून यहाँ आएर बूढ़ा प्रधानहरूको स्थानमा मोशासँग गए। फाराओको निम्ति परमेश्वरको सन्देश सुस्पष्ट थियोः *'मेरो प्रजालाई जान देऊ !'*

**प्रस्थान ५ः२-१४ः** जब मोशा र हारूनले फाराओको सामु तिनीहरूले उनलाई भन्नुपर्ने परमेश्वरको सन्देश सुनाइदिए, तब उनले तिनीहरूमाथि 'तिमीहरू काम गर्ने मानिस-हरूको निम्ति बाधा भएका' दोष लगाए। यसबाहेक उनले त्यही दिनदेखि इस्राएली-हरूलाई इँटा बनाउने काममा पराल दिने प्रबन्ध बन्द गरिदिए; अबदेखि उसो तिनी-हरूले इँटा पोल्नलाई परालको बन्दोबस्त आफूले गर्नुपरेको थियो, र पनि तोकिएको सङ्ख्यामा इँटा बनाउनुपरेको थियो। यसरी फाराओले यहूदीहरूको स्थिति कठिन र असम्भव तुल्याइरहेका थिए। यस घटनाले जर्मनीको निरङ्कुश शासक हिटलरको सम्झनाको आलो झलक दिलाउँछ, जसले नजरबन्दी-शिविरहरूमा यहूदीहरूमाथि ठूलो दुर्व्यवहार गरे।

परालको सट्टामा झ्यासहरू बटुल्न यहूदीहरू मिस्र देशको चारैतिर घुमे। हिब्रू भाषाको पाण्डुलिपिको लेखमा प्रयोग गरिएका शब्दहरूले के बताउँछन् भने, यी दमनमा परेका यहूदीहरूले कत्रो अवहेलना र निन्दाको सामना गर्नुपर्‍यो। यस विषयमा श्री आर. एलन कोलले यसो भनेका छन्ः

> 'परालको सट्टामा प्रयोग गरिनुपर्ने ती झ्यासहरू उपयुक्त थिएनन्, तर निक्कै खस्रा र सानाठूला हुन्थे।'[7)]

**प्रस्थान ५ः१५-२३ः** त्यस बेलासम्म इस्राएलीहरूले पराल पाइरहेका थिए। यो पराल कुन काममा आउँथ्यो त? तिनीहरूले त्यो पराल गिलो माटोको डल्लोमा मुछ्थे, र यसरी इँटाको बल बढ़ाउँथे; साथै इँटाहरू दाँचाहरूमा नटालिऊन्, तर सजिलोसित निस्कून् भन्ने हिसाबले प्रयोग गरिएका थिए। परालको अभावले इँटाको सङ्ख्या पुर्‍याउन नसकेको हुनाले यहूदी निरीक्षकहरूले पिटाइ

खाए। तिनीहरूले फाराओकहाँ गएर विरोध जनाए तापनि उनले तिनीहरूको कुनै ख्याले गरेनन्। तब यहूदीहरूले यसको निम्ति मोशालाई दोष्याए र मोशाले यो दोष परमप्रभुमाथि लगाइदिए। निस्सन्देह, बाहिरका मानिसहरूबाट हामीमाथि आइपरेको सतावटभन्दा परमेश्वरका जनहरूबाट उठेको विरोध सहनु धेरै कठिन हुन्छ।

**प्रस्थान ६ः१-१२ः** मोशाले आवेगमा बोलेका अनुचित शब्दहरूको प्रत्युत्तरमा परमप्रभुले आफ्नो दयामा तिनलाई जवाफ दिनुभयो। उहाँले मोशालाई यो निश्चयता दिनुभयो, कि फाराओले इस्राएलीहरूलाई स्वतन्त्रतामा छोड्नुपर्ने नै थियो; किनभने परमेश्वरको सामर्थी हात उनीमाथि पर्नेथियो, र उनलाई बाध्य तुल्याउनेथियो। त्यसपछि परमेश्वरले मोशालाई याद दिलाउनुभयो, कि उहाँले आफूलाई तिनका पितापूर्खाहरूकहाँ प्रायः 'एल-शद्दाई' अर्थात् सर्वशक्तिमान् परमेश्वरको रूपमा प्रकट गर्नुहुन्थ्यो, अनि 'यहोवा'को नाममा होइन। 'यहोवा'चाहिँ करार कायम राख्नुहुने परमेश्वरको व्यक्तिगत नाम हो। तर अबचाहिँ यस ठाउँमा आएर उहाँले आफूलाई परमप्रभुको रूपमा प्रकट गर्नुहुनेथियो, एउटा नयाँ तरिकाले, अँ, आफ्नो नवीन शक्तिमा, आफ्ना जनहरूलाई छुटकारा प्रदान गरेर प्रकट गर्नुहुनेथियो। उहाँले एउटा करार बाँध्नुभएको थियो, अनि अब उहाँले यो करार पूरा गर्नुहुनेथियोः उहाँले तिनीहरूलाई मिस्र देशको दासत्वदेखि छुटकारा दिएर तिनीहरूलाई प्रतिज्ञाको देशमा पुऱ्याएर यो करार पूरा गर्न लाग्नुभएको थियो। तपाईंले प्रस्थान ६ः६-८ पदको खण्डमा दोहोरिएका सातवटा प्रथम पुरुषमा राखिएका 'गर्नेछु', 'दिनेछु' आदि क्रियाहरू-माथि ध्यान दिनुहोला। परमेश्वरको निम्ति 'परमप्रभु' भन्ने नाम अघि पनि लिइएको थियो, तर अबचाहिँ यहाँ आएर यस नामले एउटा नयाँ महत्त्व पाएको छ। यस खण्डमा 'मैले, म' भन्ने सर्वनाम पच्चीस पल्ट प्रयोग गरिएको कुरा तपाईंले याद पनि गर्नुहोला। यस कुराले बितेको समयमा उहाँले काम गर्नुभयो, वर्तमान समयमा उहाँले काम गरिरहनुभएको छ, र भविष्यमा पनि उहाँले काम गर्नुहुनेछ भन्ने कुरामाथि जोड़ दिन्छ। परमप्रभुले मोशालाई भन्न खोज्नुभएको कुरा तिनले बुझ्न सकेनन् जस्तै छ; किनकि अझ पनि तिनको ध्यान आफ्नै अयोग्यतामाथि केन्द्रित थियो। तर परमेश्वरले तिनलाई अझै आश्वासन दिलाउनुभएपछि तिनी परमप्रभुको आज्ञाप्रति आज्ञाकारी बने (प्रस्थान ७)।

अब खतना नभएका ओठहरूको कुरा आयोः प्रस्थान ६ः१२ र ३० पदमा खतना नभएका ओठहरूबाट भकभकिँदै बोल्दै गरेको बोली बुझिन्छ। यसर्थ मोशाले यसो भनेकोमा आफैलाई एउटा कुशल वक्ता सम्झेका थिएनन्।

**प्रस्थान ६ः१३-३०ः** चौध पददेखि पच्चीस पदसम्म प्रस्तुत गरिएको वंशावली-चाहिँ याकूबका पहिले जन्माएका तीनजना छोराहरूमा, अर्थात् रूबेन, शिमोन र लेवीमा सीमित रहेको छ। प्रस्थानको पुस्तकको लेखकले सम्पूर्ण वंशावली दिन खोजेनन्, तर मोशा र हारूनसम्म गएको वंशक्रम प्रस्तुत गर्न चाहे। यसकारण रूबेन र शिमोनको एक-एक वंश एकै वाक्यमा सिद्ध्याएर तिनी लेवीकहाँ आए, अर्थात् पूजाहारीहरूको कुलकहाँ आइपुगिहाले।

**प्रस्थान ७ः१-५ः** 'फाराओले मजस्तै राम्ररी बोल्न नसक्ने मानिसको कुरा कसरी सुन्लान्' भन्ने विषयमा मोशाले निक्कै चिन्ता गरेका थिए। हामीले यो कुरा छ अध्यायको अन्तमा देख्यौं। तर परमप्रभुको प्रत्युत्तर यस प्रकारको थियोः मोशा परमेश्वरको प्रतिनिधिको रूपमा फाराओको सामु उभिनु-पऱ्यो। मोशाले भन्नुपर्ने सन्देश हारूनलाई

भन्नेथिए, र हारूनले सो सन्देश फाराओलाई सुनाउनेथिए। तर फाराओले परमेश्वरको सन्देश सुन्न इन्कार गर्नेथिए; यसो भए पनि परमेश्वरले जसरी पनि आफ्ना जनहरूलाई छुटकारा दिनुहुनेथियो।

**प्रस्थान ७ः६ः** मोशाको उमेर असी वर्षको थियो भने, हारूनको उमेर त्रियासी थियो; यति बेलामा तिनीहरूको छुटकाराको महान् सेवकाइ शुरु भयो। यसकारण हे दाजु, हे दिदीहरूहो, बुझ्नुहोस्ः जुन उमेर हिजोआज 'वृद्धावस्था' भनिन्छ, त्यस वृद्ध उमेरमा पनि परमेश्वरले तपाईंलाई उहाँको महिमाको निम्ति चलाउन सक्नुहुन्छ।

### ख) प्रस्थान ७ः७-१३ः दोस्रो सामना

फाराओले आफूमाथि र तिनका मानिसहरूमाथि आइपर्ने विपत्तिहरूको विषयमा पूर्व चेताउनी पाउँदैथिए। जब हारूनले आफ्नो लहुरो फाराओ र तिनका भारादारहरूको सामु फ्याँकिदिए, त्यो लहुरो एउटा साँप बन्यो, तब फाराओका जादुगर र टुनामुना गर्नेहरूले पनि शैतानिक शक्तिद्वारा यही आश्चर्यकर्म नकल गर्न सके। अनि २ तिमोथी ३ः८ पदबाट हामी के सिक्छौं भने, मिस्रका यी जादुगरहरूका नाम यान्नस र याम्ब्रस थिए। यी दुईजनाले मोशा र हारूनको नकल गरेर परमेश्वरको काममा बाधा पुऱ्याए; तर हारूनको लहुरोले यिनीहरूका लट्ठीहरू निलिदियो। परमेश्वरले फाराओको हृदय कठोर पार्नुभयो, यस कुरामा उहाँ मतलबी हुनुभएको होइन, तर फाराओले आफ्नै हठीपनको फसल काटेछन्। अब समय पूरा भयोः पहिलो विपत्ति आउनै लागेको थियो।

# खण्ड ५

## प्रस्थान ७ः१४-१०ः२९ः मिस्र देशमाथि आइपरेका दस विपत्तिहरूमा पहिला नौवटा विपत्तिहरू यस प्रकारका छन्ः

### क) ७ः१४-२५ः पहिलो विपत्तिः नील नदीको पानी रगतमा परिणत भएको

**प्रस्थान ७ः१४-१८ः** परमप्रभुले मोशालाई के आदेश दिनुभयो भने, फाराओ नील नदीको किनारातर्फ गइरहेको बेलामा मोशाले तिनलाई त्यहीं भेट्नुपर्छ। (हुन सक्छ, फाराओ पवित्र नील नदीमा स्नान लिन गए)। मोशाले फाराओलाई दिनुपर्ने चेताउनी यस प्रकारको थियोः मोशाको हातमा भएको लहुरोले नील नदीको पानी रगतमा परिणत गर्नेछ र सबै माछाहरू मर्नेछन्, नदीको पानीले दुर्गन्ध फैलाउनेछ र मिस्रीहरूको निम्ति यो नदी घिनलाग्दो बनिनेछ।

**प्रस्थान ७ः१९-२५ः** मोशा र हारूनले परमेश्वरले तिनीहरूलाई आज्ञा गर्नुभएअनुसार गरे। तिनीहरूले त्यो लहुरो नील नदीदेखि लिएर मिस्र देशका जलस्रोतहरूमाथि पसारे। नील नदीको पानी र मिस्रमा भएका अरू नदी, खोला, पोखरी, धारा इत्यादि सबै जलाशयहरू रगतमा परिणत भए; र सबै माछाहरू मरे, र नील नदी गनाउन थाल्यो। नील नदीको पानी होइन, तर अरू कुनै ठाउँमा भएको पानी रगतमा परिणत गरेर मिस्री जादुगरहरूले यस आश्चर्यकर्मको पनि नकल गरे। यस कुराले फाराओलाई मोशाको माग

पूरा नगर्ने, तर बरु इस्राएलीहरूलाई छोड़िदिने कुरामा बाधा पुऱ्याउन उत्साहित तुल्यायो। सात दिनसम्म नील नदीको पानी दूषित थियो; त्यस बेलामा मिस्रीहरूले नील नदीको वरिपरि खनेर पानी खोज्नुपऱ्यो।

**ख) प्रस्थान ८:१-१५: दोस्रो विपत्तिः भ्यागुताहरू**

मिस्र देशभरि भ्यागुतैभ्यागुता भएको विपत्तिले फाराओलाई निक्कै विचलित पाऱ्यो; किनकि तिनको कठोर मन कोमल हुन लागेको देखिन्छ। तर जब तिनले मोशालाई 'यो विपत्ति हटोस्' भन्ने विन्ती गरे, तब मोशाले तिनलाई यसो भनेः 'ममा गर्व गर्नुहोस्! तपाईंको पक्षमा, तपाईंका कर्मचारीहरू र तपाईंका मानिसहरूको पक्षमा "ती भ्यागुताहरू तपाईंबाट र तपाईंका घरहरूबाट नाश गरिऊन्" भनेर म कहिले विन्ती चढ़ाऊँ, र ती भ्यागुताहरू यस नदीभित्र मात्र रहून्?'

यी जादुगरहरू पनि भ्यागुताहरू बनाउनुमा सफल भए। तर के, के मिस्र देशमाथि आएका भ्यागुताहरू अझै पर्याप्त थिएनन् र? यिनीहरूले शैतानिक शक्तिद्वारा यो अचम्मको काम गरे। तर मिस्रीहरूले ती भ्यागुताहरू नाश गर्ने आँटै गरेनन्; किनकि तिनीहरूको विश्वासअनुसार भ्यागुता प्रजनन देवताको रूपमा पुजिन्थ्यो। भोलिपल्ट सबै भ्यागुताहरू मरे, र देश ह्वासह्वासती गनायो। अनि फेरि एक पल्ट बढ़ी फाराओले आफ्नो हृदय कठोर बनाए।

**ग) प्रस्थान ८:१३-१९: तेस्रो विपत्तिः जुम्राहरू**

जमिनको धूलो भुसुना वा जुम्राहरूमा परिणत भएकोचाहिँ तेस्रो विपत्ति थियो। यसपालि यी जादुगरहरूले धूलोबाट भुसुना/जुम्राहरू निकाल्न सकेनन्; यसकारण यिनीहरूले मोशा र हारूनमा आफूभन्दा महान् शक्तिले काम गरेको कुरा स्वीकार गरेर फाराओलाई यसको विषयमा चेताउनी दिए; तर तिनले आफ्नो हठमा चल्न छोड़ेनन्। तिनले आफ्नो हृदय जति कठोर पारे, त्यति नै परमेश्वरले तिनको मन कठोर पारिदिनुभयो।

**घ) प्रस्थान ८:२०-३२: चौथो विपत्तिः हूलैहूल डाँसहरू**

**प्रस्थान ८:२०-२४:** यसकारण परमेश्वरले हूलैहूल डाँसहरू पठाउनुभयो। योचाहिँ चौथो विपत्ति हो। के.जे.वी. र एन.के.जे.वी.-बाइबलमा अनुवादकहरूले हूलैहूल डाँसहरू लेख्दाखेरि *डाँसहरू* भन्ने शब्द *इटालिक*मा लेखे। यसर्थ हिब्रूको शब्दको अक्षरशः अनुवाद 'हूलैहूल' मात्र हुन्छ र डाँसहरू भन्ने शब्द अनुवादकहरूद्वारा थपिएको शब्द हो। यसो हो भने, हुन सक्छ, यहाँ 'हूलैहूल' गरी अनुवाद भएको शब्दले विभिन्न जातका उड्ने कीराहरू सङ्केत गरेको होला। अनि यो कुरा पनि हामी याद गरौंः प्रायः सबै विपत्तिहरूले मिस्र देशका देवी-देवताहरूलाई निशान गरे; किनभने नील नदीदेखि लिएर सबका सब पशुप्राणी मिस्री देवीदेवताको रूपमा मानिन्थे। यसकारण यहाँ, यस ठाउँमा साङ्लो कीरा बढ़ी सम्भव भएको देखिन्छ। हुन सक्छ, यस विपत्तिद्वारा मिस्रीहरूले पवित्र मानेको खेप्री नामक गोब्रे कीरालाई तारो बनाइएको थियो होला। [8)]

**प्रस्थन ८:२५-३२:** फाराओ यहाँसम्म झुके, कि तिनले इस्राएलीहरूलाई मिस्र देशभित्र परमेश्वरको निम्ति बलिदान चढ़ाउने अनुमति दिए। तर यति काफी हुँदैनथियो; किनभने इस्राएलीहरूले जुन पशुहरू बलिदान गर्नेथिए, ती पशुप्राणीहरू मिस्रीहरूका देवीदेवताहरू पो थिए। अनि यसले गर्दा निस्सन्देह मिस्रीहरूको बीचमा हूलदङ्गा

मच्चिनेथियो। यसकारण फाराओले अर्को छुट दिएः ठीक छ, यहूदीहरू नजिकको उजाड़स्थानमा बलिदान चढ़ाउन सक्ने भए। तर यो पनि तिनीहरूको निम्ति सन्तोषजनक थिएन; किनकि परमेश्वरले इस्राएलीहरूलाई पर, तीन दिने यात्राको बाटो जानू भन्ने आज्ञा गर्नुभयो। अनि मिस्र देशले यस विपत्तिबाट छुटकारा पाउनेबित्तिकै फाराओले आफ्नो निर्णय बदली गरे र इस्राएलीहरूलाई जान दिएनन्।

### ङ) प्रस्थान ९:१-७ः पाचौं विपत्तिः गाईवस्तुमाथि कष्टदायक महामारी

पहिले परमेश्वरले फाराओलाई चेताउनी दिनुभयो; त्यसपछि उहाँले एउटा भयानक रूढ़ी पठाउनुभयो। सम्भव छ, कि यो 'एन्ट्रआक्स' (anthrax), एक प्रकारको दण्डाणु थियो होला; यस नाशक कीटाणुले मिस्रीहरूका सबै पाल्तु पशुहरू मार्‍यो। तर इस्राएलीहरूका पशुप्राणीहरूमाथि यस रूढ़ीको प्रभाव परेन। यो एउटा भेदभावी न्याय थियो, जुन कुरा कुनै हालतमा पनि प्रकृतिको खेल भन्न सकिँदैन। प्राकृतिक ज्ञानवादको आधारमा यी विपत्तिहरूको स्पष्टीकरण दिन खोज्ने सबै प्रयासहरू चक्नाचूर भए। याद रहोस्ः मिस्रीहरूका सबै पशुप्राणीहरू मरेनन्, किनभने प्रस्थान ८:१९ पदमा तिनीहरूसँग अझै पनि कुनै न कुनै पशु भएका रहेछन्। अनि पछि निस्तारको रातमा मिस्रीहरूका पहिला जन्मेका कति पशुहरूको मृत्यु पनि भएको हो (प्रस्थान १२:२९[ख])। अनि फेरि यसो लेखिएको छः फाराओका भारादारहरूका केही पशुप्राणीहरू घरहरूभित्र हुलिएका थिए (प्रस्थान १२:२०)। यसकारण बुझ्नुहोस्ः छ पदमा भनिएका 'सबै' पशुप्राणीहरूको वाक्यांशको अर्थ 'बाहिर मैदानमा भएका जति सबै' हुनुपर्ला। साँढ़भेड़ा, बोका र साँढ़े – यी तीनवटा पशुहरू मिस्रीहरूको निम्ति पवित्र मानिन्थे। तर अहिले चाहिँ के भयो ? ती सबै पशुहरूका सिनुले मिस्र देशको वातावरण प्रदूषित बनाइदिए।

### च) प्रस्थान ९:८-१२ः छैटौं विपत्तिः पिलाहरू उब्जाउने भतभती पोल्ने खटिरा

फाराओले आफैलाई झन् बढ़ी कठोर बनाएका हुनाले परमेश्वरले खरानी मिस्र देशका मानिस र पशुप्राणीहरूमाथि पिला र खटिरामा परिणत गर्नुभयो। यसपालि यस विपत्तिले ती जादुगरहरूलाई पनि प्रभावित पार्‍यो। फाराओले आफ्नो हृदय जति कठोर बनाए, परमेश्वरले त्यति नै तिनलाई कठोर तुल्याउनुभयो। यसलाई न्यायरूपी कठोरता भनिन्छ।

### छ) प्रस्थान ९:१३-३५ः सातौं विपत्तिः असिना र आगो

आउनुहोस्, हामी चौध पद पढ़ौं, जहाँ यसो लेखिएको छः *'किनभने यसपालि म आफ्ना सबै विपत्तिहरू तेरो हृदयमाथि, तेरा कर्मचारीहरू र तेरो प्रजामाथि पठाउनेछु।'* यहाँ, यस ठाउँमा 'मेरा सबै विपत्तिहरू' भन्नाले अब परमेश्वरका विपत्तिहरू सम्पूर्ण शक्तिको साथ तिनीमाथि आइपर्नेछन्। फाराओलाई याद रहोस्ः परमप्रभुको इच्छा भएको भए उहाँले आउन लागेको रूढ़ीद्वारा तिनलाई र तिनको साथमा सबै मिस्रीहरूलाई नाश पार्न सक्नुहुनेथियो; तर उहाँले यसो गर्नुहुनेछैन, किनकि तिनमा उहाँको असीम शक्ति र सामर्थ्यको प्रदर्शन अझ हुनुपर्छ, जसले गर्दा उहाँको महिमित नाम सबै मानिसहरूले जान्न पाउनेछन्। प्रस्थान ९:१६ पदमा फाराओ अघिबाट नाश हुनको निम्ति ठहरिएका थिए भन्ने अर्थ निकाल्नको निम्ति कुनै ठावैं छैन। परमेश्वरद्वारा कोही सम्पूर्ण

रूपले परित्यक्तता हुँदैन। परित्यक्तवाद बाइबलीय शिक्षा होइन। अनि फाराओको विषयमा चाहिँ? परमप्रभुले तिनलाई एउटा नमुना तुल्याउनुभयो। परमेश्‍वरको शक्तिको सामना गर्ने मानिसलाई के-के हुनेछ, सो देखाउनलाई उहाँले तिनलाई उदाहरण बनाउनुभयो (रोमी ९:१६-१७)।

अब आयो सातौं विपत्तिः असिना पर्नेथियो र गर्जनको साथ विजुली चम्किनेथियो। यस विपत्तिले के मानिस, के पशुप्राणी, के रूखपात, के कटनी हुन लागेको जौ – यी सबका सबलाई चुट्यो (प्रस्थान ९:३१-३२)। तर गहुँ र कठिया-गहुँका खेतीहरू असिनाले चुटिएनन्; किनकि यी अन्नबालीहरूको समय भएको थिएन। गोशेनमा बसोबास गरेका इस्राएलीहरूलाई यस विपत्तिले छोएन। फाराओको अनुरोधमा मोशाले परमेश्‍वरलाई अन्तर्विन्ती गरे, र यो विपत्ति थामियो। तर ठीक मोशाले आशा गरेअनुसार भयोः फाराओले इस्राएलीहरूलाई कहाँ छोड़िदिनेथिए र? तिनी आफ्नो संकल्पमा झन् सुदृढ़ रहे।

**ज) प्रस्थान १०:१-१०ः आठौं विपत्तिः सलहहरू**

मोशा र हारूनले फाराओलाई आइपर्न लागेका सलहहरूको विपत्तिको बारेमा चेताउनी दिए; तर तिनले इस्राएलीहरूमध्ये पुरुषहरूलाई मात्र परमेश्‍वरको चाड़ मनाउन जाने अनुमति दिए। तिनीहरूका पत्नीहरू र छोराछोरीहरू मिस्र देशमा रहनुपर्नेथियो। तर तिनीहरूका परिवारहरू मिस्र देशमा छोड़िएका र तिनीहरूका पुरुषहरू मात्र उजाड़स्थानमा गएका परमेश्‍वरले चाहनुभएन। यसपालिको विपत्ति अघि कहिल्यै नभएको कड़ाभन्दा कड़ा थियो। देशभरि सबैतिर सलह-सलह थिए, जसले हरियापरिया सबै खाइहाले। यस कुराले सुस्पष्ट पार्‍योः मिस्रीहरूले पुजिरहेको 'सेरापिस' नामक देवता तिनीहरूको फसल सलहको प्रकोपदेखि बचाइराख्न शक्तिहीन भएको रहेछ। फाराओ हार स्वीकारेझैं देखा त परे, तर तिनले अझ पनि इस्राएलीहरूलाई जान दिएनन्।

**च) प्रस्थान १०:२१-२९ः नवौं विपत्तिः तीन दिनसम्म छाएको घनघोर अन्धकार**

**प्रस्थान १०:२१-२८ः** नवौं विपत्तिः तीन दिनसम्म मिस्र देशमाथि घनघोर अन्धकार भयो, यस्तो अन्धकार, जुनचाहिँ छाम्न सकिन्थ्यो। इस्राएलीहरूले बसोबास गरेका ठाउँहरूमा मात्र उज्यालो रहेको थियो। यो एउटा प्रत्यक्ष आश्‍चर्यकर्म थियो। मिस्रीहरूले पुजेको सूर्य-देवता 'रा'को भेद खोलिएको छ, जो परमेश्‍वरको असीमित र अलौकिक शक्तिको अघि केही पनि गर्न नसक्ने नपुंसक पो भएछ। यसपालि फाराओले मोशालाई सबै स्त्रीहरू र छोराछोरीहरूको साथमा उजाड़स्थानमा लैजाने अनुमति दिए; तर तिनीहरूसँग भएका गाईवस्तु र अरू पशुधनचाहिँ तिनले तिनीहरूलाई लैजान दिएनन्। (हुन सक्छ, तिनले तिनीहरूका बगालबाट आफ्नो क्षतिको पूर्ति गर्न चाहे, कि कसो हो?) तर यसो गर्नाले इस्राएलीहरूसँग परमप्रभुको निम्ति बलि चढ़ाउने पशुहरूको अभाव हुनेथियो; अनि तिनीहरूले मिस्र देश छोड्नुपर्ने मुख्य कारण बलिहरू चढ़ाउने त्यो यज्ञ थियो। जब मोशाले फाराओद्वारा पेश गरिएको मागसँग सम्झौता गर्न अस्वीकार गरे, तब फाराओले उनलाई आफ्नो उपस्थितिबाट सधैंको निम्ति निकालिदिए।

**प्रस्थान १०:२९ः** *'तपाईंले बिलकुल ठीक भन्नुभएको छ; किनभने म तपाईंको मुख फेरि कहिल्यै देख्नेछैनँ।'* तब हामी यो कुरा प्रस्थान ११:८ पद लेखिएको कुरासित कसरी

मिलाऔं त ? जहाँ यसो लेखिएको छः *'तब अति क्रोधित भएका मोशा फाराओको सामुदेखि निस्के।'* श्री मेथ्यू हेन्रीले यस सम्बन्धमा निम्न सुझाव दिएका छन्ः

'फेरि ... कहिल्यै' भन्ने शब्दको अर्थ 'यस समयपछि' पनि हुन सक्छ; अनि यी शब्द-हरूले ११ः८ पदमा उल्लेख गरिएको भेटघाट पनि समेट्छन्। उनले आफ्नो टिप्पणीमा यसो लेखेका छन्ः

> 'यसो भन्नुको मतलब यही हो, कि यस अन्तर्वार्तापछि मोशा फाराओको सामु फेरि आएनन्, तिनले उनलाई नबोलाएसम्म फेरि आएनन्। अनि यो कुरा ख्याल गर्नुहोस्ः जब मानिसहरूले परमेश्वरको वचन आफूबाट पूरा वञ्चित गर्ने गरी अस्वीकार गर्छन्, तब उहाँले तिनीहरूलाई तिनीहरूकै भ्रमहरूमा छोड़िदिनुहुन्छ र तिनीहरूका असंख्य मूर्तिहरूअनुसार तिनीहरूसँग व्यवहार गर्नुहुन्छ। जब गादारेनी-हरूले येशू ख्रीष्टलाई आफ्नो सिमानादेखि निस्केर जानुहोस् भनेर विन्ती गरे, तब उहाँले तत्कालै तिनीहरूलाई छोड़िदिनुभयो।' [9]

# खण्ड ६

## प्रस्थान ११ः१-१२ः३०ः निस्तारको स्थापना र मिस्रीहरूका पहिले जन्मेकाहरूको मृत्यु

**प्रस्थान ११ः१-१०ः** याद रहोस्ः मोशा अझै पनि फाराओको उपस्थितिमा छँदैथिए। अनि प्रस्थान ११ः४-८ पदको खण्डमा उनले अझ मिस्रका राजासँग कुरा गरिरहे। अनि यस अध्यायका पहिला तीन पदहरूचाहिँ ? पहिला तीन पदहरू हामी बीचमा आएर हालिएको कोष्ठबद्ध लेख सम्झिनु उचित होला। दसौं, अन्तिम विपत्ति अझ बाँकी नै थियो। यसमाथि मध्यनजर राखेर परमेश्वरले मोशामार्फत इस्राएलीहरूलाई निम्न कुरा भन्न लगाउनुभयोः तिनीहरूले मिस्रीहरूबाट सुन-चाँदीका गरगहनाहरू पैंचो लिनु होइन, तर माग्नुपर्‍यो।

त्यसपछि मोशाले फाराओलाई निम्न चेताउनी दिएः 'निर्धारित समयमा अर्थात् त्यस महिनाको चौधौं दिनको मध्यरातमा मिस्रीहरूका सबै पहिले जन्मेकाहरू मारिनेछन् (प्रस्थान १२ः६); अनि यस विपत्तिले इस्राएलीहरूलाई प्रभावित पार्नेछैन; तर मिस्री अधिकारीहरूले आफूमाथि आइपरेको विपत्तिको कारणले इस्राएलीहरूको सामु झुक्नेछन् र "तिमीहरू झट्टै र सबैजना मिस्र देश छोड़ेर जाओ" भन्ने विन्ती चढ़ाउनेछन्।' यो भनेपछि मोशा ठूलो क्रोधको आवेगमा फाराओको महलदेखि निस्केर गए। यसपल्ट पनि चेताउनी बहिरो कानमा पर्‍यो; अनि परमेश्वरले फाराओको हृदय अझ कठोर पारिदिनुभयो।

**प्रस्थान १२ः१-१०ः** परमप्रभुले मोशा र हारूनलाई निस्तारको तयारीको निम्ति इस्राएलीहरूले पालन गर्नुपर्ने एक-एक विधिको विषयमा निर्देशनहरू दिनुभयो। निश्चय नै यो भेड़ाको पाठोचाहिँ प्रभु येशू ख्रीष्टको प्रतीक हो (१ कोरिन्थी ५ः७)। यो पाठो खोटरहितको हुनुपरेको थियो, किनभने ख्रीष्ट येशू पापरहित हुनुहुन्थ्यो; यो पाठो एक वर्षे नर हुनुपरेको थियो; किनकि हाम्रा प्रभुको मृत्यु उहाँको जीवनको बैंसालु अवस्थामा भएको हो। यो पाठो त्यही महिनाको चौधौं दिनसम्म राखिनुपर्ने कुराले मुक्तिदाता प्रभुले नासरतमा बिताउनुभएका तीस वर्षको अवधि बुझाउँछ, जुन अवधिमा परमेश्वरले उहाँलाई जाँच्नुभयो, र त्यसपछि उहाँ तीन वर्षसम्म मानिसहरूद्वारा सार्वजनिक रूपले जाँचिनु-भयो; अनि यो पाठो इस्राएली समुदायद्वारा

मारिनुपरेको थियो; किनभने ख्रीष्ट येशू अधर्मीहरूको हातद्वारा लगिनुभयो र मारिनुभयो (प्रेरित २:२३)। यो पाठो बेलुकीपखमा अर्थात् दिनको नवौं र एघारौं घण्टाको बीचमा मारिनुपरेको थियो; किनभने प्रभु येशू पनि बेलूकीपखमा नवौं घड़ीमा मारिनुभयो (मत्ती २७:४५-५०)। यस पाठोको रगतले मृत्युको दूतबाट बचाउनु हो भने, त्यो रगत तिनीहरू बसेको घरको ढोकामा लगाउनुपरेको थियो (प्रस्थान १२:७); ठीक त्यस्तै ख्रीष्ट येशूको रगतले हामीलाई पाप, अहम् र शैतानबाट बचाउनु हो भने, मानिसहरूले विश्वासद्वारा ख्रीष्ट येशूको रगत अपनाउनुपर्छ। यस निस्तारको पाठोको मासु आगोमा पोल्नुपरेको कुराले के देखाउँछ भने, हाम्रा पापहरूको विरुद्ध उठेको परमेश्वरको क्रोध ख्रीष्ट येशूले आफ्नो शरीरमा सहनुपर्‍यो। त्यसपछि इस्राएलीहरूले यस पाठोको मासु खमीर नहालेका रोटीहरू र तीतो सागसँग खानुपर्थ्यो; किनभने यसको मतलब यही थियो: ख्रीष्ट येशू आफ्ना जनहरूको निम्ति भोजन हुनुहुन्छ। हामीले खमीररूपी वैरभाव र दुष्टता त्यागेर साँचो पश्चातापसहित इमानदार र सत्य जीवन जिएर सधैं ख्रीष्ट येशूले सहनुभएको तिक्त कष्टको सम्झना गर्नुपर्छ। निस्तारको पाठोको कुनै पनि हड्डी भाँचिनुहुँदैनथियो (प्रस्थान १२:४६); किनभने हाम्रा प्रभुको एउटै हड्डी पनि भाँचिएन (यूहन्ना १९:३६)। प्रभु येशूमा यो कुरा अक्षरशः पूरा भयो।

**प्रस्थान १२:११-२०:** यात्रा गर्न तयार भएका मानिसहरूले सबैभन्दा पहिलो निस्तारको नियम पालन गरे। यस तथ्यले हामीलाई के याद दिलाउँछ भने, हामी निक्कै लामो यात्राको निम्ति निस्किरहेका यात्रीहरू हौं; यसैले हामी हल्का भएर नै यो यात्रा गर्नुपर्छ। अनि निस्तारको नाम कहाँबाट आयो? किनभने निस्तारको पाठोको रगत लगाइएका सबै घरहरूको कुनै पनि हानि नगरी परमप्रभु छोड़िजानुभयो। तर निस्तारको अर्थ केवल 'कसैको छेउबाट भएर जानु' होइन, जसरी श्री आर. एलन कोलले यसरी स्पष्ट पारेका छन्:

> 'अब हिब्रू भाषाको कुरा आयो: "पेसक" भन्ने शब्दको रचना केही निश्चित कुरा भन्न नसके ता पनि हामी यहाँ भन्न सक्छौं, कि इस्राएलीहरूको निम्ति "पेसक"को अर्थ सधैं सुस्पष्ट हुन्थ्यो, र "कसैलाई छोड़ेर जानु" वा "नाघेर जानु"चाहिँ यसको खास अर्थ हो; अनि यो छोड़ेर जाने काम परमेश्वरले इतिहासमा एकपल्ट पूरा गर्नुभयो, जब उहाँले मिस्र देशमा इस्राएलीहरूलाई कुनै पनि हानि नगरीकन छोड़िराख्नुभयो।' [10)]

इस्राएलीहरूको धार्मिक पात्रोअनुसार निस्तारको स्थापनाचाहिँ तिनीहरूको वर्षको पहिलो महिनाको चौधौं दिनमा हुनुपरेको थियो (प्रस्थान १२:२)। अनि निस्तार-चाड़सँगसँगै अभिन्न अङ्गको रूपमा अखमिरी रोटीहरूको चाड़ पनि जोड़िएको थियो। निस्तारको स्थापनाको रातमा इस्राएलीहरूले यति हतारसँग मिस्र देश छोड़े, कि तिनीहरूसँग भएको मुछेको पीठोले खमिरे हुने समय पाएको थिएन (प्रस्थान १२:३४-३९)। यसको सिलसिलामा तिनीहरूले पछि हरेक वर्षमा सात दिनसम्म यो अखमिरी रोटीहरूको चाड़ मनाउँदा तिनीहरूले कति चाँड़ो गरी मिस्र देश छोड़ेको सम्झना गर्नुपर्नेथियो। तर खमीर पापको प्रतीक हो; यसकारण निस्तारको पाठोको रगतद्वारा छुटकारा पाएकाहरूले पाप र संसारलाई पछाड़ि छोड़ेर त्याग्नुपर्नेथियो; यो तिनीहरूको आलो स्मरण रहिरहोस्! हरेक जसले यस पर्वको अविधि खमीर हालेको रोटी खान्थ्यो, त्यो इस्राएली समुदायबाट बहिष्कृत गरिनुपर्नेथियो; बहिष्कृत हुनुको मतलब यही थियो: यस्ताहरू यहूदी समाजबाट अलग र त्यस

समाजका सबै सुविधा र सौभाग्यहरूदेखि पनि वञ्चित हुन्थे। पवित्र बाइबलमा कुनै-कुनै सन्दर्भमा यस 'बहिष्कार' भन्ने शब्दले मृत्युदण्डको योग्य ठहऱ्याउने अर्थ लिन्छ।

**प्रस्थान १२ः२१-२७ः** अबचाहिँ मोशाले आफूले पाएका यी निर्देशनहरू इस्राएलीहरूका बूढ़ा प्रधानहरूलाई सुनाइदिन्छन्। घरको ढोकामा निस्तारको पाठोको रगत कसरी लगाउनुपर्छ, सो सम्बन्धमा यहाँ थप बेलीबिस्तारहरू उल्लेख गरिएका छन्। अनि त्यो हिसपचाहिँ? हिसपले हाम्रो व्यक्तिगत विश्वास चित्रण गर्छ, किनभने विश्वासद्वारा हामी ख्रीष्ट येशूको रगत व्यक्तिगत व्यवहारमा लगाउँछौं र त्यसका सबै आशिषहरू आफ्नो जीवनमा अपनाउँछौं। निस्तार-चाड़चाहिँ यी आउँदा पुस्ताका मानिसहरूको निम्ति, जसले यस चाड़का रीतिविधिहरूको विषयमा जानकारी पाऔं भनेर विन्ती गर्नेछन्, रगतको मोल तिरेर कमाइएको छुटकाराको शिक्षा दिने जग बन्दो रहेछ।

**प्रस्थान १२ः२८-३०ः** मोशाले चेताउनी दिएअनुसार यस मध्यरातमा मिस्र देशमाथि त्यो प्रहार आइलाग्यो। 'अनि मिस्र देशमा भारी चिच्च्याहट मच्चियो; किनकि कोही नमरेको कुनै घरै थिएन।' अन्तमा, इस्राएलीहरूले मिस्र देश छोड़ेर जान पाए।


# खण्ड ७

## प्रस्थान १२ः३१-१४ः२१ः मिस्र देशबाट इस्राएलीहरूको प्रस्थान

### क) प्रस्थान १२ः३१-१३ः२२ः इस्राएलीहरू लाल समुद्रतर्फ भागेका

**प्रस्थान १२ः३१-३७ः** यहाँ यस एकतीस पदको विषयमा बुझ्नुहोस्ः मोशा र फाराओको बीचमा कुनै व्यक्तिगत भेटघाट थिएन होला (प्रस्थान १०ः२९ पद हेर्नुहोस्)। किनभने सेवकले भनेको र गरेको श्रेय प्रायः मालिकलाई दिइन्छ। फाराओका कर्मचारीहरूले इस्राएलीहरूलाई 'कृपया देश छोड़ेर जानुहोस्' भनी विन्ती गर्नेछन् भन्ने पूर्व-जानकारी मोशाले अघिबाटै दिएका थिए (११ः८)।

*'तब इस्राएलीहरू राम्सेसबाट यात्रा शुरु गरेर **सुक्कोत** गए'* (प्रस्थान १२ः३७)। यो सुक्कोत भन्ने ठाउँ मिस्र देशको एउटा जिल्ला थियो। यसकारण यस ठाउँ र उत्पत्ति ३३ः१७ पदमा भनिएको पलिस्तीहरूको 'सुक्कोत' शहरको बीचमा अल्मलिनुहुँदैन। मिस्रीहरूले खुशीसाथ आफ्नो धनसम्पत्ति इस्राएलीहरूलाई दिएर तिनीहरूलाई जति सक्दो चाँड़ै मिस्र देशदेखि बिदा गर्न हतार गरे। यो धनसम्पत्तिचाहिँ यहूदीहरूको निम्ति तिनीहरूले फाराओलाई गरेको सेवाको क्षतिपूर्ति थियो। यस धनसम्पत्तिबाट इस्राएलीहरूले यात्रामा चाहिएका र परमेश्वरको सेवाको निम्ति चाहिएका सरसामानहरू पाए। स्त्रीहरू र केटाकेटीहरू लगायत प्रायः छ लाख पुरुषहरूले मिस्र देश छोड़े। पुरुषहरूको सङ्ख्या छ लाख तीन




इस्राएलीहरूले मिस्र देशदेखि कनान देशसम्म पूरा गरेको प्रस्थानको जम्मै यात्रा

हजार पाँच सय पचास थियो (प्रस्थान ३८:२६)। यसर्थ इस्राएलीहरूको जम्म जनसङ्ख्या बीस लाखजति भएको थियो होला।

**प्रस्थान १२:३८-३९:** प्रस्थानको मितिको विषयमा निक्कै विवाद चलेको छ। सामान्य अनुदार पन्थको धारणाअनुसार प्रस्थानको मिति ख्रीष्टपूर्व १४४० साल थियो। अरू विद्वान्हरू पनि छन्, जसले यसको मिति ख्रीष्टपूर्व १२९० सालतिर पारेका छन्। (यसको विषयमा बढ़ी जानकारी चाहेमा तपाईंले यस पुस्तकको परिचय हेर्नुहोला)। इस्राएलीहरूले मिस्र देश छोड्दा तिनीहरूसँग एउटा मिश्रित भीड़ अर्थात् विदेशीहरू पनि सँगसँगै निस्के। गन्ती ११:४ पदमा त्यो मिश्रित भीड़ फेरि देखा पर्छ; तर त्यस बेलामा यी मानिसहरूले परमप्रभु र उहाँको भलाइको विरोधमा गनगन गरिरहनेथिए।

**प्रस्थान १२:४०-४२:** अब चालीस पदमा दिइएको कलक्रमको कुरा आयोः यसको निम्ति उत्पत्ति १५:१३-१४ पदमा गरिएको टिप्पणी हेर्नुहोला। यहाँ बताइएको ४३० वर्षको अवधिचाहिँ इस्राएलीहरूले मिस्र देशमा बिताएका कुलसमय समेट्छ। यो त दिनाङ्क लगाइएको सठीक आँकड़ा हो। यस विषयमा महत्त्वपूर्ण कुरा के थियो भने, परमप्रभुले आफ्नो प्रतिज्ञा भुल्नुभएन, जुन प्रतिज्ञा उहाँले शताब्दीहरूभन्दा अघि दिनुभएको थियो। उहाँले आफ्ना जनहरूलाई मिस्र देशदेखि बाहिर निकालेर ल्याउनुभएकोमा आफ्नो प्रतिज्ञाको वचन पूरा गर्नुभयो। ठीक त्यस्तै, परमेश्वर आफूले हामीलाई हाम्रो मुक्तिको विषयमा दिनुभएको प्रतिज्ञाप्रति पनि ढिलाइसुस्ती गर्नुहुन्न (२ पत्रुस ३:९)। किनभने भविष्यको सुदिनमा मोशाको प्रतिरूप लिनुहुने प्रभु येशू ख्रीष्टले आफ्ना जनहरूलाई यस संसारदेखि निकालेर अनन्त प्रतिज्ञाको देशमा लैजानुहुनेछ।

**प्रस्थान १२:४३-५१:** *'यसबाट कुनै परदेशी नखाओस्; .... परदेशी र ज्यालामा काम गर्ने नोकरले यसबाट नखाओस्!'* किनभने निस्तार-चाड़को स्थायी विधि-अनुसार केवल खतना भएका पुरुषहरू, चाहे यिनीहरू विदेशी, चाहे यिनीहरू तिनीहरूका छिमेकी वा तिनीहरूका नोकरचाकर किन नहोऊन्, यसमा सहभागी हुन सके।

**प्रस्थान १३:१-१५:** परमेश्वरले मिस्र देशमा मिस्रीहरूका जेठा छोराहरूलाई प्रहार गर्दा इस्राएलीहरूका पहिला जन्मेकाहरूलाई जोगाउनुभयो; यसकारण तिनीहरूको बीचमा मानिस र पशुबाट पहिले जन्मेकाहरू परमेश्वरको निम्ति अलग गरिनुपरेको थियो; किनकि यिनीहरू उहाँकै थिए। लेवीको कुललाई पूजाहारी सेवकाइको निम्ति अलग नभएसम्म यी पहिले जन्मेका सबै छोराहरू परमेश्वरका पूजाहारी हुन्थे। अनि सबै शुद्ध पशुहरूबाट पहिले जन्मेका सबै पशुहरू तिनीहरूको पहिलो वर्षभित्र परमेश्वरलाई बलिको रूपमा चढ़ाइनुपर्थ्यो। तर अशुद्ध पशुहरूबाट पहिले जन्मेकाहरू परमप्रभुलाई बलि चढ़ाउनुहुँदैनथियो, जस्तैः गधाको बछेड़ा आदि। गधाको बछेड़ा एउटा भेड़ाको पाठो दिएर छुटिनुपर्थ्यो। तर जुन गधाको बछेड़ाको निम्ति छुटकाराको दामको रूपमा कुनै पाठो दिइँदैनथियो, त्यस बछेड़ाको गर्दन भाँचेर त्यसलाई मार्नुपर्थ्यो। यो कि त दाम तिरेर छुट्टाउने, कि त नाश गर्ने सवाल थियो। परमेश्वरले पछिबाट गधालाई मोल तिरेर छुटाउन सक्ने प्रबन्ध मिलाउनुभयो (लेवी २७:२७; गन्ती १८:१५)। अनि पहिले जन्मेको बालक, ऊ पापमा जन्मेको हुनाले, पाँच शेकेलमा मोल तिरेर छुटिनुपर्थ्यो (गन्ती १८:१५-१६)। यस कुराले परमेश्वरको

सामु मानिसको अशुद्ध नैतिक अवस्था यस नियमद्वारा विधिवत् रूपले गम्भीर सम्झना गराएको छ ।

जसरी पहिले जन्मेकाहरूलाई अलग गर्ने कामले परमेश्वरप्रति यहूदी मानिसहरूको समर्पण कतिको थियो, सो देखाउने तरिका थियो, ठीक त्यसरी नै अखमिरी रोटीहरूको चाड़ले छुटकारा पाएका मानिसहरूबाट परमेश्वरले खोज्नुभएको नैतिक शुद्धताको स्तर के हो, सो कुरा गर्छ । सात दिनसम्म मानिसहरूले खमीर नहालेको रोटी खानुपर्थ्यो, र तिनीहरूको घरमा कतै पनि केही खमीर हुँदैनथियो । पहिले जन्मेकाहरूको समर्पण र अखमिरी रोटीहरूको चाड़ – यी दुवै कुराहरू वस्तुगत पाठहरू थिए, जसद्वारा परमप्रभुले इस्राएलीहरूलाई कसरी मिस्र देशदेखि छुटकारा दिएर निकाल्नुभयो, सो कुरा सिकिन्थ्यो ।

**प्रस्थान १३:१६:** यहूदीहरूले पछिबाट प्रस्थान १३:९ र १६ पदहरू साह्रै अक्षरशः लिए र परमेश्वरको वचनका खण्डहरूका निम्ति सानो छालाको जन्तररूपी व्यवस्था-पेटिकाहरू बनाएर ती आफ्नो निधारमा र आफ्ना हातका नाड़ीहरूमा बाँध्ने गर्थे । तर यसो गरेकोमा आत्मिक अर्थ यस प्रकारको थियोः हामी हातले जे गर्छौं र आँखाले जे देख्छौं र मनले जे चाहा गर्छौं, ती सबै कुराहरू परमेश्वरको वचनअनुसार नै हुनुपर्छ ।

**प्रस्थान १३:१७-२०:** मिस्र देशदेखि कनान देशमा पुग्ने सबैभन्दा छोटो र सीधा बाटो पलिस्तीहरूको देशबाट भएर हुनेथियो, अर्थात् समुद्री तटबाट भएर दुई हप्ताको बाटो हुनेथियो । यो दुई सय बीस किलोमेटर लामो बाटो ‘होरुस-मार्ग’को नामले चिनिन्थ्यो । तर साह्रै व्यस्त आम-मूलबाटो थियो, जुनचाहिँ मिस्री सेनाहरूको निरन्तर सावधानी र देखरेखमा रहन्थ्यो । परमेश्वरले आफ्ना जनहरूलाई सैनिक हमला र निराशबाट जोगाउने हेतुले तिनीहरूलाई यस मूल-बाटोदेखि अझै दक्षिणमा परेको सिनाईको प्रायद्वीपबाट भएर लैजानुभयो । इस्राएली-हरूले सुव्यवस्थित ढङ्गले पङ्क्ति बाँधेर यात्रा गर्दैथिए । तिनीहरूका पितापूर्खाहरूले परमेश्वरको अघि खाएको शपथ तिनीहरूले शिरोपर गरे र यूसुफका अस्थी अर्थात् चिनानमा भएका उनका हड्डीहरू कनान देशमा, उनको जन्मभूमिमा लगे । यसको विषयमा श्री सी. एफ. प्फाइफरले यसो लेखेका छन्ः

‘इस्राएलीहरूको सामु लाल समुद्र थियो । हिब्रू भाषामा लाल समुद्रको नाम ‘‘याम सूफ’’ हो, र सूफको अर्थ ‘‘नर्कट’’ हो (प्रस्थान १३:१८) । वर्तमान समयमा ‘‘ठूलो तिक्त ताल’’को नामले चिनिएको उदधिचाहिँ उहिलेको लाल समुद्रसित जोड़िएको थियो, र यसकारण परम्परागत अनुवादअनुसार यसको नाम लाल समुद्र भएको हो । इस्राएलीहरूले समुद्र पार गरेको ठाउँ कहाँ थियो, यसको विषयमा प्रशस्त कल्पनाहरू गरिएका छन्, तर तीमध्ये एउटाले पनि एकमतरूपी स्वीकृति पाएको छैन ।’ [11)]

**प्रस्थान १३:२१-२२:** परमप्रभु आफ्ना जनहरूसँग हुनुभएको उहाँको उपस्थितिचाहिँ दिउँसो बादलको खाँबाद्वारा र राति आगोको खाँबाद्वारा प्रकट भयो । श्री मेथ्यू हेन्रीका शब्दअनुसार भन्नु हो भने, ‘यी चिन्हहरू निरन्तर खड़ा रहेका आश्चर्यकर्म थिए ।’ [12)] यस महिमित बादल ‘सेकाईना’ यसको हिब्रू नामले चिनिन्छ । सेकाईनाको शाब्दिक अर्थ ‘वास गर्नु’ हो । अनि यस बादलको खाँबाले परमेश्वरको मार्गदर्शनको चित्रण गर्छ, जुन मार्गदर्शन उहाँले आफ्ना जनहरूलाई दिनु-हुन्छ, साथै तिनीहरूले आफ्ना शत्रुहरूबाट पाएको सुरक्षाको कुरा पनि दर्साउँछ (प्रस्थान १४:१९-२०) । अनि मार्गदर्शन र सुरक्षा – यी दुईवटा कुराहरूले असल प्रकारले प्रभु येशू ख्रीष्टको प्रतिबिम्ब गर्छन् ।

**ख) प्रस्थान १४ः इस्राएलीहरू लाल समुद्र तरेका**

**प्रस्थान १४ः१-९ः** यस अध्यायमा घटेको घटना सम्पूर्ण पवित्र बाइबलको सबैभन्दा उत्तेजक घटना ठहरिएको छ। परमप्रभुले इस्राएलीहरूलाई दक्षिणतिर 'पीहहीरोत'मा जाने निर्देशन दिनुभयो, जुन पीहहीरोत भन्ने ठाउँ लाल समुद्रको पश्चिमपट्टि पर्छ। अब-चाहिँ तिनीहरूको निम्ति कुनै उम्कने बाटो रहेन। तर यस कुराले हुन लागेको आश्चर्यकर्मको निम्ति एउटा अद्‌भुत पृष्ठभूमि तयार गर्‍यो। किनभने फाराओको विचारमा इस्राएलीहरू अब धरापमा परेका थिए। यसकारण तिनले आफ्ना छ सय चुनिएका रथहरू लगायत मिस्र देशका सबै रथहरू र ती रथहरू हाँकिरहेका चालक कप्तानहरूलाई लिएर इस्राएलीहरूको पछि निस्के। अनि नभन्दै तिनी लाल समुद्रको किनारामा छाउनी हालेका बीस लाख असहाय इस्राएलीहरूकहाँ आइपुगे। इस्राएलीहरू फसे; किनभने तिनीहरूको सामु लाल समुद्र र तिनीहरूको पछाड़ि फाराओको सेना थियो। यसैबाट सायद यो प्रसिद्ध उक्ति आयो होला, जसले भन्दछः 'शैतान एकपट्टि र गहिरो, नीलो समुद्रको पानी उतापट्टि, कस्तो फसाद !'

**प्रस्थान १४ः१०-१४ः** जब इस्राएलीहरूले आफ्ना आँखाहरू उठाएर हेरे र मिस्री सेनालाई पछि-पछि आउँदै गरेको देखे, तब तिनीहरू अक्क न बक्क परे; तर तिनीहरूले बुद्धिमानीसाथ काम गरे र परमप्रभुलाई पुकारे। तर मोशासित गनगन गर्न तिनी-हरूलाई केही बेर लाग्दैनथियो। अघि पनि तिनीहरूले परमप्रभुले खटाउनुभएको अगुवा मोशासित गनगन गरेका थिए (प्रस्थान ५ः२१)। तिनीहरूको गनगनका शब्द सुन्नुहोस्ः 'हामीलाई छोड़िदिनुहोस्, र हामी मिस्रीहरूकै सेवा गर्नेछौं; किनकि यस उजाड़स्थानमा मर्नुभन्दा मिस्रीहरूको सेवा गर्नु हाम्रा निम्ति असल हुनेथियो।' तिनीहरूको अविश्वास प्रकट गर्ने शब्दहरू यस प्रकारका थिए। अनि योचाहिँ तिनीहरूको अविश्वास प्रकट गर्ने अन्तिम घटना पनि थिएन। अब मोशा तिनीहरूको डरको शिखर भएनन्, तर उनले साहस गरेर तिनीहरूलाई भनेः *'नडराओ, स्थिर भई खड़ा ओओ, र परमप्रभुको छुटकारा हेर !'*

**प्रस्थान १४ः१५-१८ः** अब सारा मानव इतिहासको सबैभन्दा महान् आश्चर्यकर्म हुन लाग्यो।

*'परमप्रभुले मोशालाई भन्नुभयोः "इस्राएलीहरूलाई अघि बढ्‌ने आज्ञा देऊ ! तर तिमीचाहिँ आफ्नो लहुरो उठाऊ, आफ्नो हात समुद्रमाथि पसार र त्यसलाई दुई भाग पारिदेऊ ! अनि इस्राएलीहरू समुद्रको बीचबाट भएर सुक्खा जमिनै-जमिन जाऊन् !" '* (प्रस्थान १४ः१७)

परमेश्वरले मिस्रीहरूका हृदय कठोर पार्नुभएको र उहाँले फाराओ र तिनको सारा सेनाबलद्वारा आफ्नो महिमा बढ़ाउनुभएको सम्बन्धमा श्री मेथ्यू हेन्रीले निम्न टिप्पणी गरेका छन्ः

> 'जतिले परमेश्वरको अनुग्रहको प्रभावमा परेर अन्तिम आएर यसको घोर विरोध गर्छन्, त्यस्ता व्यक्तिहरूमाथि "अहो, हामी उहाँको क्रोधका पात्र भयौं-भयौं" भन्ने प्रभाव पार्नुचाहिँ उहाँको निम्ति न्यायसँगत कुरा हो। यसकारण उहाँले यहाँ, यस ठाउँमा फाराओरूपी हठधर्मी, अभिमानी विद्रोहीमाथि प्राप्त गर्न लाग्नुभएको विजयको उद्‌घोषणा गर्नुभयो।'[13]

**प्रस्थान १४ः१९-२८ः** अब परमप्रभुको दूतको कुरा आयोः (परमेश्वरको दूत ख्रीष्ट येशूको प्रतिरूप हुन्; यसको विषयमा तपाईंले न्यायकर्ताको पुस्तकको छ अध्यायको निबन्ध हेर्नुहोला।) यी उक्त दूतले बादलको

खाँबाको रूपमा छाउनीको पछिल्तिर आफ्नो स्थान लिनुभयो र इस्राएलीहरूलाई मिस्री-हरूको हातबाट सुरक्षा दिनुभयो। यस बादलको खाँबाले इस्राएलीहरूलाई उज्यालो दिन्थ्यो, तर मिस्रीहरूलाई अन्धकारले छोपिदिन्थ्यो। मोशाले आज्ञा गरे, र लाल समुद्र दुई भाग भयो; अनि यसरी यता पानीको पर्खाल उठ्यो र उता पानीको पर्खाल उठ्यो, तर बीचमा सुक्खा जमिनरूपी बाटो भयो, जुन बाटोबाट भएर इस्राएलीहरू पार भए। तर जब फाराओको सेनाले तिनीहरूलाई पछ्याउँदै समुद्र पार गर्न खोज्यो, तब परमप्रभुले तिनीहरूलाई अस्तव्यस्त पार्नुभयो र तिनीहरूका रथका चक्काहरू फुस्काइ-दिनुभयो, र तिनीहरूका रथहरू कठिनसँग चल्न थाले। तिनीहरूले भाग्न खोजे, तर ढिलो भइसकेको थियो; किनभने मोशाको आज्ञामा समुद्रको पानी मिस्रीहरूमाथि आइ-लाग्यो; मिस्रीहरूबाट एकैजना पनि उम्केन। यसकारण बुझ्नुहोस्ः जब हामी परमेश्वरको इच्छाअनुसार अघि बढ्छौं, तब जुन विश्वासले हाम्रो अघि लाल समुद्रबाट भएर एउटा बाटो खोल्छ, त्यही विश्वासले असम्भव कुराहरू सम्भव तुल्याउन हामीलाई सक्षम बनाउँछ।

**प्रस्थान १४ः२९-३१ः** पवित्र बाइबलको पुरानो नियममा इस्राएलीहरू लाल समुद्र तरेको घटनामा परमेश्वरको शक्तिको सबैभन्दा महान् प्रदर्शन हो; तर नयाँ नियममा जब परमेश्वरले येशू ख्रीष्टलाई मरेकाहरूको बीचबाट बौराएर उठाउनुभयो, तब सबै युग-हरूमा प्रदर्शित भएको जुनसुकै शक्तिभन्दा ठूलो, संसारको सबैभन्दा महान् शक्तिको प्रदर्शन भएको हो।

### ग) प्रस्थान १५ः१-२१ः मोशाको स्तुतिगान

जसरी निस्तार-चाड़ले रगतद्वारा हुने छुटकाराको कुरा बताइदिन्छ, त्यसरी नै इस्राएलीहरू लाल समुद्र पार भएको कुराले परमेश्वरको शक्तिद्वारा हुने छुटकाराको कुरा गर्छ। मोशाको स्तुतिगानले यस दोस्रो घटना-माथि ध्यान राखेको छ र यसको जयजयकार गरेको छ। डाक्टर एच. सी. वुडरिङ्गले यस स्तुतिगानको रूपरेखा यस प्रकारले दिएका छन् [14], जस्तैः

**क)** प्रस्थान १५ः१ः *प्रस्थावनाः*
परमप्रभु परमेश्वरको विजय

**ख)** प्रस्थान १५ः२-३ः *पहिलो श्लोकः* परमप्रभु शक्ति, छुटकाराको गीत र उद्धार हुनुहुन्छ; उहाँ आफ्ना जनहरूको निम्ति यस्तै हुनुहुन्छ।

**ग)** प्रस्थान १५ः४-१३ः *दोस्रो श्लोकः* परमप्रभुले भूतपूर्व शत्रुहरूमाथि विजय प्राप्त गरेर आफ्ना जनहरूलाई मिस्र देशदेखि छुटकारा दिनुभयो। उहाँले आफ्ना जनहरूको निम्ति महान् काम गर्नुभयो।

**घ)** प्रस्थान १५ः१४-१८ः *तेस्रो श्लोकः* परमप्रभुले भविष्यका शत्रुहरूमाथि विजय प्राप्त गर्नुहुनेछ र आफ्ना जनहरूलाई तिनीहरूको अधिकारको भागमा ल्याइपुर्‍याउनुहुनेछ। उहाँले भविष्यमा आफ्ना जनहरूको निम्ति काम गर्नुहुनेछ।

**ङ)** प्रस्थान १५ः१९ः *समाप्तीः* मिस्रीहरूको हार र इस्राएली जातिको छुटकारामा कति ठूलो भिन्नता छ।

**च)** प्रस्थान १५ः२०-२१ः मरियम र समुदायका सबै स्त्रीहरूले जुवारी कीर्तन गाए।

प्रायः तीन शताब्दी अघि बेलायतको टिप्पणीकार श्री मेथ्यू हेन्रीले यस महान् आत्मिक गीति-कविताप्रति आफ्नो सराहना व्यक्त गर्दै आफ्नो विचार यसरी पोखेः

'यस स्तुतिगानको सम्बन्धमा हामी निम्न चारवटा कुराहरूमाथि ध्यान दिनु उचित छः
**क)** हामीले जानेका स्तुतिगानहरूमध्ये

सबैभन्दा पुरानो यो मोशाको स्तुतिगान हो। **ख)** यसको रचना सर्वोच्च छ। यसको शैली उच्च र प्रतापी छ; यसले प्रयोग गरेका चित्रणहरू सजीव छन् र बिलकुल सठीक छन्; यो समग्र गीत कति मार्मिक छ। **ग)** यो एउटा पवित्र गीत हो, जुनचाहिँ परमेश्वरको महिमाको निम्ति अर्पित भएको छ। यसले किञ्चित कुनै मानिसलाई श्रेय दिँदैन, तर केवल परमेश्वरको नाम उच्च पार्छ र उहाँलाई प्रशंसा चढ़ाउँछ। यस रचनामाथि "परमप्रभुको निम्ति पवित्र" भन्ने शब्द खोप्न सकिन्छ। अनि जब इस्राएलीहरूले यो स्तुतिगान गाउँथे, तब तिनीहरूले परमप्रभुको निम्ति, अँ, उहाँको निम्ति मात्र गाउँथे। **घ)** यो एउटा दृष्टान्तात्मक स्तुतिगान हो; किनभने जब मोशाको स्तुतिगान र थुमाको स्तुतिगान गाइनेछन्, तब यी गीतहरूमा सुसमाचारको युगको मण्डलीले प्राप्त गरेका विजयहरू र त्यसका शत्रुहरूका हारहरू तिनका एकमात्र विषयवस्तुहरू हुनेछन्। किनकि जसरी लाल समुद्रको किनारामा इस्राएलीहरूले मोशाको स्तुतिगान गाए, ठीक त्यसरी नै काँचको समुद्रमाथि उभिएर विजेताहरूले मोशाको गीत र थुमाको गीत सँगसँगै गाउनेछन् (प्रकाश १५:२-३)।' [15)]

# खण्ड ८

## प्रस्थान १५:२२-१८:२७: सिनाई पर्वततर्फको यात्रा

### क) प्रस्थान १५:२२-२७: इस्राएलीहरू शूरको उजाड़स्थानमा

प्रस्थान १५:२२ पदमा इस्राएलीहरूले लाल समुद्रदेखि सिनाई पर्वतसम्म गरेको यात्राको विवरण शुरु हुन्छ। यस यात्राको एक-एक कदम ख्रीष्ट-विश्वासीहरूको निम्ति उपयुक्त आत्मिक पाठहरूले भरिपूर्ण छ। मारा भन्ने ठाउँ यसको निम्ति एउटा उदाहरण हो। 'मारा'को अर्थ तीतो हो। यो ठाउँ जीवनका तिक्त अनुभवहरूको विषयमा बोल्छ। अनि त्यो रूख वा काठचाहिँ? त्यो रूख, त्यो काठ गलगथाको क्रूसको कुरा गर्छ, जुन क्रूसले हाम्रो जीवनका तिक्त अनुभवहरू मिठासमा परिवर्तन गर्छ। अनि मारा भन्ने ठाउँमा परमप्रभुले आफूलाई 'यहोवा-रफेका'को रूपमा प्रकट गर्नुभयो, जसको अर्थ होः 'तिमीहरूलाई निको पार्नुहुने परमप्रभु म नै हुँ'। इस्राएलीहरूको निम्ति परमप्रभुको प्रतिज्ञा छः उहाँले तिनीहरूलाई ती रोगहरूबाट छुटकारा दिनुहुन्छ, जुन रोगहरूले मिस्रीहरूलाई सताइरहेका थिए। अब एलीमको कुरा आयोः त्यहाँ बाह्रवटा पानीका मूलहरू र खजूरका सत्तरीवटा रूखहरू थिए। यसर्थ बुझ्नुहोस्ः गलगथाको क्रूसकहाँ गएकाहरू सबैले ख्रीष्ट येशूमा विश्राम र ताजापन पाउँदा रहेछन्। के तपाईं ख्रीष्ट येशूकहाँ जानुभयो कि? के तपाईंले उहाँबाट शान्ति र अनन्त जीवन पाउनुभयो कि?

### ख) प्रस्थान १६: इस्राएलीहरू सीनको उजाड़स्थानमा

**प्रस्थान १६:१-१९:** दक्षिण-पूर्वतिर यात्रा गर्दै इस्राएलीहरू सीनको उजाड़स्थानमा आइपुगे। [16)] त्यस ठाउँमा तिनीहरूले नमीठो हुने गरी गनगन गर्न लागे; किनभने तिनीहरू खानेकुराको अभावमा मिस्र देशका स्वादिष्ठ भोजनहरू सम्झेर दुःखित बने। के मिस्र देखको खानेकुराको आलो सम्झना हुँदा तिनीहरूले त्यो कठोर दासत्व भुले, कि के हो? परमेश्वरले आफ्नो दयामा बेलुकीपख बट्टाई चराहरू र बिहानिपख मन्ना दिनुभयो। उहाँले बट्टाई चराहरू दुईपल्ट मात्र जुटाइदिनुभयोः यहाँ र किब्रोत-हत्तावामा (गन्ती ११:३१); तर मन्नाचाहिँ उहाँले नियमित रूपले

लगातार दिइरहनुभयो। मन्नाको अर्थ 'यो के हो ?' हो। यो मन्ना परमेश्वरले अलौकिक ढङ्गले इसराएलीहरूको निम्ति प्रबन्ध गरिदिनुभएको भोजन थियो; अनि यसको निम्ति प्राकृतिक कारण दिन खोजेका मानिसहरूका सबै स्पष्टीकरणहरू विफल भए, व्यर्थ ठहरिए। मन्ना हेर्दा सानो र गोलो थियो, यसको रङ्ग सेतो र यसको स्वाद गुलियो थियो (प्रस्थान १६ः३१)। यस मन्नाले ख्रीष्ट येशूलाई सङ्केत गर्छ; उहाँ परमेश्वरको त्यो रोटी हुनुहुन्थ्यो, जुन रोटीचाहिँ स्वर्गबाट आउनुभएको थियो। यस मन्नाले प्रभु येशूको नम्रता, सिद्धता, पवित्रता र मिठास चित्रण गर्छ (यूहन्ना ६ः४८-५१)। मन्ना एकाबिहानै, शीत पर्ने बेलामा झर्थ्यो; अनि त्यस शीतले हामीलाई पवित्र आत्माको कार्य सम्झना गराउँछ, किनकि शीतले गरेजस्तै उहाँले हाम्रो हृदयमा ख्रीष्ट येशूलाई प्रस्तुत गर्नुहुन्छ। एक-एकजनाको निम्ति एक ओमेर हुने गरी इस्राएलीहरूले दिन-दिनै मन्ना बटुल्न पाउँथे। एक ओमेर भनेको २.२ लिटरको परिणाम हो। एक ओमेर बटुल्न खोज्दा कसैले धेरै र कसैले थोरै बटुल्थ्यो; तर कसैलाई कहिल्यै कुनै अपुग हुँदैनथियो, अनि कसैलाई बढ़ी पनि हुँदैनथियो। यस कुराले ख्रीष्ट येशूमा भएको प्रशस्तता दर्साउँछ; किनभने उहाँमा उहाँका सबै जनहरूको हरेक आवश्यकता पूरा गर्न सक्ने भरपूरी छ। यस कुराले यो पनि दर्साउँछः जुन बेलामा ख्रीष्ट-विश्वासीहरूले आफूसँग भएका चीजहरू खाँचोमा परेकाहरूसँग बाँड़चुँड़ गर्छन्, त्यस बेलामा कसैलाई बढ़ी नभएको र कसैको अपुग नभएको उक्त प्रकारको नतिजा निस्कन्छ (२ कोरिन्थी ८ः१४-१५)। इस्राएलीहरूले बिहानै घाम तातो हुनुभन्दा अघि मन्ना बटुल्नुपर्थ्यो; नत्र मन्ना पग्लन्थ्यो। ठीक त्यस्तै हामी पनि बिहानै, हरेक दिनको शुरुमै, जीवनका कामकुराहरूको झन्झटमा पर्नुभन्दा अघि ख्रीष्ट येशूरूपी स्वर्गीय रोटी खाएर तृप्त हुनुपर्छ। मन्ना दिनहुँ बटुल्नुपर्थ्यो; ठीक त्यस्तै ख्रीष्ट येशू हाम्रो दैनिक आहार हुनुपर्छ। हप्ताका छ दिनहरूमा मन्ना बटुलिन्थ्यो; तर सातौं दिनमा चाहिँ मन्ना पाइँदैनथियो।

**प्रस्थान १६ः२०-३१ः** परमेश्वरले हप्ताको छैटौं दिनमा इस्राएलीहरूलाई विश्रामदिनका दुई छाक टार्नको निम्ति अरू दिनहरूमा भन्दा दोबर अर्थात् दुई-दुई ओमेर गरी मन्ना बटुल्न लगाउनुभयो। हप्ताका अरू दिनहरूमा मन्नाको केही भाग राखिएको भए मन्नामा कीरा पर्थ्यो र त्यो गनाउँथ्यो। मन्ना धनियाँको बीउजस्तो सेतो थियो, र त्यसको स्वाद मह लगाएको बाबरको जस्तो थियो। यो पोलेर वा पकाएर तयार गर्न सकिन्थ्यो। विश्रामदिनमा मन्ना बटुल्न बाहिर जानेहरूले मोशाको हप्की खाए।

**प्रस्थान १६ः३२-३४ः** केही मन्ना सम्झनाको निम्ति एउटा सुनको भाँड़ामा राखियो; पछिबाट यो भाँड़ा करारको सन्दुक-भित्र राखियो (हिब्रू ९ः४)। परमेश्वरले सृष्टिको उत्पत्तिको सातौं दिनमा विश्राम लिनुभयो (उत्पत्ति २ः२); तर उहाँले त्यस समयमा मानिसलाई विश्रामदिन मान्ने आज्ञा दिनुभएन। तर अबचाहिँ उहाँले इस्राएली जातिलाई विश्रामदिन पालन गर्ने नियम दिनुभयो। प्रस्थान बीस अध्यायमा यो नियम दस आज्ञाहरूमा गाभियो (प्रस्थान २०ः९-११)। विश्रामदिन पवित्र मान्ने नियमचाहिँ सिनाई पर्वतमा इस्राएली र परमेश्वरको बीचमा स्थापित भएको करारको चिन्ह थियो (प्रस्थान ३१ः१३), साथै विश्रामदिनचाहिँ हप्तामा एकपल्ट तिनीहरूलाई मिस्र देशको दासत्वबाट पाएको छुटकाराको सम्झना गराउने दिन थियो। अन्यजातिहरूलाई विश्रामदिन पवित्र मान्ने आज्ञा कहिल्यै दिइएन। नयाँ नियममा दस आज्ञाहरूमध्ये

नौवटा आज्ञाहरू ख्रीष्ट येशूको मण्डलीको निम्ति दोहोरिएका छन्, ख्रीष्ट-विश्वासी-हरूलाई धार्मिकताको सम्बन्धमा तालिम दिने निर्देशनको रूपमा दोहोरिएका छन्। तर विश्रामदिन पवित्र मान्ने आज्ञा नयाँ नियममा एक पल्ट पनि दोहोरिएको छैन। तर हप्तामा एक दिन विश्राम लिने नियमचाहिँ सारा मानिस-जातिको निम्ति लाभदायक त छ। अनि त्यो दिन अर्थात् हप्ताको पहिलो दिन ख्रीष्ट-विश्वासीहरूको निम्ति प्रभुको दिन हो। प्रभुको दिनसित कुनै धर्मनियम पालन गर्नुपर्ने बाध्यता जोड़िएको छैन, तर यो त हाम्रो निम्ति सौभाग्यले पूर्ण दिन, अनुग्रहले पूर्ण दिन हो। किनभने त्यस दिनमा हामी सबै सांसारिक कामधन्दाहरूबाट स्वतन्त्र भई हाम्रा प्रभुको आराधना र सेवाको निम्ति आफैलाई पूरा रूपले दिइहाल्न पाउँछौं।

*'परमप्रभुले मोशालाई आज्ञा गर्नुभए-अनुसार हारूनले त्यो, त्यसलाई जोगाइराख्न भनी साक्षीको अघिल्तिर राखिदिए'* (प्रस्थान १६:३४)। यहाँ 'साक्षीको अघिल्तिर' भनेर लेखिएको छ। यो साक्षीचाहिँ सन्दर्भअनुसार कि त करारको सन्दुक थियो, जुन करारको सन्दुक अझ पनि बनिएको थिएन, कि त यो साक्षी ती दस आज्ञाहरू भएको हुनुपर्छ।

**प्रस्थान १६:३५-३६:** इस्राएलीहरूले चालीस वर्षसम्म उजाड़स्थानमा मन्ना खाए। तिनीहरूले उजाड़स्थानमा घुमफिर गरिरहनु-पर्ने अवधि कति हुने हो, सो कुरा बताउने पूर्व-जानकारी यस पदले दिएको छ। कनान देशको सिमानाभित्र आएर तिनीहरू गिल्गाल भन्ने ठाउँमा पुगेपछि मन्ना आफै-आफ बन्द भयो (यहोशू ५:१२)।

### ग) प्रस्थान १७: इस्राएलीहरू रपीदीममा

**प्रस्थान १७:१-७:** रपीदीममा इस्राएली-हरूले मोशासँग झगड़ा गरे; किनकि मानिसहरूको निम्ति पिउने पानी भएन। परमप्रभुले मोशालाई 'होरेबमा जानू र त्यसको चट्टान आफ्नो हातमा भएको लहुराले हिर्काउनू' भन्ने निर्देशन दिनुभयो। होरेबको अर्थ 'उजाड़' वा 'भतभती गर्मी जग्गा' हो। जब परमेश्वरले उनलाई अह्राउनुभएअनुसार उनले गरे, तब यस चट्टानबाट पानी निस्क्यो। यो पवित्र आत्माको आत्मिक चित्र हो, जुन पवित्र आत्माचाहिँ पेन्टेकोष्टको दिनमा, गलगथामा प्रभु येशूलाई उहाँको क्रूसको मृत्युमा हिर्काइएको फलस्वरूप दिइनुभयो। मास्सा र मरीबा यी ठाउँहरू हुन्, जहाँ इस्राएलीहरूले परमेश्वरलाई परीक्षा गरे र जहाँ तिनीहरूले मोशासँग झगड़ा गरे। मास्साको अर्थ 'परीक्षा' हो भने, मरीबाको अर्थ 'झगड़ा' हो।

**प्रस्थान १७:८-१६:** यहाँ यहोशूको नाम पहिलो पल्ट पढ़िन्छ। यहोशूको अर्थ 'परमप्रभु मुक्ति हुनुहुन्छ' हो। यहोशू मोशाको सेवक थिए। तिनले रपीदीममा अमालेकी-हरूसँग लड़ाइँ गरे। जबसम्म मोशाले आफ्नो हात उठाइराखे, तबसम्म इस्राएलीहरूले लड़ाइँ जित्दैथिए; तर उनले हात तल झारेको बेलामा अमालेकीहरूले जित्दैथिए। हात माथि उठाइराख्नुको मतलबचाहिँ मोशाले परमेश्वरमाथिको भरोसा र उहाँसित अन्तर्विन्ती गरेको बुझिन्छ। अनि अमालेकी-हरूचाहिँ? अमालेकीहरू एसावका सन्तान हुन्; यसकारण अमालेकीहरूले 'शरीर'लाई चित्रण गर्छ; अनि 'शरीर' भन्नाले मानिस आदमको सन्तान भएको हुनाले उसमा भएको त्यो दुष्ट र भ्रष्ट पापमय स्वभाव बुझिन्छ। यस विषयमा तपाईंले याद गर्नुहोला: 'शरीर' भनिने त्यो पापी स्वभाव र अमालेकीहरूको बीचमा निम्न गुणहरू पूरा मिलेका छन्, जस्तै: **क)** जब कुनै मानिस प्रभु येशूकहाँ फर्कन्छ, तब उसले पापको क्षमा पाउनुको साथै पवित्र आत्मा पाउँछ। मुक्ति पाएपछि मात्र यस पापी स्वभावले पवित्र आत्माको

विरोध गर्न थाल्छ। **ख)** जसरी अमालेकसँग परमप्रभुको लड़ाइँ पुस्तौंपुस्तासम्म चलिरहन्थ्यो, ठीक त्यसरी नै पवित्र आत्माको लड़ाइँ 'शरीर' नामक पापी स्वभावसित रहिरहन्छ। **ग)** त्यो पापी स्वभाव कहिल्यै मेटिँदैन; ख्रीष्ट-विश्वासीको मृत्यु नभएसम्म अथवा ख्रीष्ट येशूको मण्डली आकाशमा नउठाइलगिएसम्म हामीसँग त्यो पापी स्वभाव छँदैछ। **घ)** 'शरीर'माथि विजय पाउने दुईवटा तरिकाहरू यस प्रकारका छन्ः प्रार्थना र परमेश्वरको वचन।

इस्वी संवत् ३७-१०० सालभित्र जिउने जोसेफस नामक यहूदी इतिहासकार थिए। तिनको भनाइअनुसार हूरचाहिँ मोशाकी दिदी मरियमको पति थिए। यिनी तिनै हूर थिए, जसले मोशा सिनाई पर्वतमा भएको बेलामा हारूनसँग मानिसहरूको देखरेख गरे (प्रस्थान २४ः१४)।

'यहोवा-निस्सी': यो दुईवटा शब्दले बनेको नाम हो, जसको अर्थ 'परमप्रभु मेरो झण्डा हुनुहुन्छ' हो।

### घ) प्रस्थान १८ः मोशा र येत्रो

**प्रस्थान १८ः१-१२ः** प्रस्थानको पुस्तकको अठार अध्यायले यस पुस्तकको वृत्तान्तको एउटा मोड़मा आइपुगेको सङ्केत दिन्छ। यहाँसम्म हामीले मन्ना, हिर्काइएको चट्टान र त्यस चट्टानबाट निस्किरहेको पानीका विषयहरू हेर्दैथियौं, जुन कुराहरूचाहिँ ख्रीष्ट येशूले मानिसको शरीर धारण गर्नुभएको, उहाँ क्रूसमा मर्नुभएको र त्यसपछि पवित्र आत्मा दिइनुभएको सङ्केतहरू हुन्। तर अबचाहिँ हामी ख्रीष्ट येशूको आउँदा महिमित राज्यको झलक पाउँछौं। किनभने यहाँ मोशा ख्रीष्ट येशूको प्रतिरूप हुन्, जसले संसारमाथि राज्य गर्नुहुनेछ। अनि मोशाका छोराहरूले यहाँ यहूदीहरूलाई सङ्केत गरेको देख्छौं; अनि येत्रोचाहिँ? येत्रोले यहाँ अन्यजातिहरूलाई चित्रण गर्छन्; अनि मोशाकी अन्यजाति दुलही सिप्पोराले मण्डलीलाई चित्रण गर्छे। ख्रीष्ट येशू, यहूदीहरू, अन्यजातिहरू र ख्रीष्टको मण्डली – यी सबैले ख्रीष्ट येशूको हजार वर्षको राज्यको आशिष उपभोग गर्नेछन्। यहूदीहरू र अन्यजातिहरू यस राज्यका प्रजा हुनेछन्; अनि ख्रीष्ट येशूको मण्डलीले उहाँसित पृथ्वीमाथि राज्य गर्नेछ।

यस अध्यायमा प्रस्तुत गरिएका घटनाहरू कालक्रमअनुसार उल्लेख गरिएका छैनन्। किनभने प्रस्थान १८ः५ पदले मोशाका ससुरा येत्रो उनलाई सिनाई पर्वतमा भेट्न आएको जानकारी दिन्छ भने, इस्राएलीहरूचाहिँ प्रस्थान १९ः२ पदसम्म सिनाई पर्वतमा आइपुगेनन्। यस सम्बन्धमा एकजना टिप्पणीकारले के सुझाव दिएका छन् भने, यस प्रकारको विवरण लेख्ने क्रममा विशेष उद्देश्य थियो; किनभने सिनाई पर्वतमा परमप्रभुसँग इस्राएलीहरूको भेटघाट र तिनीहरूलाई व्यवस्था दिइएको घटनाको विवरणमा कुनै बाधा आउनुहुँदैनथियो। अनि हुन सक्छ, मोशा मिस्र देशमा फर्केको बेलामा उनले आफ्नी पत्नी र दुई छोराहरूलाई मिद्यानमा छोड़िराखेका थिए। सिप्पोरा, गेर्शोम र एलिएजरलाई साथमा लिएर येत्रो मोशाकहाँ आए। यो मोशाको परिवारको कत्रो सुखद पुनर्मिलन भयो!!

*'अब परमप्रभु सबै ईश्वरहरूभन्दा महान् हुनुहुँदो रहेछ भन्ने कुरा मैले बुझें'* भन्ने वाक्यबाट के बुझिन्छ भने येत्रो यही बेलामा परमप्रभुलाई मान्ने-पुज्ने मानिस बने। तर कतिपय बाइबल-विद्वान्हरूले भनेअनुसार येत्रोले पहिलेबाटै एकमात्र सत्य परमेश्वरको सेवा-आराधना गरेका थिए अरे।

**प्रस्थान १८ः१३-२७ः** जब येत्रोले यति धेरै मानिसहरूको न्यायको जाँच गर्ने अगाध जिम्मेवारी मोशाको काँधमा परेको देखे, तब तिनले आफ्ना ज्वाइँलाई उनलाई सहायता गर्न

'चरित्रवान् मानिसहरूलाई चुन' भन्ने सल्लाह दिए। यी चित्रवान् मानिसहरू परमेश्वरको डर मान्ने, सत्यतामा चल्ने र लोभलालचबाट पूरा अलग बस्ने मानिसहरू हुनुपरेको थियो। येत्रोको सुझाउअनुसार यी चित्रवान् मानिसहरूलाई हजार-हजार जनतामाथि, यसरी नै सय-सय, पचास-पचास र दस-दसजनामाथिका शासकहरूको रूपमा नियुक्त गर्नुपरेको थियो। यसो गरेर मोशाको बोझ हल्का हुनुको साथै उनका कामहरू छिटो पूरा हुनेथिए। कतिजनाको विचारमा, येत्रोको यो सरसल्लाह परमेश्वरबाट नै आएको थियो; किनकि यस सल्लाहको मतलब यस प्रकारको थियोः यसरी नै अरू मानिस-हरूसँग जिम्मेवारी होशियारीसाथ बाँड़िन्थ्यो। तर अरूको विचार पनि सुन्न लायकको छ, जसले यसो भनेका छन्ः 'जुन मानिसहरूलाई परमेश्वरले कुनै काम अह्राउनुहुन्छ, ती मानिसहरूलाई उहाँले आफ्नो अनुग्रहमा तिनीहरूको जिम्मावारी निभाउने क्षमता पनि प्रदान गर्नुहुन्छ। यहाँसम्म परमेश्वरले मोशासँग आफ्नो साथीसँग बोलेझैं कुनै मध्यस्थविना नै कुरा गर्नुभयो। यसकारण परमेश्वरले अरू प्रबन्धहरू नदिएसम्म मोशा त्यसरी नै चल्नुपर्थ्यो' अरे।

# खण्ड ९

## प्रस्थान १९-२४ः व्यवस्था प्रदान गरिएको

### क) प्रस्थान १९ः परमेश्वरसँग भेट गर्नलाई तयारी

**प्रस्थान १९ः१-९ः** अब त इस्राएलीहरू सिनाई पर्वतमा आइपुगे। प्रस्थानको पुस्तकका बाँकी अध्यायहरू, लेवीको पुस्तक र गन्तीको पुस्तकका पहिला नौ अध्यायहरूमा यस पर्वतमा घटेका घटनाहरूको विवरण उल्लेख गरिएको छ।

आदमको समयदेखि त्यस बेलासम्म मानिसहरूलाई परमेश्वरको कुनै लिखित नियमव्यवस्था दिइएको थिएन। यस अवधिभरि परमप्रभुले प्रायः आफ्ना जन-हरूसँग अनुग्रहको व्यवहार गर्नुभयो। तर अब उहाँले तिनीहरूलाई व्यवस्थामा एउटा सर्तबद्ध करार दिन लाग्नुभयो। प्रस्थान १९ः५-६ पदमा यसरी लेखिएको छः *'यसकारण अब तिमीहरूले साँच्ची नै मेरो कुरा सुन्यौ र मेरो वाचा पालन गर्‍यौ भने सबै जातिहरूभन्दा बढ़ी तिमीहरू नै मेरा निम्ति विशेष धन हुनेछौः किनकि पृथ्वी मेरो हो। अनि तिमीहरू मेरा निम्ति पूजाहारीहरूको एउटा राज्य र एउटा पवित्र जाति हुनेछौ।'* यसर्थ तिनीहरूले आज्ञापालन गर्नुपर्छ, तब उहाँले तिनीहरूलाई आशिष दिनुहुनेछ। यी मानिस-हरूले आफूमा भएको पापमय स्वभाव र आज्ञापालनको क्षेत्रमा आफ्नो असहायपन थाहै नगरी परमेश्वरले तिनीहरूको सामु राख्नुभएको सर्त सहर्षसाथ स्वीकार गरे। यस विषयमा श्री डी. एल. मूडीले यस प्रकारको टिप्पणी गरेका छन्ः

> 'यी मानिसहरूले यसो भनेः "परमप्रभुले भन्नुभएका सबै कुराहरू हामी गर्ने नै छौं।" यो कत्रो साहसी र आत्मनिर्भर भाषा ! त्यस सुनको बाछा, ती टुक्राटुक्री भएका ढुङ्गाका पाटीहरू, ती वास्ता नगरिएका नियम र विधिहरू, ढुङ्गाले हानेर मारिएका ती अगमवक्ताहरू अनि ती तिरस्कार गरिनुभएको र क्रूसमा टाँगिनुभएको ख्रीष्ट येशूको विषयमा कसो हो ? मानिसहरूले गरेका प्रणहरू अपमानित र नगण्य भएका प्रशस्त प्रमाणहरू यी नै हुन्।' 17)

## युग-युगअनुसार परमेश्वरका विभिन्न प्रबन्धहरू के-के हुन् ?

मानिस-जातिको इतिहासमा र विशेष गरी उहाँको चुनिएको इस्राएली जातिसितको बर्तावको सम्बन्धमा परमेश्वरले तिनीहरूसँग गर्नुभएको व्यवहारमा यहाँ एउटा सुस्पष्ट हेरफेर आएको छ। अनि यहाँजस्तै अरू जुनसुकै बेलामा मानिससितको व्यवहारमा परमेश्वरको कार्यक्रममा कुनै ठोस परिवर्तन आएमा त्यो हेरफेर नयाँ प्रबन्ध वा नयाँ प्रशासन भनिन्छ।

सन्त अगस्टिनले यसो भनेः 'हामीले विभिन्न युगहरू छुट्ट्याउन सके पवित्र धर्मशास्त्र बाइबलको अर्थ मेल खान्छ।' यसकारण यस विषयमा बुझ्नुहोस्ः परमेश्वरले मानव इतिहास विभिन्न युगहरूमा विभाजन गर्नुभयो, जसरी लेखिएको छः *'...जसद्वारा उहाँले **संसारहरू** पनि बनाउनुभयो'* (हिब्रू १ः२)। संसारहरूको अनुवाद 'युगहरू' पनि हुन सक्छ। यी युगहरू लामो अवधि हुन र छोटो अवधि हुन सक्छन्। किनभने एक युग अर्को युगबाट छुट्ट्याउने कुरा समय नै होइन, तर परमेश्वरले मानिस-जातिसँग कसरी व्यवहार गर्नुभयो, यही कुरामा निर्भर गर्छ।

परमेश्वर कहिल्यै बदल्नुहुन्न; तर उहाँको व्यवहारमा हेरफेर आउन सक्छ। उहाँ बेग्ला-बेग्लै समयमा फरक-फरक प्रकारले काम गर्नुहुन्छ। परमेश्वरले कुनै निर्दिष्ट युगमा मानिससित गर्नुभएको व्यवहार हामी प्रबन्ध वा प्रशासन भन्छौं। पारिभाषिक हिसाबले ईश्वरीय प्रबन्ध कुनै युग नै होइन, तर एउटा प्रशासन, एउटा भण्डारीपन, एउटा कार्यक्रम, एउटा व्यवसाय, एउटा व्यवस्थापन हो। (अब ग्रीक भाषाको कुरा आयोः 'ओइकोनोमिया' भन्ने शब्दको अर्थ 'व्यवस्थापन' वा 'प्रशासन' नै हो।) तर प्रशासन भन्ने शब्द सुन्नासाथ हामीलाई कुनै समयको याद आउँछ, जस्तै संयुक्त राष्ट्र अमेरिकाको सरकारको इतिहास विभिन्न प्रशासनहरूमा बाँड़िएको छ। हामी जोहन केनेडीको प्रशासन वा चर्चा बूशको प्रशासनको कुरा गर्छौं। तर हामीले भन्न खोजेको तत्पार्य यस प्रकारको छः यी दुईजना राष्ट्रपतिहरूले सरकारको कार्यभार सम्हालेका समयहरूमा तिनीहरूको सरकारले कुन-कुन तरिका अपनाए, हामीले खास गरी यही कुरा गरेका हौं। यसकारण यस विषयमा महत्त्व कुरा के हो, सो बुझ्नुहोस्ः एक प्रशासनकालमा एक प्रकारका नियम र नीतिहरू हुन्छन् भने, अर्को प्रशासनकालमा अर्को प्रकारका नियम र नीतिहरू अपनाइन्छन्। एक-एक युगको निम्ति त्यसमा अपनाइएको प्रशासनका नियमहरू महत्त्वपूर्ण हुन्छन्।

यसकारण इतिहासको कुनै पनि अवधिभित्र परमेश्वरले मानिससँग छुट्टै प्रकारले गर्नुभएको व्यवहार एउटा छुट्टै प्रशासनकाल सम्झन्छौं। युग-युगमा परमेश्वरले अपनाउनुभएका प्रशासनहरू हामी कुन कुरासित तुल्याउन ठीक होला ? यो एउटा परिवारजस्तो हो। घरमा पति र पत्नी मात्र भएको बेलामा लोग्नेस्वास्नीले कुनै सुनिश्चित नित्यक्रम अपनाउँछन्; तर तिनीहरूको घरमा ससाना नानीहरू भएदेखि पारिवारिक जीवनको निम्ति बिलकुल नयाँ नीतिहरू लागू गरिन्छन्। अनि जब छोराछोरीहरू बढ्दै जान्छन्, तब घरको कारबार सम्हाल्ने नियममा फेरि हेरफेर आउँछ। ठीक योजस्तै हामी परमेश्वरले मानिस-जातिसँग गर्नुभएको व्यवहारमा बेला-बेलामा प्रशासनको नियम बदली भएको देख्छौं (गलाती ४ः१-५)।

यसको निम्ति हामी निम्न उदाहरण दिन्छौंः जब कयिनले आफ्नो भाइ हाबिललाई मार्‍यो, तब परमेश्वरले यस उद्देश्यले त्यसमाथि एउटा चिन्ह लगाइदिनुभयो, कि उसलाई भेट्टाउने जसकसैले उसलाई मार्न पाउनेछैन (उत्पत्ति ४ः१५)। तर जलप्रलयपछि *'हरेक जसले*

*मानिसको रगत बगाउँछ, त्यसकै रगत मानिसद्वारा बगाइनेछ'* भनेर परमेश्वरले हत्यारालाई मृत्युदण्ड दिनुपर्छ भन्ने नियम स्थापित गर्नुभयो (उत्पत्ति ९:६)। यसबाट स्पष्ट बुझिन्छः परमेश्वरको प्रशासनमा हेरफेर आएको छ।

अर्को उदाहरण भजन १३७:८-९ पदमा पाइन्छ, जहाँ यस भजनको लेखकले यसो भन्दै बेबिलोनमाथि प्रचण्ड न्याय डाक्दछन्: *'हे बाबेलकी छोरी, जो उजाड़ पारिनेछेस्; तैंले हामीलाई जस्तो व्यवहार गरेकी छेस्, त्यही प्रकारले तँलाई बदला दिने धन्यको हुनेछ। जसले तेरा बालबच्चाहरूलाई पक्रेर ढुङ्गामाथि पछारिदिनेछ, त्यो धन्यको हुनेछ।'*

तर त्यो बदला लिने युग बदली भयो; किनभने प्रभु येशूले आफ्ना जनहरूलाई यस प्रकारको शिक्षा दिनुभयोः *'तर म तिमीहरूलाई भन्छुः आफ्ना शत्रुहरूलाई प्रेम गर, तिमीहरूलाई सराप्नेहरूलाई आशीर्वाद देओ, तिमीहरूलाई घृणा गर्नेहरूलाई भलाइ गर, अनि तिमीहरूको बदनामी गर्नेहरू र तिमीहरूलाई सताउनेहरूको निम्ति प्रार्थना गर'* (मत्ती ५:४४)।

यहाँ स्पष्ट के देखिन्छ भने, व्यवस्थाको अधीनतामा भएका भजन-लेखकलाई जुन भाषा सुहाउँथ्यो, त्यो भाषा नयाँ करारअन्तर्गत जिउने ख्रीष्ट-विश्वासीहरूलाई कति पनि सुहाउँदैन।

लेवीको पुस्तकको एघार अध्यायमा अशुद्ध ठहरिएका केही खानेकुराहरू थिए भने, मर्कूस ७:१९[ख] पदअनुसार खास गरी कुनै अशुद्ध खानेकुरा हुँदैन; किनकि प्रभु येशू ख्रीष्टले सबै खानेकुरा शुद्ध ठहऱ्याउनुभयो।

एज्रा १०:३ पदमा यहूदीहरूलाई विदेशी पत्नीहरू र तिनीहरूबाट जन्मेका छोराछोरीहरूलाई परित्याग गर्ने आज्ञा दिइएको थियो भने, नयाँ नियममा आएर ख्रीष्ट-विश्वासीहरूलाई विश्वास नगर्ने पत्नीलाई नत्याग्ने शिक्षा दिइएको छ (१ कोरिन्थी ७:१२-१६)।

ठीक त्यस्तै व्यवस्थाको जमानामा अर्थात् पुरानो करारको समयमा केवल प्रधान पूजाहारीले परमेश्वरको उपस्थितिमा प्रवेश गर्न पाउँथे (हिब्रू ९:७); तर अनुग्रहको करारअन्तर्गत सबै विश्वासीहरू महापवित्रस्थानमा प्रवेश गर्न सक्छन् (हिब्रू १०:१९-२२)।

यी भिन्नताहरूबाट ईश्वरीय प्रशासनमा हेरफेर आएको स्पष्ट बुझिन्छ।

सबै इसाईहरू युग-युगमा भएका ईश्वरीय प्रशासनहरूको सङ्ख्या र तिनका नामहरूको विषयमा एकमत छैनन्। कति इसाईहरूको निम्ति यस्ता प्रशासनकालहरू नै छैनन्।

तर हामी ईश्वरीय प्रशासनहरू छन् भन्ने कुराको विषयमा निम्न प्रमाण प्रस्तुत गर्न चाहन्छौं। यस सम्बन्धमा हामी पहिले यो भन्छौंः कम्तीमा दुईवटा प्रशासनहरू छन्: व्यवस्थाकाल र अनुग्रहको युग। यसको विषयमा यसो लेखिएको छः *'किनभने व्यवस्था मोशाद्वारा दिइएको थियो, तर अनुग्रह र सत्यताचाहिँ येशू ख्रीष्टद्वारा आए'* (यूहन्ना १:१७)। यस सिलसिलामा हामी पवित्र बाइबलको कुरा गरौंः यसमा दुई भाग छन्: पुरानो नियम र नयाँ नियम। तब पुरानो नियमदेखि नयाँ नियममा आउन प्रशासनमा केही हेरफेर भएकै हुनुपर्छ। अर्को प्रमाण हामी यहाँ पेश गर्छौंः नयाँ नियमका विश्वासीहरूलाई कुनै पशुप्राणीलाई बलिदान गर्ने आवश्यकता छैन। यसबाट स्पष्ट देखिन्छ, कि परमेश्वरले एउटा नयाँ व्यवस्था लागू गर्नुभएको हो। पुरानो नियम र नयाँ नियमको बीचमा भएको भिन्नता नदेख्ने इसाईहरू एकदम कम छन्।

तर हामी दुईवटा मुख्य ईश्वरीय प्रबन्धहरू भएको कुरा स्वीकार गऱ्यौं भने, तीनवटा किन स्वीकार नगर्ने? किनकि सृष्टिको उत्पत्तिदेखि सयौं वर्ष बितेपछि मात्र हामी प्रस्थानको पुस्तकको उन्नाइस अध्यायमा आइपुग्यौं, जुन समयमा मोशाको व्यवस्था दिइएर व्यवस्थाकाल शुरु भयो। यसकारण व्यवस्था प्रदान गरिनुभन्दा पहिले पनि कम्तीमा एक युग र त्यसको छुट्टै

प्रशासन भएको हुनुपर्छ (रोमी ५:१४ पद हेर्नुहोस् !)। यसो हो भने अब तीनवटा प्रशासन-कालहरू भए।

तब चौथो ईश्वरीय प्रशासनकाल छ भन्ने कुरा पनि पत्यारलाग्दो देखिन्छ; किनकि हिब्रू ६:५ पदले आउँदो युगको कुरा गरेको छ। त्यो आउँदो युग त्यही अवधि हो, जब हाम्रा प्रभु येशू ख्रीष्ट फर्केर आउनुहुनेछ, र यस पृथ्वीमाथि आफ्नो हजार वर्षको राज्य स्थापित गर्नुहुनेछ।

प्रेरित पावलले पनि वर्तमान युग र आउँदो युगको बीचमा छुट्ट्याएका छन्। किनभने तिनले सुसमाचार र मण्डलीको सत्यताको सम्बन्धमा कुरा गरेर तिनको हातमा सुम्पिएको ईश्वरीय प्रबन्धको विषयमा लेखेका छन् (१ कोरिन्थी ९:१७; एफेसी ३:२; कलस्सी १:२५)। वर्तमान युग सुसमाचारको युग, मण्डलीको युग भनिन्छ। तर त्यसपछि एफेसी १:१० पदमा आएर प्रेरित पावलले यसरी भविष्यमा आउने युगको कुरा गरेका छन्: *'समयहरूको परिपूर्णतारूपी प्रबन्धअनुसार।'* यस पदको सन्दर्भ हेर्नु हो भने, कुरा स्पष्ट हुन्छः तिनले यहाँ वर्तमान युग र त्यसमा भइरहेका कुराहरू गरेकै हुँदैन। यो प्रबन्ध, यो प्रशासनकाल शुरु भएको छैन।

यसकारण जुन युगमा हामी जिइरहेका छौं, त्यो युगचाहिँ अन्तिम युग होइन रहेछ भन्ने कुरा बुझेका छौं। मानव-इतिहासमा अन्तिम युग आउन बाँकी छ।

डाक्टर सी. आई. स्कोफिल्डले जम्म सातवटा ईश्वरीय प्रशासनकालहरूको बीचमा छुट्ट्याएर निम्न सूचि प्रस्तुत गरेका छन्:

१) *उत्पत्ति १:२८: निर्दोषताको युग।* यो पहिलो युग आदमको सृष्टि भएको समयदेखि तिनी पापमा पतित भएको समयसम्म रहेको थियो।

२) *उत्पत्ति ३:७: नैतिक जिम्मावारी भएको विवेकको युग।* यो दोस्रो युग आदम पापमा पतित भएको समयबाट शुरु भयो र जलप्रलय भएको समयसम्म रह्यो।

३) *उत्पत्ति ८:१५: मानवीय प्रशासनको युग।* यो तेस्रो युग जलप्रलयदेखि अब्राहामको बोलावट भएको समयसम्म भएको हो।

४) *उत्पत्ति १२:१: प्रतिज्ञाको युग।* यो चौथो युग अब्राहामको बोलावटबाट शुरु गरेर व्यवस्था दिइएको समयसम्म रह्यो।

५) *प्रस्थान १९:१: व्यवस्थाकाल।* यो पाँचौं युगचाहिँ मोशाको व्यवस्था दिइएको समयदेखि पेन्टेकोष्टको दिनसम्म रहिरहेको थियो।

६) *प्रेरित २:२: मण्डलीको युग।* पेन्टेकोष्टको दिनदेखि उसो ख्रीष्ट येशूको मण्डली आकाशमा नउठाइलगिएको दिनसम्म चलिरहेको छ।

७) *प्रकाश २०:४: हजार वर्षको राज्य हुने युग।* यस सातौं युगमा ख्रीष्ट येशूले हजार वर्षसम्म यस पृथ्वीमाथि राज्य गर्नुहुनेछ। [18)]

हामी यी युगहरूको एक-एक बुँदामा सहमत हुनुपर्दैन। तर विभिन्न युगहरूमा परमेश्वरको प्रशासन गर्ने नियमहरू बेग्ला-बेग्लै थिए भन्ने कुरा जान्न लाभदायक हो। यस सिलसिलामा हामीले व्यवस्थाकाल र अनुग्रहको युगको बीचमा छुट्ट्याउन सक्नुपर्छ; यो अनिवार्य हो। यदि यस्तो गर्न हामी चुक्यौं भने, हामी पवित्र धर्मशास्त्र बाइबलका एक युगको सम्बन्धमा लेखिएका कति खण्डहरू लिएर यी खण्डहरू अर्को युगसँग अर्थात् हाम्रो वर्तमान युगसँग जोड्दै यी खण्डहरू गलत अर्थमा प्रयोग गर्न पुग्छौं। २ तिमोथी ३:१६ पदअनुसार पवित्र धर्मशास्त्र

बाइबलका सबै वचनहरू लाभदायक हुन्छन्; यो सत्य कुरा हो । तर ती सबै वचनहरू सीधा आएर हाम्रो निम्ति लेखिएका होइनन् । विभिन्न युगहरूको निम्ति लेखिएका पवित्र धर्मशास्त्रका खण्डहरूबाट सिक्न सक्ने पाठहरू धेरै छन्, तर ती खण्डहरूको प्रमुख र प्राथमिक अर्थ सम्बन्धित युगहरूसित छ, जसको सिलसिलामा ती खण्डहरू लेखिएका हुन् । हामीले खानु हुने-नहुने खानेकुराहरूको सम्बन्धमा लेखिएको लेवीको पुस्तकको एघार अध्यायको कुरा गरिसक्यौं । यो प्रतिबन्ध आजका इसाईहरूमाथि लागू हुँदैन (मर्कूस ७ः१८-१९) । तर यस खण्डबाट सिक्न सक्ने एउटा आत्मिक नियम छँदैछः हामी नैतिक र आत्मिक सबै अशुद्धताबाट अलग बस्नुपर्छ ।

परमेश्वरले इस्राएलीहरूसँग, तिनीहरूले उहाँको आज्ञापालन गरेको खण्डमा उहाँले तिनी-हरूलाई भौतिक आशिषले परिपूर्ण पार्नुहुने प्रतिज्ञा गर्नुभयो (व्यवस्था २८ः१-६) । प्रतिज्ञा गरिएको देशमा भौतिक आशिषहरूले सुसम्पन्न हुने यो प्रतिज्ञा त्यस युगको निम्ति दिइएको थियो । तर यो कुरा वर्तमान समयमा लागू हुँदैन । वर्तमान युगमा परमेश्वरले हाम्रो आज्ञापालनको फलस्वरूप हामीलाई आर्थिक आशिषहरू दिन्छु भन्ने प्रतिज्ञा गर्नुभएको छैन । मण्डलीको युगमा उहाँले दिन्छु भन्ने आशिषहरू प्रायः आत्मिक आशिषहरू हुन्, स्वर्गीय स्थानहरूमा पाइने आशिषहरू पो हुन् (एफेसी १ः३) ।

विभिन्न युगहरूको निम्ति भिन्नै प्रशासनका नियमहरू थिए भने, समयहरूमा हेरफेर आए पनि कहिल्यै बदली नभएको एउटा कुरा रहेको छ; अनि त्योचाहिँ सुसमाचार हो । प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाइन्छ । हिजो, आज, अँ, सधैंभरि यो कुरा एकनाश रहिरहन्छ । ख्रीष्ट येशूले क्रूसमा पूरा गर्नुभएको त्राणको कामको आधारमा हरेक युगका मानिसहरूले मुक्ति पाउँछन् ।[19] पुरानो नियमको समयमा परमप्रभुले मानिसहरूलाई जुन प्रकाश दिनुभयो, त्यही प्रकाशमाथि विश्वास गर्नाले तिनीहरूले मुक्ति पाए, जस्तैः अधिपति अब्राहामले 'तिम्रो वंश ताराहरूजस्तै अनगिन्ती हुनेछ' भन्ने परमेश्वरको वचनमाथि विश्वास गरेर धर्मी ठहरिए (उत्पत्ति १५ः५-६) । सयौं वर्षपछि गलगथामा के-के घटना घट्नेछ, सो विषयमा सायद अब्राहामलाई अलिकति पनि ज्ञान थिएन होला; तर यो कुरा परमेश्वरलाई पूरा थाहा थियो । अनि जब अब्राहामले परमेश्वरमाथि विश्वास गरे, तब उहाँले तिनको हिसाबमा ख्रीष्ट येशूले भविष्यमा गलगथाको क्रूसमा पूरा गर्नुहुने त्राणको कामको पुण्यफल लेखिदिनुभयो ।

एकजना अज्ञात भाइले यसो भनेका छन्ः 'पुरानो नियमका पवित्रजनहरूले उधारोमा मुक्ति पाए ।' यसो भन्न खोजेको तात्पर्य यस प्रकारको छः भविष्यमा प्रभु येशूले तिनीहरूको निम्ति मुक्तिको दाम तिरिदिनुहुने आधारमा ती मानिसहरूले मुक्ति पाए । अनि रोमी ३ः२५ पदको अर्थ पनि ठीक यही हो । अनि हामीचाहिँ ? हामीले ख्रीष्ट येशूले दुई हजार वर्षअघि पूरा गर्नुभएको त्राणको कामको आधारमा मुक्ति पाएका हौं । तर चाहे तिनीहरू होऊन्, चाहे हामी हौं, हामी सबैजनाले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पायौं ।

व्यवस्थाको युगमा मानिसहरूले व्यवस्थाका नियमहरू पालन गरेर मुक्ति पाएनन्, न पशुप्राणीहरू बलिदान गरेर मुक्ति पाए । यस प्रकारको गलत अर्थ लगाउनुदेखि हामी जोगिनुपर्छ । व्यवस्था अरू केही कामको हुँदैन, त्यसले मानिसलाई केवल दोषी ठहऱ्याउन सक्छ, तर त्यसले कसैलाई पनि बचाउन सक्दैन (रोमी ३ः२०) । अनि साँढ़ेहरू र बोकाहरूको रगतले कुनै एउटै पाप पनि मेटिँदैन (हिब्रू १०ः४) । परमेश्वरले तयार गर्नुभएको मुक्तिको मार्ग विश्वास हो; येशू

ख्रीष्टमाथिको विश्वासले बचाउँछ (रोमी ५:१)। तब के, के तपाईंले प्रभु येशूमाथि विश्वास गरेर मुक्ति पाउनुभयो ? सबैभन्दा मुख्य कुरा यो हो।

अर्को कुरा पनि हामीले याद गर्नुपर्छः हामी वर्तमान मण्डलीको युग 'यो अनुग्रहको युग हो' भन्छौं। तर यसो भन्नेमा परमेश्वर अरू युगहरूमा अनुग्रही हुनुहुन्नथियो भन्ने कुरा बुझ्नुहुँदैन। हामीले भन्न चाहेको तत्पार्य यस प्रकारको छः वर्तमान समयमा परमेश्वरले व्यवस्थाद्वारा मानिससित व्यवहार गर्नुहुन्न, तर अनुग्रहको करारअन्तर्गत प्रकट गर्नुभएको सत्यताद्वारा बरताव गर्नुहुन्छ।

मनमा राख्नुपर्ने अर्को कुरा पनि छः कुनै युग पनि आँखाको निमेषमा बन्द हुँदैन; प्रायः एक युगको कुरा केही मात्रामा र केही समयको निम्ति अर्को युगमा व्याप्त हुन जाँदो रहेछ र त्यहाँ एउटा अन्तराल समय हुने रहेछ। प्रायः एउटा युग सकिएर तुरुन्तै अर्को युग शुरु हुने होइन। यसको उदाहरण हामी प्रेरितको पुस्तकमा देख्छौं। भर्खरै शुरु भएको प्रभुको मण्डलीलाई व्यवस्थाकालका कति पकड़ र अल्झोहरू हटाउन निक्कै समय लाग्यो। अनि यो पनि सम्भव देखिन्छ, कि ख्रीष्टको मण्डली आकाशमा उठाइलगिएको समयपछि र सङ्कष्टकाल शुरु हुनुभन्दा अघि एउटा अन्तराल समय हुनेछ होला, जुन समयमा पापको पुरुष, त्यस विनाशको पुत्र प्रकट हुनेछ, र यरूशलेमको मन्दिर निर्माण गरिनेछ।

अन्तमा हामी यो पनि भन्छौंः हरेक असल कुराको दुरुपयोग गर्न सकिन्छ; यसर्थ युग-युगमा परमेश्वरको विभिन्न प्रबन्धहरूको विषय हददेखि बाहिर लान पनि सकिन्छ। कति इसाईहरू छन्, जसले पवित्र बाइबलको एउटा कुरा यस युगको हो र अर्को कुरा अर्को युगको हो भन्दै यी ईश्वरीय प्रबन्धहरूको शिक्षामाथि चाहिएको भन्दा बढ़ी ध्यान दिन्छन्, र अन्तमा तिनीहरूले केवल प्रेरित पावलले जेलमा बसेर लेखेका तिनका पत्रहरू वर्तमान समयमा मण्डलीको निम्ति लागू हुन्छन् भनेर भन्छन्; तिनीहरू यहाँसम्म जान्छन्, कि तिनीहरूले पानीको बप्तिस्मा र प्रभुभोजको विधि समेत ग्रहण गर्दैनन्; किनकि यी दुवै कुराहरू कैदबाट लेखिएका पावलका पत्रहरूमा पाइँदैनन्।[20] तिनीहरूले 'पत्रुसको सुसमाचार पावलको जस्तै थिएन' भन्ने शिक्षा दिन्छन्। तर गलाती १:८-९ पदको खण्डले यो तिनीहरूको गलत शिक्षा खण्डन गर्छ। यस प्रकारको शिक्षा अपनाउनेहरूको नाम 'सीमादखि बाहिर गएका व्यवस्थापन-मतका समर्थकहरू' अथवा 'बुलिङ्गरका अनुयायी' भनिन्छ, जुन नाम तिनीहरूको शिक्षक ई. डब्ल्यू. बुलिङ्गरको नामबाट आएको हो। यस प्रकारको असन्तुलित अतिवादीहरूको धारणा हामीले सरासर इन्कार गर्नुपर्छ।

आउनुहोस्, हामी प्रस्थानको पुस्तकको अध्ययनमा फर्कौं !

**प्रस्थान १९:१०-२०ः** परमेश्वर तीन दिनमा इस्राएलीहरूकहाँ देखा पर्न लाग्नुभयो। यसकारण यसको तयारीमा मानिसहरूले आफ्ना वस्त्रहरू धोएर र स्त्रीप्रसङ्गबाट अलग रहेर आफूलाई पवित्र पार्नुपरेको थियो। परमेश्वरको उपस्थितिमा जाँदा-रहँदा तिनीहरूको शुद्धता अनिवार्य थियो भन्ने कुरा मानिसहरूले सिक्नुपर्‍यो। यो सिनाई पर्वत तिनीहरूका निम्ति मनाही गरिएको स्थान थियो। न मानिस, न ता पशुहरूले यस पर्वतको परिधिभित्र आएर त्यसलाई छुन पाउँथ्यो; छोएको खण्डमा उसको निम्ति मृत्युदण्ड तोकिएको थियो। तिनीहरूले यो आज्ञा उल्लङ्घन गर्ने अपराधीलाई नपछ्याईकन उसलाई टाढ़ैबाट तीर वा ढुङ्गाले हानेर मार्नुपर्थ्यो। केवल मोशा र हारूनले यस

पहाड़मा चढ्ने अनुमति पाए, अनि त्यो पनि त्यस समयमा मात्र, जब भेड़ाको सिङ बज्न लाग्यो (उत्पत्ति १९:२४)। त्यस दिनमा एउटा घना बादलले सिनाई पर्वतलाई ढाक्यो; बिजुलीहरू चम्किरहेका थिए, र मेघगर्जनहरू भए। यो पर्वत आगैआगो भयो र यममा धूवाँ भट्टीको धूवाँझैं उठिरहेको थियो। सारा पर्वत नै ठूलो भूकम्पले थर्कमान भयो। यी सबै डरलाग्दा-डरलाग्दा लक्षणहरूले परमेश्वर-सितको भेटघाट कति भयानक छ भन्ने कुरा देखाउन खोजे, विशेष गरी तिनीहरूको निम्ति जसले व्यवस्थाको आज्ञापालनको आधारमा परमेश्वरसित भेट्न चाहन्छन्।

**प्रस्थान १९:२१-२५:** परमप्रभुले मोशासँग यो चेताउनीको वचन दोहोऱ्याउनुभयोः मानिसहरूले पर्वतलाई कदापि नछोऊन्। मोशाको विचारमा मानिसहरूलाई फेरि चेताउनी दिनु आवश्यक थिएन; यसो भए पनि उनले प्रभुको आज्ञा मानेर तिनीहरूलाई सम्झाए। उत्पत्ति १९:२२ र २४ पदमा उल्लेख गरिएका पूजाहारीहरू सायद इस्राएलीहरूबाट पहिला जन्मेका छोराहरू थिए होलान्।

### ख) प्रस्थान २०: दस आज्ञाहरू

नयाँ नियममा आएर प्रभु येशूले दस आज्ञाहरू दुई भागमा बाँड्नुभयोः एक खण्डले परमेश्वरसितको प्रेमको सम्बन्धका कुराहरू र दोस्रो खण्डले छिमेकी मानिस-प्रतिको प्रेमको सम्बन्धका कुराहरू समेट्थ्यो (मत्ती २२:३७-४०)। कतिजना मानिस-हरूको विचारमा, दस आज्ञाहरूमध्ये पहिला चार आज्ञाले परमेश्वरलाई प्रेम गर्ने कुरा सिकाउँछन्; अरूले पाँचौं आज्ञा पनि त्यस खण्डमा जोड्छन्। किनभने यी पहिला पाँचवटा आज्ञाहरूमा 'परमप्रभु, तिम्रा परमेश्वर' भन्ने वाक्यांश पाइन्छ।

*पहिलो आज्ञाः*

**प्रस्थान २०:१-३:** अरू कुनै देवी-देवतालाई मान्नहुँदैन। यस आज्ञाले एकजनाभन्दा बढ़ी ईश्वरहरूलाई पुज्नुहुँदैन, र त्यो एकजना ईश्वरचाहिँ परमप्रभु परमेश्वर हुनुपर्छ भन्ने कुरा सिकाउँछ।

*दोस्रो आज्ञाः*

**प्रस्थान २०:४-६:** मानिसहरूले आफ्नो निम्ति कुनै खोपिएको मूर्ति बनाउनुहुँदैन। यस आज्ञाद्वारा मूर्तिपूजा मनाही गर्नुको साथै मूर्ति बनाउने काम पनि निषेध गरिएको छ। पूजा गर्ने सम्बन्धमा चित्रकलाद्वारा तयार गरिएको जुनसुकै चित्र, अँ, जुनै पनि वस्तुको प्रतिरूप, प्रतिमा वा मूर्तिको प्रयोग यस आज्ञाद्वारा मनाही गरिएको छ। तर सबै चित्र र प्रतिमाहरू यस आज्ञाअन्तर्गत पर्दैनन्, किनभने निवासस्थानमा राख्न खोपिएर बनाइएका करूबहरू त थिए। अनि परमेश्वरले मोशालाई पित्तलको साँप बनाउने आदेश दिनुभयो (गन्ती २१:८)। यसकारण बुझ्नुहोस्: यस दोस्रो आज्ञाले मनाही गरिएका प्रतिरूप र प्रतिमाहरू देवीदेवता-हरूका मूर्तिहरू हुन्; यसमा कुनै शङ्का छैन।

परमप्रभु परमेश्वर डाह गर्ने परमेश्वर हुनुहुन्छ। उहाँले आफ्ना जनहरूको आराधना र उहाँप्रतिको प्रेम पाउनैपर्छ; उहाँले त्यो अरू कसैसँग बाँड्नुहुन्न। पितापुर्खाहरूले उहाँप्रति गरेको अधर्मको निम्ति उहाँले तेस्रो र चौथो पुस्तासम्म तिनीहरूका छोराछोरीहरूलाई दण्ड दिनुहुन्छ। वंशाणुगत दुर्बलताहरू, गरिबी, रोगहरू र छोटो आयुको रूपमा यो दण्ड तिनीहरूमाथि आइपर्न सक्छ। तर परमेश्वरको दया उहाँलाई प्रेम गरेर उहाँका आज्ञाहरू पालन गर्नेहरूमाथि हजारौं पुस्तासम्म रहिरहन्छ।

*तेस्रो आज्ञाः*

**प्रस्थान २०ः७ः** परमप्रभु परमेश्‍वरको नाम व्यर्थमा लिनुहुँदैन; यो मनाही गरिएको छ। यसर्थ परमेश्‍वरको नाममा शपथ खानुहुँदैन; यसरी कुनै झूट सत्य ठहरिँदैन। परमेश्‍वरको नामको निन्दा, गालीगलौज, सराप, झूटो कसम र हल्का प्रतिज्ञा वा आफ्नो प्रतिज्ञा पूरा नगर्ने कुराहरू पनि यस आज्ञाले समेटिएका हुन्छन्।

*चौथो आज्ञाः*

**प्रस्थान २०ः८-११ः** विश्रामदिन अलग गर्ने याद गर्नुपर्छ। उत्पत्ति २ः१-३ पदमा विश्रामदिनको बारेमा पहिलो पल्ट लेखिएको छ; त्यसपछि उजाड़स्थानमा मन्ना बटुल्ने सम्बन्धमा विश्रामदिन पालन गर्ने आदेश दिइएको छ (प्रस्थान १६)। अनि अहिले-चाहिँ यहाँ इस्राएली जातिसित विश्रामदिन पालन गर्ने आज्ञा औपचारिक रूपले स्थापित भएको हो। विश्रामदिन यस विश्रामको एउटा चित्र हो, जुन विश्राम ख्रीष्ट-विश्‍वासीहरूले ख्रीष्टमा उपभोग गर्छन्, साथै यसले यस विश्रामको पनि चित्रण गर्छ, जुन विश्राम छुटकारा पाएको सृष्टिले हजार वर्षको राज्यमा उपभोग गर्नेछ। विश्रामदिन हप्ताको सातौं दिन हो, अर्थात् शुक्रबार बेलुका घाम अस्ताएको समयदेखि शनिबारको बेलुका घाम अस्ताएको समयसम्म विश्रामदिन गनिन्छ। नयाँ नियमभरि इसाईहरूलाई विश्रामदिन पालन गर्नुपर्ने आज्ञा कहीं पनि दिइएको छैन।

*पाँचौं आज्ञाः*

**प्रस्थान २०ः१२ः** हामीले आफ्ना बुबा-आमालाई आदर गर्नुपर्छ। यहाँ आदरको मतलब उनीहरूको आज्ञापालन गर्नु हो। यस पदको सामान्य शिक्षा यस प्रकारको छः बुबाआमाप्रतिको आज्ञाकारी जीवन दीर्घायुको जीवन हो; अनि बुबाआमाप्रतिको अनाज्ञा-कारिता र पापले पूर्ण जीवन छिटो सक्दो रहेछ; असामयिक मृत्यु यसको फल हुँदो रहेछ। अनि यो प्रतिज्ञासहितको प्रथम आज्ञा हो (एफेसी ६ः२)। यस आज्ञाले हामीलाई अधिकारमा भएकाहरूलाई सम्मान गर्न सिकाउँछ।

*छैटौं आज्ञाः*

**प्रस्थान २०ः१३ः** *'तिमीले हत्या नगर्नू !'* यस आज्ञाको मुख्य बुँदा हत्या नै हो, मृत्युदण्ड दिने वा नजानीकन कसैको प्राण हरण गर्ने कार्य होइन। यस आज्ञाले हामीलाई मानव जीवनलाई सम्मान गर्न सिकाउँछ।

*सातौं आज्ञाः*

**प्रस्थान २०ः१४ः** *'तिमीले व्यभिचार नगर्नू !'* व्यभिचार निषेध गर्ने यस आज्ञाले विवाहलाई सम्मान दिन्छ र अर्काको शरीरको दुरुपयोग गरेर आफ्नो फाइदा नउठाउने चेताउनी दिन्छ। यस आज्ञाले सबै प्रकारका अवैध यौन-सम्बन्धहरू समेट्छ।

*आठौं आज्ञाः*

**प्रस्थान २०ः१५ः** *'तिमीले चोरी नगर्नू !'* यस आज्ञाले कुनै पनि प्रकारको छल-क्रियालाई सङ्केत गर्छ, जसद्वारा कुनै व्यक्तिले अर्को व्यक्तिको धनसम्पत्तिमाथि हात लगाइ-दिन्छ। यस आज्ञाले हामीलाई अरू मानिस-हरूको सम्पत्ति सम्मान गर्न सिकाउँछ।

*नवौं आज्ञाः*

**प्रस्थान २०ः१६ः** *'तिमीले आफ्नो छिमेकीको विरुद्ध कुनै झूटो गवाही नदिनू !'* यस आज्ञाले झूटो वचनद्वारा अरू कसैको चरित्रमा धक्का पुऱ्याउने वा मानहात्या गर्ने कार्य निषेध गर्छ; कसैको विरोधमा झूट

बोलेर हामी उसलाई दण्डको योग्य ठहऱ्याउन सक्छौं वा उसलाई ज्यान-सजाय पाउने स्थितिमा पुऱ्याउन सक्छौं। यस आज्ञाले हामीलाई अरू मानिसहरूको मान-मर्यादा कायम राख्न सिकाउँछ।

*दसौं आज्ञाः*

**प्रस्थान २०:१७ः** 'तिमीले कसैको लोभलालच नगर्नू!' यो दसौं आज्ञा कुनै काममाथि होइन, तर हाम्रो अभिप्रायमाथि केन्द्रित रहन्छ। यस आज्ञाले 'परमेश्वरले हाम्रा निम्ति इच्छा नगर्नुभएको कुनै पनि थोकको अभिलाषा गर्नु पाप हो' भन्ने कुरा देखाउँछ। प्रेरित पावलले रोमीहरूलाई लेखेको आफ्नो पत्रमा के लेखे भने, यस आज्ञाले तिनको जीवनमा पापको विषयमा तिनलाई गहिरो गरी कायल पार्ने काम गरेको थियो (रोमी ७:७)।

**प्रस्थान २०:१८-२१ः** यी दस आज्ञाहरू प्रदान भएपछि मानिसहरू परमेश्वरको दिव्य उपस्थितिको प्रदर्शनका भयानक लक्षणहरूले साह्रै भयभीत बने; किनकि परमेश्वर सीधा तिनीहरूसँग बोल्नुभएको भए तिनीहरूमध्ये कोही पनि बाँच्नेथिएन भनेर तिनीहरूले भन्ठाने। यसकारण मोशा तिनीहरूको मध्यस्थ बने।

**प्रस्थान २०:२२-२३ः** मोशाको व्यवस्था दिइएको उद्देश्य के थियो भने, मानिसहरूले आफ्नो पापी अवस्था देख्नु थियो। अनि तिनीहरूले यो देखेपछि परमेश्वरले आफ्नो अनुग्रहमा तिनीहरूलाई एउटा वेदी बनाउने आदेश दिनुभयो; किनभने कुनै पापी मानिस बलिदानको रगतको आधारमा मात्र परमेश्वरको नजिक आउन सक्छ भन्ने कुरा ती मानिसहरूले बुझ्नुपरेको थियो। यस वेदीले ख्रीष्ट येशूको बोध दिलाउँछ; किनभने केवल ख्रीष्ट येशूद्वारा हामी पापी मानिसहरूले परमेश्वर पिताकहाँ जान सक्छौं।

*'अनि तिमी मेरा निम्ति ढुङ्गाको वेदी बनाउँछौ भने, तिमीलाई त्यो काटेको ढुङ्गाले नबनाउनू; किनकि जब तिमीले त्यसमाथि आफ्नो हतियार चलाउँछौ, तब तिमीले त्यसलाई अशुद्ध पार्छौ'* (प्रस्थान २०: २५) मानिसले न कुनै धर्मकर्म गरेर, न कुनै व्यक्तिगत प्रयत्न गरेर वा अरू कुनै पुण्यकार्य गरेर ख्रीष्ट येशूको सिद्धतारूपी सुनमा कुनै सुगन्ध थप्न सक्छ।

*'अनि तिमी खुड्किलाहरूबाट चढ़ेर मेरो वेदीकहाँ नजानू, नत्र ता त्यसमाथि तिम्रो नग्नता उघारिनेछ'* (प्रस्थान २०:२६)। त्यस वेदीमाथि चढ्ने खुड्किलाहरू मानिसका व्यर्थ प्रयासहरूको प्रतीक हुन्। अनि यदि होमबलिको वेदीकहाँ उक्लेर जाँदा पूजाहारी-हरूले लामो, खुकुलो वस्त्र लाउँथे। तब ती खुँड्किलाहरूबाट माथि चढ्दाखेरि तिनी-हरूको नग्नता उघ्रिनुचाहिँ यस्तो पवित्र अवसरमा कति असुहाउँदो ठहरिनेथियो!

## ग) प्रस्थान २१-२४ः विविध नियमहरू

### अ) प्रस्थान २१:१-११ः कमारा-कमारी सम्बन्धित नियम

**प्रस्थान २१:१-६ः** परमेश्वरले दस आज्ञाहरू दिनुभएपछि इस्राएलीहरूलाई तिनीहरूको व्यवहारको सम्बन्धमा अरू धेरै विविध नियमहरू प्रदान गर्नुभयो।

एकजना हिब्रू मानिसले कमारा बनेर आफ्नो ऋण चुकाउन सक्थ्यो; कमारा बनेर उसले चोरी गरेको मालको भर्ने काम गर्न सक्थ्यो। अथवा कुनै हिब्रू दासदासीको छोरा भएर ऊ कमारा भएको हुन सक्थ्यो। हिब्रू कमाराले छ वर्ष मालिकको सेवा गरेपछि सातौं वर्षमा उसलाई स्वतन्त्र गर्नुपर्थ्यो। यदि कमारा बन्नुभन्दा अघि उसले विवाह गरेको भए उसकी स्वास्नी पनि ऊसँगै स्वतन्त्र हुनुपर्थ्यो। तर यदि ऊ कमारा भइसकेको

अवस्थामा उसले विवाह गरेको भए, उसकी स्वास्नी र उसका छोराछोरीहरू मालिकको सम्पत्ति गनिन्थे। यस्तो परिस्थितिमा उसले आफ्नो परिवारसँग आजीवन रहनलाई कमारापन नै चुन्न सक्थ्यो; यसको निम्ति उसका मालिकको घरको ढोकामा वा त्यस ढोकाको खाँबामा सुतारीले उसको कान छेंड़िन्थ्यो; यसरी उसले स्वेच्छापूर्वक आफूलाई आफ्नो मालिकको घरसित एक तुल्याउँथ्यो। यही कारण उसको कान छेंड़ियो। यस कुराले ख्रीष्ट येशूको सुन्दर चित्र दर्साउँछ; किनभने उहाँ ती सिद्ध कमारा हुनुहुन्थ्यो, जसले हामीलाई अगाध प्रेम गरेर स्वतन्त्र हुन मान्नुभएन, तर जो बरु गलगथाको क्रूसमा छोंड़िनुभयो। मुक्तिदाता प्रभुले हाम्रो निम्ति जेजति गर्नुभयो, सो विचार गरेर हामीले उहाँको दास हुनको निम्ति आफूलाई स्वेच्छापूर्वक समर्पण गर्नुपर्छ, र बिशप मूलले प्रयोग गरेका शब्दहरू भन्नुपर्छः

> हे मेरा स्वामी, मलाई त्यस ढोकानिर लैजानुहोस्,
> अब तयार भएको मेरो कान अझ एकपल्ट छेंड़िदिनुहोस्!
> किनकि तपाईंको बन्धन मेरो निम्ति स्वतन्त्रता हो;
> यसकारण मलाई तपाईंको साथमा रहन दिनुहोस्!
> म तपाईंको निम्ति परिश्रम गर्नेछु;
> म तपाईंको दुःख भोग्न तयार छु;
> म आज्ञाकारी हुनेछु। [21)]

**प्रस्थान २१:७-११:** अब हिब्रू कमारीको कुरा आयोः कुनै मालिकले एउटी हिब्रू कमारीलाई आफ्नी पत्नी वा उपपत्नी तुल्याएपछि त्यो कमारी सातौं वर्षमा स्वतन्त्र हुनुहुँदैनथियो, विशेष गरी जब उसको पतिले ऊसित गर्नुपर्ने जिम्मावारी पूरा गर्ने इच्छा गर्‍यो भने। तर यदि उसको मालिकले यसो गर्न नचाहेको खण्डमा कसैले उसको निम्ति दाम तिरेमा त्यसले उसलाई छुट्न दिन सक्थ्यो; तर ऊ अन्यजातिको मानिसको हातमा बेचिनुहुँदैनथियो।

यसो पनि हुन सक्थ्यो कि उसको मालिकले उसलाई आफ्नो छोराकी बुहारीको रूपमा राख्ने इच्छा गर्‍यो; तब त्यसले उसलाई आफ्नै बुहारीलाई गरेजस्तै सुव्यवहार गर्नुपर्थ्यो। अनि यदि उसको मालिकले अर्की स्वास्नीलाई ल्यायो भने, त्यसले यस कमारीको निम्ति खाने-लाउने प्रबन्ध गर्नुपर्थ्यो र पहिलेजस्तै उसप्रति वैवाहिक कर्तव्य पूरा गर्नुपर्थ्यो। अनि यो वैवाहिक कर्तव्य के थियो त? प्रेम र वास्ता र बस्ने ठाउँ पक्का पनि यस कर्तव्यभित्र समावेश हुन्थ्यो। यदि त्यसले यसो गर्ने इच्छा नगरेको खण्डमा कसैले कुनै मोल नतिरीकन यो कमारी स्वतन्त्र हुन्थ्यो।

परमेश्वरले कमाराकमारीहरूको सम्बन्धमा यहाँ कति नियमहरू पेश गर्नुभयो; यसो गरेको मतलब उहाँले दासप्रथा अनुमोदन गर्नुभएको बुझ्नुहुँदैन। होइन, तर उहाँले दासत्वको बन्धनमा परेकाहरूको कानुनी अधिकार सुरक्षासाथ कायम राख्नुभयो।

### आ) प्रस्थान २१:१२-२६: व्यक्तिगत चोट र हानि सम्बन्धित नियम

**प्रस्थान २१:१२-१४:** अर्काको प्राण लिने अपराधीको मृत्युदण्ड सुनिश्चित थियो भन्ने सार्वजनिक नियम प्रस्थान २१:१२ पदले पेश गरेको छ। तर यस नियमदेखि बाहेकको एउटा कुरा थियोः यदि कुनै हत्या अनजानमा भएको खण्डमा यसको निम्ति नियम यस्तो थियोः यस प्रकारको हत्याराचाहिँ भागेर परमेश्वरको वेदीकहाँ र भविष्यमा कुनै शरणनगरमा जान सक्थ्यो। तर जानीबुझी गरेको हत्याको निम्ति परमेश्वरको वेदीले त्यस हत्यारालाई कुनै सुरक्षा दिनेथिएन।

**प्रस्थान २१:१५-१७:** बुबाआमाहरूको मर्यादा कायम राख्नको निम्ति तिनीहरूको

विरुद्धमा उठेर तिनीहरूमाथि हात लगाउने जुनै पनि छोराछोरीलाई तिनीहरूको यस अपराधको बदलामा मृत्युदण्ड दिइनुपर्थ्यो। अनि कसैले बुबाआमालाई अपहरण गऱ्यो वा तिनीहरूलाई सराप्यो भने यस्तोलाई पनि मृत्युदण्ड दिइन्थ्यो।

**प्रस्थान २१ः१८-१९ः** यदि कुनै मानिसले कसैलाई झगड़ा गरेर घाइते बनाएको खण्डमा त्यसले यस घाइते व्यक्तिको उपचारको खर्च गर्नुको साथै उसको नोक्सानीसमेत बेहोर्नुपर्थ्यो, उसको काम गर्न नसक्ने समय जत्ति किन नहोस्।

**प्रस्थान २१ः२०-२१ः** कुनै मालिकले आफ्नो कमारालाई सजाय दिन पाउँथ्यो, तर उसले त्यसलाई मार्न पाउँदैनथियो। यदि कुनै कमारा उसलाई हिर्काउनासाथ ऊ मरिहाल्यो भने, यसको दोष त्यसको माकिलमाथि पर्थ्यो; तर यदि त्यो हिर्काइएको कमारा अझै एक-दुई दिन बाँच्यो भने, त्यसको मालिक दण्डको योग्य ठहरिँदैनथियो; किनभने उसले त्यसलाई मार्ने हिसाबले हिर्काएको थिएन, जो उसको सम्पत्ति थियो।

**प्रस्थान २१ः२२ः** दुईजना मानिसहरूको बीचमा झगड़ा हुँदा यदि कुनै एउटी गर्भवती स्त्री घाइते भई र समय नपुगी त्यसले जन्माई, तर त्योभन्दा ठूलो चोट भएन भने, त्यसको पतिले क्षतिको दाम तोकेअनुसार न्यायकर्ताले फैसला गरिदिनुपर्थ्यो।

**प्रस्थान २१ः२३-२५ः** व्यक्तिगत हानिको सम्बन्धमा एउटा सार्वजनिक नियम लागू हुन्थ्योः मानिसले प्राणको बदलामा प्राण, आँखाको बदलामा आँखा, दाँतको बदलामा दाँत, हातको बदलामा हात र खुट्टाको बदलामा खुट्टा दिनुपर्थ्यो। यसर्थ सजाय अपराध सुहाउँदो हुनुपर्थ्यो। सजाय बढ़ता हुनुहुँदैनथियो, कम पनि हुनुहुँदैनथियो, तर हर हिसाबले सठीक हुनुपर्थ्यो। व्यावहारिक रूपमा हत्याको मामिलाबाहेक अरू सबै मुद्दाहरू जरिवाना तिरेर छिन्न सकिन्थ्यो (गन्ती ३५ः३१)।

**प्रस्थान २१ः२६-३६ः** यदि कुनै मालिकले आफ्नो कमाराको आँखा या दाँतमा अथवा आफ्नी कमारीको आँखा या दाँतमा हिर्काएर त्यो बिग्रियो भने, त्यो कमारा, त्यो कमारी स्वतन्त्र हुन सक्थ्यो।

कुनै गोरुले कसैलाई माऱ्यो भने, त्यस गोरुलाई ढुङ्गाले हानेर मार्नुपर्थ्यो, र त्यसको मासु खानुहुँदैनथियो। अनि यदि त्यस गोरुको मालिकलाई ‘मेरो गोरुको हान्ने बानी छ’ भन्ने कुरा थाहा थियो, र उसलाई ‘तपाईंको गोरु हान्छ है’ भन्ने जानकारी दिइएको थियो भने, त्यस गोरुको मालिकलाई पनि मृत्युदण्ड दिइनुपर्थ्यो। तर त्यस गोरुको मालिकको निम्ति छुट पाउने प्रबन्ध थियोः तोकिएको जरिवाना दिएर उसले आफ्नो प्राण बचाउन सक्थ्यो। उक्त नियम गोरुले मारिएको छोरा वा छोरीको विषयमा पनि लागू हुन्थ्यो। तर त्यस गोरुले कुनै कमारा वा कुनै कमारीलाई हानेर माऱ्यो भने, त्यस गोरुलाई ढुङ्गाले हानेर मार्नुको साथै त्यस गोरुको मालिकले कमाराको मालिकलाई तीस शेकेल चाँदी दिनुपर्थ्यो। यस सिलसिलामा याद रहोस्ः यहूदा इस्करयोतीले तीस शेकेल चाँदीमा आफ्ना प्रभुलाई विश्वासघात गरेर सुम्प्यो, अर्थात् गोरुले हानेर मारिएको कमाराको निम्ति जरिवानाको मूल्यजतिमै।

यदि कसैले एउटा खाड़ल खनेर खुला राख्यो भने, त्यस खाड़लमा परेको पशु-प्राणीको निम्ति उसले क्षतिपूर्ति गर्नुपर्थ्यो।

यसरी नै यदि कसैको गोरुले अर्काको गोरुलाई हानेर माऱ्यो भने, जिउँदो गोरुलाई बेच्नुपर्थ्यो र ती दुवै गोरुहरूको मासु र मोल बराबरी बाँड्नुपर्थ्यो। तर त्यस हान्ने गोरुको मालिकलाई त्यसको हान्ने बानीको विषयमा थाहा थियो भने, त्यसले मरेको गोरुको निम्ति पूरा दाम तिर्नुपर्थ्यो, तर मरेको गोरुचाहिँ त्यसको हुन्थ्यो।

### इ) प्रस्थान २२ः१-६ः चोरी र सम्पत्तिको हानि सम्बन्धित नियम

**प्रस्थान २२ः१-६ः** एउटा चोरले सम्पूर्ण नोक्सानीको पूर्ति गर्नुपर्थ्यो, साथै चोरी गरेको मालअनुसार जरिवाना पनि धेरथोर तिर्नु-पर्थ्यो । चोरचाहिँ राति चोरी गरिरहेको बेलामा फेला पारेर मारियो भने, त्यसको हत्यारा सजायको योग्य ठहरिँदैनथियो; किनकि त्यो मानिस चोरी गर्न कि हत्या गर्न आएको थियो, सो कुरा हिर्काउनेलाई के थाहा ? तर दिउँसो उज्यालोमा कुनै चोरलाई मारिपठाउँदा सो हत्यारामाथि हत्याको दोष लाग्दथ्यो ।

अब कुरा एक पदमा फर्किन्छ । यस चोरले चोरी गरेको मालको निम्ति क्षतिपूर्ति गर्न सकेन भने, त्यो कमाराको रूपमा बेचिन्थ्यो । यदि चोरी गरिएको पशु जीवितै फेला पर्‍यो भने, त्यस चोरले यस पशुका दुई गुणा तिर्नुपर्थ्यो ।

यदि कुनै कृषकले आफ्नो गाईवस्तु छाड़ा छोड़ेर त्यसको गाईवस्तुले छिमेकीको बारीमा फसल खायो या बिगारिदियो भने, गाईवस्तुले जेजति नोक्सानी गर्‍यो, त्यसको हिसाबमा त्यसले आफ्नो सबैभन्दा असल खेत या दाखबारीबाट त्यसको पूरा अर्मल गर्नुपर्थ्यो ।

अनि कसैले लापरवाहीसाथ कुनै आगो लगायो र त्यस आगोले कसैको फसल जलेर नष्ट गर्‍यो भने, त्यसले पनि त्यसको हर्जाना गर्नुपर्थ्यो ।

### ई) प्रस्थान २२ः७-१५ः बेइमानदारी हुने सम्बन्धमा दिइएको नियम

**प्रस्थान २२ः७-१३ः** यस खण्डको पहिलो भागमा अर्थात् प्रस्थान २२ः७-९ पदहरूमा कसैको जिम्मामा सुम्पिएको रुपियाँपैसा वा सम्पत्ति चोरी भएको विषयमा निम्न नियम पेश गरिएको छः चोरले चोरिएको मालको दोबर भाग भर्ना गर्नुपर्थ्यो । तर चोर पक्रा नपरेको खण्डमा जुन मानिसको जिम्मामा त्यो सम्पत्ति वा रुपियाँपैसा थियो, त्यो मानिस न्यायकर्ताको सामु उपस्थित हुनुपर्‍यो । के त्यो मानिस आफै त्यो चोर थियो कि, सो कुरा जाँच्नुपरेको थियो । कसैले अर्कोको भरोसा-बाट फाइदा उठाएको बेलामा न्याय-कर्ताहरूले आरोप लगाउने व्यक्ति र आरोपित व्यक्तिको बीचमा फैसला गर्नुपर्थ्यो । दोष कसको थियो ? दोषी ठरहिएको व्यक्तिले दुई गुणा भर्ना गर्नुपर्थ्यो ।

अर्कोको जिम्मा लगाइएको कुनै पशु मर्‍यो, घाइते भयो वा भगाइयो भने, त्यस पशुको हेरचाह गर्ने व्यक्तिले 'त्यो मृत्यु, त्यो चोट, त्यो हानि मेरो शक्तिदेखि बाहिरको कुरा थियो' भनेर परमप्रभुको सामु शपथ खाए त्यस व्यक्तिलाई नोक्सानी भर्नुपर्ने कुनै आवश्यकता पर्दैनथियो । तर उत्तरदायी व्यक्तिको लापरवाहीको कारणले त्यसको जिम्मामा लगाइएको पशु चोरी भयो भने उसले क्षतिपूर्ति गर्नुपर्थ्यो । तर कुनै जङ्गली जनावरद्वारा च्यातच्युत पारिएको पशुको निम्ति, यदि त्यसको सिनो फेला पर्‍यो भने, कुनै क्षतिपूर्ति गर्नुपर्दैनथियो ।

**प्रस्थान २२ः१४-१५ः** कसैले पैंचो लिएको पशु घाइते भयो या मर्‍यो भने, पैंचो लिने व्यक्तिले त्यसको भर्ना गर्नुपर्थ्यो । तर यदि त्यस पशुको मालिकको उपस्थितिमा त्यो दुर्घटना भयो र त्यो पशु मर्‍यो भने र पैंचो लिएको व्यक्तिले त्यस पशुको निम्ति भर्ना गर्नुपर्दैनथियो; किनभने त्यस पशुको धनीले आफ्नो पशु जोगाउन सक्नेथियो । त्यस्तै प्रकारले भाड़ामा लिएको पशुको निम्ति कुनै क्षतिपूर्ति गर्नुपर्दैनथियो; किनकि त्यसको भाड़ाको दाममा पशुको हानि-नोक्सानी समावेश भएको थियो ।

### उ) प्रस्थान २२:१६-१७: कन्याप्रति गरेको कुकर्म सम्बन्धित नियम

**प्रस्थान २२:१६-१७:** यदि कुनै मानिसले एउटी मगनी नभएकी कन्यालाई फकाइ-फुस्लाइ गरी आफूसँग व्यभिचार गर्न लगायो भने, त्यसले यस कन्यालाई विवाह गर्नुपर्ने बाध्यता हुन्थ्यो; अनि त्यसले कन्याको निम्ति नियमित दाइजो दिनुपर्थ्यो। तर यदि त्यस कन्याको बुबाले आफ्नी छोरी त्यसलाई विवाह गर्नको निम्ति दिन नमाने ता पनि त्यसले केटीको बुबालाई यस कन्याको निम्ति दाइजो दिनुपर्थ्यो; किनभने यस कन्याको विवाह गर्ने सम्भावना निक्कै कम भएको थियो।

### ऊ) प्रस्थान २२:१८-२३:१९: सामाजिक र धार्मिक कर्तव्यहरू

**प्रस्थान २२:१८-२०:** हत्याबाहेक अरू तीनवटा मृत्युदण्डको योग्य अपराधहरू थिएः जादुगर वा बोक्सी-विद्या, पशुगमन र मूर्तिपूजा।

**प्रस्थान २२:२१-२४:** यहूदीहरूले प्रवासीहरूप्रति दयावान् हुनुपरेको थियो; किनभने तिनीहरू अघि पनि एक समयमा विदेशमा प्रवासी भएका थिए। तिनीहरूले विधवा र टुहुराटुहुरीहरूलाई मानवीय व्यवहार देखाउनुपरेको थियो। परमप्रभु आफैले यो आज्ञा लागू गराउने जिम्मा उठाउनुभयो। प्रायः अन्य नियमहरू भङ्ग हुँदाखेरि उहाँले यसको निम्ति सजाय दिन मानिसहरूलाई नियुक्त गर्नुहुन्थ्यो, तर यस आज्ञाको सम्बन्धमा उहाँले विधवा र टुहुराटुहुरीहरूको पक्ष लिएर आफैले अपराधीहरूलाई दण्ड दिनेछु भनेर भन्नुभयो। आजको दिनसम्म परमेश्वरले असहायहरूको विषयमा आफ्नो विचार बदल्नुभएको छैन। उहाँ अझै पनि विधवा र टुहुराटुहुरीहरूको वास्ता गर्नुहुन्छ; अनि हामी ख्रीष्ट-विश्वासीहरूले पनि तिनी-हरूको वास्ता गर्नुपर्छ।

**प्रस्थान २२:२५-२७:** कुनै इस्राएली मानिसलाई दिएको ऋणमाथि ब्याज लगाइदिने कुरा मनाही गरिएको थियो। तिनीहरूले अन्यजातिका मानिसहरूसँग ब्याज लिन पाउँथे (व्यवस्था २३:२०)। अनि कसैको लुगा बन्धकमा राखेमा त्यो लुगा रात पर्न अगाडि फर्काइनुपर्थ्यो; किनभने त्यो ओढ्ने वस्त्र राति कम्बलको रूपमा प्रयोग गरिन्थ्यो।

**प्रस्थान २२:२८-३१:** परमेश्वरको निन्दा गर्न र शासकलाई सराप्न मनाही गरिएको थियो (प्रेरित २३:५)।

चाहे जमिनबाट भएको उब्जनी, चाहे जन्मेका छोराहरू वा पशुहरू – परमप्रभुले यी सबैबाट आफ्नो भाग पाउनुपर्थ्यो। पशु-हरूबाट पहिला जन्मेका बाछाबाछी र पाठापाठीहरू आठौं दिनमा उहाँलाई समर्पण गरिनुपर्थ्यो।

जङ्गली जनावरले फहराएको पशुको मासु खानुहुँदैनथियो। किनभने च्यातच्युत भएको पशुबाट रगत पूरा निस्किँदैनथियो; अनि रगत खानुचाहिँ परमेश्वरको नियमको विरुद्धको काम थियो (लेवी १७)। यसबाहेक जङ्गली जनावरहरूबाट फैलिने खतरनाक रोगहरू, जस्तै बौलाउने रोगको संक्रमान हुने खतरा रहन्थ्यो। अनि परमेश्वरले आफ्ना जनहरूलाई यस्ता रोगहरूबाट जोगाउन चाहनुहुन्थ्यो।

**प्रस्थान २३:१-१२:** अब कचहरीका कुराहरू आएः झूटो साक्षी वा झूटो खबर फैलाउनुहुँदैनथियो, साथै दुष्ट मानिससँग मिलेर दोषी व्यक्तिको पक्ष लिनुहुँदैनथियो। बहुमततिर ढल्केर दुष्ट समूहलाई साथ दिनुहुँदैनथियो र गरिबलाई पक्षपात देखाउनु-हुँदैनथियो।

आफ्नो शत्रुको पशुसित कुनै दुर्व्यवहार गर्न पाउँदैनथियो। त्यो पशु हराएको भए त्यो त्यसको मालिककहाँ सुम्पिदिनुपर्थ्यो; अनि त्यो पशु ठूलो भारीले थिचिएर त्यसमनि दबिएको भए त्यसलाई उभ्याउन मद्दत पुऱ्याउनुपर्थ्यो। गरिबहरूले सठीक न्याय पाउनुपर्थ्यो; अनि निर्दोष र धर्मी जनको विरोधमा कचहरीमा दुष्ट चालहरू अपनाएर उसको न्याय बिगार्नुहुँदैनथियो, उसलाई बिनसित्ती दोषी ठहऱ्याउनुहुँदैनथियो। घूस लिनु मनाही गरिएको थियो, अनि प्रवासी-माथि अत्याचार गर्नु निषेध गरिएको थियो।

सातौं वर्षचाहिँ विश्रामको वर्ष हुन्थ्यो; छ वर्षसम्म जमिनमा अन्नबाली लगाएर सातौं वर्षमा त्यो बाँझै छोड़िदिनुपर्थ्यो। यस सातौं वर्षमा जमिनले आफैआफ जे उब्जाउँथ्यो, त्यो उब्जनी गरिबहरूले बटुल्न पाउँथे।

हप्ताको सातौं दिनमा मालिक, त्यसको कमारा र त्यसको पशुप्राणी सबैको निम्ति विश्राम दिने दिन थियो। याद गर्नुहोस्ः पुरानो नियमको समयमा परमेश्वर कति दयावान्, कति न्यायी हुनुहुन्थ्यो!! अविश्वासले ग्रसित आधुनिक आलोचकहरूले उहाँमा के दोष पाएका छन्? उहाँलाई यति धेरै आरोपहरू किन लगाएका छन्? यो बुझ्न सकिँदैन।

**प्रस्थान २३ः१३-१७ः** यहूदीहरूलाई कुनै देवीदेवताको नाम लिनुहुँदैनथियो। केवल भविष्यवक्ताहरूले ती देवीदेवताहरूको विरोधमा बोलेको बेलामा यी देवीदेवताहरूको नाम लिन पाउँथे।

परमप्रभुको निम्ति इस्राएलीहरूले तीनवटा मुख्य चाड़हरू मनाउनुपर्थ्योः **क)** अखमिरी रोटीहरूको चाड़; यो चाड़ वर्षको शुरुमा निस्तार-चाड़को लगत्तै मानिन्थ्यो। यस चाड़ले हामीलाई आफ्नो जीवन हर प्रकारको वैरभाव र सबै दुष्टताबाट शुद्ध राख्ने महत्त्व जाहेर गर्छ।

**ख)** कटनीको चाड़; यो पर्व 'पेन्टेकोष्ट' वा 'हप्ताहरूको चाड़' पनि भनिन्छ। यस चाड़ले पेन्टेकोष्टको दिनमा पवित्र आत्मा पठाइनुभएको र त्यस दिनमा प्रभुको मण्डली स्थापित भएको बोध गराउँछ।

**ग)** भित्र्याउने चाड़ अर्थात् झुपड़ीहरूको चाड़। यस चाड़ले इस्राएली जाति ख्रीष्टको हजार वर्षको राज्यकालमा आफ्नो भूमिमा सुरक्षित रहने कुरा सङ्केत गर्छ।

यी चाड़हरूमा उमेर पुगेका सबै प्रौढ़ पुरुषहरूले अनिवार्य रूपले भाग लिनुपर्थ्यो; तर अरूले आफ्नो इच्छाअनुसार यसमा भाग लिन पाउँथे। नयाँ नियममा आएर हामी यूसुफलाई मात्र होइन, तर मरियम र बालक येशूलाई पनि वर्षेनी निस्तार-चाड़को निम्ति यरूशलेममा गएका देख्छौं (लूका २ः४१)।

**प्रस्थान २३ः१८-१९ः** परमेश्वरलाई चढ़ाउनुपर्ने बलिदान, विशेष गरी निस्तारको बलिदानको सम्बन्धमा यस बलिको रगतसँग खमीर हालेको रोटी प्रयोग गर्नुहुँदैनथियो; किनकि खमीर पापको प्रतीक हो। बलि गरिएको पशुको बोसो परमप्रभुको भाग हुन्थ्यो; किनभने बोसोचाहिँ बलिदानको रूपमा मारिएको पशुको सबैभन्दा असल भाग हो; यो बोसो बिहानसम्म नराखी तत्कालै आगोमा जलाइदिनुपर्थ्यो। जमिनको पहिलो फलको सबैभन्दा उत्तम भाग परमप्रभुको भवनमा ल्याउनुपर्थ्यो।

कुनै पनि पशुको मासु त्यसको माउको दूधमा पकाउनुहुँदैनथियो। यसको मूल उद्देश्य यस प्रकारको थियोः यस आज्ञाले त्यस जमानामा मूर्तिपूजकहरूले मानिरहेका गर्भाधान सफल र सक्षम तुल्याउने धार्मिक रीतिहरूको विरुद्ध इस्राएलीहरूलाई सतर्क गराउनु थियो। कट्टर यहूदीहरूले आजको दिनमा पनि मासु र दूधबाट बनेका खाने-कुराहरू कहिल्यै एकै वर्तनमा पकाउँदैनन्।

यो कुरा छोड़ेर तिनीहरूले दूधको तरले बनेको रससित पस्केको मासु खाँदैनन् । 22)

### ओ) प्रस्थान २३ः२०-३३ः कनान देश कब्जा गर्ने सम्बन्धमा कतिपय नियमहरू

**प्रस्थान २३ः२०-३२ः** यहाँ आएर परमेश्वरले इस्राएलीहरूलाई के प्रतिज्ञा गर्नुभयो भने, तिनीहरूलाई प्रतिज्ञाको देशमा पुर्‍याउन र त्यहाँका अन्यजाति बासिन्दाहरूलाई धपाउनको निम्ति उहाँले तिनीहरूको अघि-अघि एक दूत पठाउँछु भन्ने प्रतिज्ञा गर्नुभयो । अनि यी अग्रदूत परमप्रभु स्वयम् हुनुहुन्थ्यो । यदि यहूदीहरूले आफैलाई मूर्तिपूजाबाट अलग राखेर परमप्रभुको आज्ञापालन गरे, उहाँले तिनीहरूको पक्षमा ठूला-ठूला कामहरू गर्नेछु भन्ने आश्वासन गर्नुभयो । अनि तिनीहरूको अनाज्ञाकारिताको विषयमा कसो हो ? श्री मेथ्यू हेन्रीले यसको सम्बन्धमा दिइएको चेताउनीको बारेमा निम्न टिप्पणी गरेका छन्ः

> 'हामी हाम्रो संरक्षा गर्नुहुने र हाम्रो भलाइ चिताउनुहुने प्रभुको रिस उठाउनदेखि होशियार बस्नुपर्छ; किनकि यदि हामीबाट हाम्रो सुरक्षा हतिगए र हामीमाथि बगिआउने भलाइका खोलाहरू बन्द भइगए, हामीलाई हाय !' 23)

इस्राएलीहरूको भूमिको साँधसिमाना लाल समुद्रदेखि पलिस्तीहरूको समुद्र अर्थात् भूमध्यसागरसम्म अनि दक्षिणी कनान देशको नेगेवको मरुभूमिदेखि यूफ्रेटिस नदीसम्म जानेथियो ।

यसमा याद गर्नुहोस्ः परमेश्वरको आज्ञाअनुसार तिनीहरूले प्रतिज्ञाको देशबाट सबै बासिन्दाहरूलाई धपाउनुपरेको थियो । इस्राएलीहरूले ती जातिका मानिसहरूसँग कुनै सम्झौता राख्नुहुँदैनथियो, ती जातिहरूका मूर्तिहरू पुज्नुहुँदैनथियो; यी मानिसहरूसँग मिल्नु वा सराबरी हुनुहुँदैनथियो; किनकि परमेश्वरले पहिलेबाट 'यी दुष्ट कनानीहरूलाई सर्वनाश गर्छु' भनी प्रतिज्ञा गर्नुभयो; तर यस कार्यमा इस्राएलीहरूले उहाँलाई सहायता पुर्‍याउनुपर्थ्यो । यस कुरामा हामी एउटा महत्त्वपूर्ण आत्मिक नियम देख्छौंः परमेश्वरले हामीलाई हाम्रा शत्रुहरूमाथि, जस्तैः संसार, 'शरीर' भन्ने पापमय स्वभाव र शैतानमाथि विजय दिनुहुन्छ, तर हामीले विश्वासको उत्तम लड़न्त लड़ेर उहाँलाई यसमा साथ दिनुपर्छ । उहाँले यो कुरा हामीबाट आशा गर्नुहुन्छ ।

**प्रस्थान २३ः३३ः** यस पदसँग मिल्ने अर्को भाग २ कोरिन्थी ६ः१४-१८ पदको खण्ड हो । परमेश्वरका जनहरूको निम्ति संसारदेखि अलग रहनु नै सदैव परमेश्वरको इच्छा भएको हो । इस्राएली जातिले यस आदेशको आज्ञापालन नगरेकोमा उसको पतन भएको हो । *'धोका नखाओ ! किनभने कुसङ्गतहरूले असल चरित्रहरू भ्रष्ट पार्छन्-पार्छन् ।'* यो वचन अझै पनि सत्य छँदैछ ।

### औ) प्रस्थान २४ः१-८ः परमेश्वर र उहाँका जनहरूको बीचमा स्थापित भएको करार पारित गरिएको

**प्रस्थान २४ः१-२ः** जुन नियम र विधिहरू प्रस्थान २०-२३ अध्यायहरूमा प्रस्तुत भएका छन्, ती नियम र विधिहरू मोशा सिनाई पर्वतमा भएको बेलामा परमेश्वरले उनीसँग बोल्नुहुँदा उनलाई दिनुभयो । अनि मोशा यस पर्वतको टाकुराबाट ओर्लनुभन्दा अघि परमेश्वरले उनलाई हारून र तिनका दुईजना छोराहरू नादाब र अबिहू, साथै सत्तरी बूढ़ा प्रधानहरूसँग यस पर्वतमाथि फर्केर आउने आदेश दिनुभयो । तर परमप्रभुको नजिक आउने अनुमति मोशाले मात्र पाएका थिए; अरू सबैजना टाढ़ामा बस्नुपरेको थियो । व्यवस्थाको करारअन्तर्गत परमेश्वर र पापी मानिसको बीचमा सधैं अन्तर कायम

राखिनुपर्थ्यो। तर अनुग्रहको करारअन्तर्गत हामीलाई येशू ख्रीष्टको रगतद्वारा महापवित्र-स्थानभित्र प्रवेश गर्ने हिम्मत मिलेको छ (हिब्रू १०:१९)। व्यवस्थामा लेखिएको छः *'तिनी-हरू नजिक नआऊन्!'* तर अनुग्रहको करारको निम्तो यस प्रकारको छः *'आओ, हामी नजिकमा जाऔं!'* (हिब्रू १०:२२)।

**प्रस्थान २४:३-८ः** अब मोशा यस पर्वतदेखि तल मानिसहरूकहाँ ओर्लिआए, र उनले तिनीहरूलाई यो व्यवस्था सुनाएर सुम्पे। तत्कालै मानिसहरू यो व्यवस्था कायम राख्न राजी भए। व्यवस्था पालन गर्न हामी आफू कति असक्षम हौं भन्ने तिनीहरूलाई के थाहा? परमेश्वर र इस्राएल जातिको बीचमा बाँधिएको यो सर्तपूर्ण करार पारित गर्न मोशाले पहिले एउटा वेदी निर्माण गरे र इस्राएली जातिका बाह्र कुलहरूको सङ्ख्या-अनुसार बाह्रवटा खाँबा खड़ा गरे। त्यसपछि उनले बलिहरूको रगतबाट आधा रगत लिएर यस वेदीमाथि छर्के; किनभने यस वेदीले यस करारमा परमेश्वरको पक्ष लियो। अनि उनले रहेको आधा रगत मानिसहरूमाथि छर्के; किनकि यसरी नै तिनीहरूले यो करार कायम राख्न आफ्नो दृढ़ संकल्प प्रकट गरे।

### औं) प्रस्थान २४:९-१८ः परमेश्वरको महिमा प्रकट भएको

**प्रस्थान २४:९-११ः** यसको लगत्तै मोशा र उनको साथमा प्रस्थान २४:१ र २ पदमा निर्देशन गरेअनुसार निर्धारित गरिएका जनहरू सिनाई पर्वतमा उक्ले। अनि त्यहाँ तिनीहरूले परमेश्वरलाई उहाँको माहिमामा देखे। सामान्य नियम यस प्रकारको थियोः परमेश्वरलाई देख्नाले मानिस एकै निमेषमा भस्म हुन्थ्यो; तर यहाँ यस्तो भएन। तिनी-हरूले परमेश्वरलाई देखे, अनि खाए र पिए, तर तिनीहरू नाश भएनन्। अर्को शब्दमा भन्नु हो भने, तिनीहरूले परमेश्वरलाई देखे; अनि तिनीहरू मेलबलिको मासु खान बाँचे।

परमेश्वरलाई देख्ने सम्बन्धमा पवित्र बाइबलमा कतिपय विरोधाभास गर्ने कुराहरू भएका जस्तो छ। एकपट्टि पवित्र बाइबलका पदहरू छन्, जसले परमेश्वरलाई देख्नु असम्भव छ भन्छन्, जस्तैः प्रस्थान ३३:२०; यूहन्ना १:१८; १ यूहन्ना ४:१२। तर अर्को पट्टि बाइबलका खण्डहरू छन्, जुन खण्ड-हरूले बताएअनुसार कति मानिसहरूले परमेश्वरलाई देखे, जस्तैः उत्पत्ति ३२:३०; प्रस्थान २४:१० र ३३:२३।

यसको स्पष्टीकरणचाहिँ यस प्रकारको छः परमेश्वर आफ्नो नढाकिएको महिमामा प्रकट हुनुभएको भए उहाँ भस्म गर्ने आगो हुनुहुन्छ; यस अवस्थामा उहाँलाई देख्ने जुनै पनि व्यक्ति एकै क्षणमा शेष हुनेथियो। तर परमेश्वरले आफैलाई मानिस, स्वर्गदूत र महिमित बादलको रूपमा प्रकट गर्न सक्नुहुन्छ (व्यवस्था ५२४); यस अवस्थामा मानिस उहाँलाई देखेर बाँच्छ।

**प्रस्थान २४:१२-१८ः** यहाँ, यस खण्डमा अर्को पल्ट मोशा सिनाई पर्वतमाथि चढ़ेर गएको वर्णन छ। यसपालि यहोशूले उनलाई साथ दिए; तर तिनी टाढ़ैमा रहे। मोशाले आफ्नो अनुपस्थितिमा हारून र हूरलाई मानिसहरूका न्यायकर्ता तुल्याए। उनी यस पर्वतको छेउमा छ दिनसम्म कुरिरहे; अनि यी छ दिनसम्म नै महिमाको बादलले यस पर्वतको टाकुरालाई ढाकिरह्यो। त्यसपछि परमेश्वरले मोशालाई बोलाउनुभयो, र उनी यस पहाड़माथि चढ़्दै गर्दा यसको टाकुराको वरिपरि भएको बादलभित्र पसे, जहाँ उनले परमेश्वरको उपस्थितिमा चालीस दिन र चालीस रात बिताउनु थियो। सङ्ख्या चालीसले जाँच वा परीक्षणकालको अर्थ बुझाउँछ। अनि यहाँ, यस ठाउँमा यो जाँच मोशाको होइन, तर इस्राएली मानिसहरूको पो

थियो। अनि तिनीहरू यस जाँचमा असफल भए; किनकि तिनीहरू पापमा डुबे। यसरी नै परमप्रभुले मानिसहरूको हृदयको अवस्था के हो, सो कुरा व्यवस्थाद्वारा प्रकट गर्नुभयो।

यस अवधिमा मोशाले परमेश्वरबाट पाएका निर्देशनहरू प्रस्थान २५:१-३१:१८ पदको खण्डमा उल्लेख गरिएका छन्।

# खण्ड १०

## प्रस्थान २५-४०: निवासस्थान र पूजाहारीगिरी

अबका सातवटा अध्यायहरूमा निवासस्थानको सम्बन्धमा निर्माणका निर्देशनहरू, पूजाहारी-सेवकाइको स्थापना र यस सम्बन्धमा दिइएको विधि-समूह उल्लेख गरिएका छन्। पवित्र बाइबलका जम्मा पचासवटा सम्पूर्ण अध्यायहरूले यस निवासस्थानको चर्चा गरेका छन्; तब परमेश्वरको दृष्टिमा यो निवासस्थान कति महत्त्वपूर्ण हुन्छ, सो तपाईं यसबाट देख्न र बुझ्न सक्नुहुन्छ।

त्यस बेलाको निवासस्थान तम्बूजस्तै थियो, जहाँ परमेश्वरले मानिसहरूको बीचमा वास गर्नुभयो। यस निवासस्थानको एक-एक भागले हामीलाई ख्रीष्ट येशू र उहाँको त्राणको कामको विषयमा, साथै परमेश्वरको उपस्थितिमा जाने प्रवेश-मार्गको विषयमा कुनै न कुनै आत्मिक पाठ सिकाउँछ। अनि पूजाहारीगिरीचाहिँ? त्यस पूजाहारीगिरीले हामीलाई के सम्झाउँछ भने, पापले हामी र परमेश्वरको बीचमा एउटा अन्तर सृजना गरेको हो; अनि परमेश्वरले नियुक्त गर्नुभएका र योग्य ठहराउनुभएका पूजाहारीहरूद्वारा मात्र मानिस उहाँको नजिकमा पुग्न सक्ने रहेछ भन्ने कुरा पनि स्पष्ट पार्छ।

### क) प्रस्थान २५-२७: निवासस्थानको निर्माण-कार्यको सम्बन्धमा दिइएका निर्देशनहरू

#### अ) प्रस्थान २५:१-९: सामग्रीहरूको संग्रह

परमेश्वरले मोशालाई निवासस्थान खड़ा गर्ने कामको निम्ति आवश्यक सामग्रीहरूको भेटी मानिसहरूबाट संग्रह गर्ने निर्देशन दिनुभयो। ती सामग्रीहरू यी नै हुन्: बहुमूल्य धातुहरू, जस्तै सुन, चाँदी र पित्तल आदि, मिहिन सुती-कपड़ा, पशुका छालाहरू, बत्तीहरू र अभिषेकको तेलको निम्ति चाहिएको तेल, सुगन्धित धूपको निम्ति मसाला र बहुमूल्य पत्थरहरू। निस्सन्देह यी बहुमूल्य पत्थरहरू इस्राएलीहरूले मिस्र देश छोड़ेको बेलामा मिस्रीहरूबाट श्रमिकको स्वरूप पाएका थिए। यसको निम्ति तिनीहरूले परिश्रम गरे, अँ, तिनीहरू कमाराझैं घोटिए। अनि अब तिनीहरूले त्यही अमूल्य थोकहरू भेटीको रूपमा अर्पण गरिरहेका थिए।

यो निवासस्थान परमेश्वरले दिनुभएको नमुनाअनुसार निर्माण गर्नुपरेको थियो; यसमा उहाँ सुदृढ़ रहनुहुन्थ्यो। अनि यदि यो कुरा एउटा भौतिक भवनको सम्बन्धमा सत्य हो भने, झन् कति बढ़ता गरी ख्रीष्ट येशूका पवित्र जनहरूरूपी उहाँको मण्डलीचाहिँ नयाँ नियममा प्रकट भएको ईश्वरीय ढाँचामा निर्माण हुनु आवश्यक छ!!

#### आ) प्रस्थान २५:१०-१६: करारको सन्दुक

यो सन्दुक बबुल काठले बनिएको बाकस थियो; त्यो बाकस भित्र-बाहिर दुवैतिरबाट

निखुर सुनले मोहोर्नु थियो। त्यसका चारै कुनामा चारवटा मुन्द्राहरू लगाइए, जुन मुन्द्राहरूबाट दुईवटा डन्डीहरू छिराएर यो सन्दुक बोकिन्थ्यो। यस सन्दुकमा साक्षी-पाटी अर्थात् दस आज्ञारूपी व्यवस्था लेखिएका दुईवटा ढुङ्गाका पाटीहरू राखिए (प्रस्थान २५ः१६); अनि पछिबाट यसमा हारूनको कोपिला लागेको लहुरो र मन्ना हालेको सुनको भाँड़ा पनि राखिए (हिब्रू ९ः४)।

### इ) प्रस्थान २५ः१७-२२ः कृपा-आसन

यस करारको सन्दुकको ढकनीलाई कृपा-आसन भनिन्छ। यो कृपा-आसन निखुर सुनको पाता थियो, जुन पाताले दुईवटा करूबहरूको[24] आकृतिको निम्ति टेवा दियो। ती करूबहरूको रूपचाहिँ स्वर्गदूतको रूपजस्तै थियो। यी करूबहरूले दुई किनारामा आमुन्ने-सामुन्ने फर्केर आफ्ना पखेटाहरू फैलाएर यो सन्दुक ढाके। परमेश्वरले यस कृपा-आसनदेखि माथि, यी दुई करूबहरूको बीचमा एउटा महिमाको बादलको रूपमा आफैलाई प्रकट गर्नुहुन्थ्यो। पवित्र बाइबलका कम्तीमा तेह्रवटा पुस्तक-हरूमा करूबहरूको बारेमा लेखिएको छ। ती करूबहरूले परमप्रभुको पवित्रता र उहाँको धार्मिकतासँग सम्बन्ध राख्छन्; अनि परमेश्वरको सिंहासनको सम्बन्धमा प्रायः तिनीहरूको नाम लिइएको छ। तिनीहरूको विस्तृत वर्णन इजकिएल १ र १० अध्यायमा गरिएको छ।

### ई) प्रस्थान २५ः२३-३०ः भेटीका रोटी-हरूको टेबल

भेटीका रोटीहरूको टेबलचाहिँ बबुल काठले बनेको निखुर सुनले मोहोरिएको एउटा मेच थियो। यस टेबलको पाताको वरिपरि एउटा अलङ्कारले युक्त सुन्दर सुनकै बिट लगाइयो, त्यसपछि यसको चारैतिर चार अमल उच्च भएको एउटा फ्रेम र त्यसमा फेरि दोस्रो सुन्दर अलङ्कारले युक्त बिट लगाइयो। करारको सन्दुकमा भएझैं यसका चारै कुनामा, जहाँ यसका चार खुट्टाहरू थिए, यसको फ्रेमदेखि केही मनि मुन्द्राहरू लगाइए, जसमा दुईवटा डन्डीहरू छिराएर यो टेबल बोकिन्थ्यो। अनि यस टेबलमाथि इस्राएली जातिका बाह्र कुलहरूका निम्ति बाह्रवटा रोटीहरू (प्रस्थान २५ः३०), साथै विभिन्न किसिमका भाँड़ाकुँड़ाहरू राखिन्थे, जस्तैः थालहरू, चम्काहरू, करुवाहरू र अर्घ चढ़ाउने कचौराहरू।

### उ) प्रस्थान २५ः३१-४०ः सुनको सामदान र त्यसका आवश्यक सरसामानहरू

**प्रस्थान २५ः३१-३९ः** सामदान निखुर सुनैसुनले बनिएको थियो; यसका सातवटा हाँगाहरू र प्रत्येक हाँगाको टुप्पामा एक-एकवटा तेल राख्ने सानो कचौरारूपी दियो थियो, जसको सलेताले यसको तेल तानेर बल्थ्यो। सलेता छाँट्ने यसका सुनकै चिम्टाहरू र यसका मोसो हाल्ने मोसोदानीहरू पनि थिए।

**प्रस्थान २५ः४०ः** *'अनि हेर, यस पहाड़मा तिमीलाई ती सामग्रीहरूको जुन नमुना देखाइएको छ, सोही नमुनाअनुसार तिमीले ती सामग्रीहरू बनाउनू!'* यी सबै थोकहरू बनाउने सम्बन्धमा एउटा कुरा मुख्य थियोः परमेश्वरले मोशालाई यस पर्वतमा देखाइ-दिनुभएको नमुनाअनुसार नै यी सबै थोकहरू बनाउनुपरेको थियो। यस सर्वोत्तम नमुनारूपी सुनमाथि मानिसको सुगन्ध लगाउने ठावैं रहेन। अनि सबै आत्मिक विषयहरूमा यो कुरा लागू हुन्छ। हामीले ईश्वरीय निर्देशनमा चल्नुपर्छ र प्रभुले दिनुभएको नमुना न यता न उता तर्किजानु हुन्छ।




**उजाड़स्थानमा भएको निवासस्थान**

निवासस्थानका सबै सामग्रीहरूले स्वर्गको महिमामा प्रवेश गर्नुभएको ख्रीष्ट येशूको कुरा गर्छन्; अनि सन्दुकचाहिँ उहाँको परमेश्वरत्व र उहाँको मानवताको प्रतीक हो। किनभने यसको सुनले उहाँको परमेश्वरत्व, र यसको काठले उहाँको मानवताको चित्रण गर्छ। कृपा-आसनले ख्रीष्ट येशूलाई हाम्रो प्रायश्चित्तको रूपमा प्रस्तुत गर्छ (रोमी ३:२५); उहाँ हाम्रो निम्ति अनुग्रहको सिंहासनमाथि बस्नुभएको छ। अनि भेटीका रोटीहरूको टेबलचाहिँ? यस टेबलले ख्रीष्ट येशूलाई जीवनको रोटीको रूपमा प्रस्तुत गर्छ। अनि सुनको सामदानले ख्रीष्ट येशूलाई संसारको ज्योतिको रूपमा चित्रण गर्छ। पित्तलको वेदीको तत्पार्य यस प्रकारको छः ख्रीष्ट येशू हाम्रो होमबलि हुनुहुन्छ (प्रस्थान २७); उहाँ परमेश्वरको निम्ति सर्वाङ्ग होमबलि हुनुभयो। यस धूपको वेदी, यस सुनको वेदीले ख्रीष्ट येशू परमेश्वरको निम्ति कति मीठो वासना हुनुहुन्छ, सो कुरा प्रस्तुत गर्छ (प्रस्थान ३०)। अनि हातखुट्टाहरू धुने बाटाले ख्रीष्ट येशूलाई कुन रूप दिएर प्रस्तुत गर्छ? उहाँले आफ्ना जनहरूलाई वचनरूपी पानीको स्नान दिएर शुद्ध गर्नुहुन्छ (तीतस ३:५; यूहन्ना १३:१०; एफेसी ५:२६)।

### ऊ) प्रस्थान २६ः निवासस्थान

**प्रस्थान २६:१-६ः** यस अध्यायमा केवल निवासस्थानको वर्णन गरिएको छ। यस वासस्थानको लमाइ लगभग पैंतालीस फिट थियो भने, यसको चौड़ाइ लगभग पन्ध्र फिट थियो र यसको उचाइ लगभग पन्ध्र फिट थियो। (हिसाब निकाल्नको निम्ति हाम्रो नाप यस प्रकारको होः एक हात बराबर अठार इन्च मानिएको छ)। यस निवासस्थानको दायाँ, बायाँ र पछाड़िको भागका तीनवटा भित्ता-हरूचाहिँ खड़ा गरिएका फल्याकहरूले बनेको थियो। बबुल काठको हरेक फल्याकको निम्ति दुईवटा चूल र एउटा चूलघर हुन्थ्यो, जसको सहायताले एक फल्याक अर्को फल्याकसित जोड़ेर ठड़्याइन्थ्यो। अगाड़ि-पट्टिको भागमा खाँबाहरू हुन्थे; किनभने यसको प्रवेश यहाँबाट हुन्थ्यो।

यहाँ पहिलो पर्दालाई 'निवासस्थान' भनिएको छ। यो पर्दा नीलो, बैजनी र रातो रङ्गको मिहिन सुती-कपड़ाले बनेको थियो, र यसमा बेलबुट्टा काढ्ने कलाअनुसार करूबहरू लगाइएका थिए। पाँच टुक्राहरू एक पर्दा र अर्का पाँच टुक्राहरू एक पर्दा हुने गरी यी दुईवटा पर्दाहरू बीचमा जोड़िएर एउटा पर्दा बने; किनकि ती दुवै पर्दाहरूका किनाराहरूमा पचास-पचासवटा नीलो मुन्द्री-हरू बनाइए र पचासवटा सुनका खीपहरू यी मुन्द्रीहरूमा लगाएर यी दुई पर्दाहरू बीचमा गाँसिन्थे। यस पर्दाको कुल-नाप यस प्रकारको थियोः यसको लमाइ साठी फिट र यसको चौड़ाइ बयालीस फिट थियो। यस पर्दाले छानाको काम गर्थ्यो, र यसले दायाँ र बायाँको भागका भित्ताहरू जमिनदेखि डेढ़ फिटमाथिसम्म ढाक्यो।

**प्रस्थान २६ः७-१३ः** अर्का पर्दालाई 'पाल' भनिन्छ। यो पर्दा बाख्राको भुत्लाले बनिएको थियो। यताका पाँचवटा पर्दाहरू उताका छवटा पर्दाहरूसित बीचमा लगाइएका पित्तलका पचासवटा खीपहरूद्वारा जोड़िएर एउटा पर्दा बनिए। यस पर्दाको कुल-नाप यस प्रकारको थियोः यसको लमाइ छयसट्ठी फिट र यसको चौड़ाइ पैंतालीस फिट थियो। अघिल्लो भागबाहेक यस पर्दाले सबै भागहरूका भित्ताहरू खप्टाउँथ्यो। केवल निवासस्थानको अघिल्लो भागमा यो पर्दा दोबारिन्थ्यो।

**प्रस्थान २६ः१४ः** तेस्रो पर्दालाई 'ओढ़ा' भनिएको छ; त्यो ओढ़ा भेड़ाका छालाहरूले बनेको थियो। अनि चौथो पर्दाचाहिँ सिलका छालाहरूले बनेको थियो। (यसमा अनुवादको कुरा आयोः सिलका छाला-हरूचाहिँ शिशुमार, सोंस वा डल्फिनका छाला पनि अनुवाद गरिएको छ)।[25] यी दुईवटा पर्दाको विषयमा कुनै नाप दिइएको छैन। यसर्थ यी दुवै पर्दाहरूको नाप बाख्राको भुत्लाले बनेको पर्दाजत्तिकै हुनुपर्ला।

**प्रस्थान २६ः१५-३०ः** अब यी ठाड़ा फल्याकहरूको कुरा आयोः निवासस्थानका चारै पट्टिका तीन भागहरूमा यी काठका फल्याकहरू खड़ा गरिन्थे। यी फल्याक-हरूको परिभाषा प्रस्थान २६ः१५-२५ पदको खण्डमा दिइएको छ। प्रत्येक काठको फल्याकको नाप यस प्रकारको थियोः यसको लमाइ पन्ध्र फिट र यसको चौड़ाइ दुई फिट र एक चौथाइ फिट थियो। ती फल्याकहरू बबुलको काठका थिए; र त्यो काठ सुनले मोहोरिन्थ्यो र एक-एक फल्याकको तल्लो कुनामा दुईवटा चूलहरू थिए, जुन चूलहरू निवासस्थान खड़ा गर्दा एउटा चूलघरमा लगाइन्थे। दायाँ र बायाँको भागका भित्ता-हरूमा बीस-बीसवटा फल्याकहरू हुन्थे भने, पछिल्लो भागको भित्तामा छवटा फल्याकहरू हुन्थे। पछिल्लो भित्ताका दुई कुनाहरूको निम्ति दुईवटा विशेष फल्याकहरू बनाइए।

अब ती साटाहरूको कुरा आयो, जुन साटाहरूले यी फल्याकहरू अड्काएर राख्थे; ती साटाहरू बबुलको काठले बनेका थिए र सुनले मोहोरिएका थिए। यी साटाहरू फल्याकहरूमा भएका सुनका मुन्द्राहरूबाट भएर छिरिन्थे। अनि फल्याकहरूको वारपार जाने बीचको एउटा साटा पनि थियो। अझै दुईवटा डन्डी थिए, जुन डन्डीहरू जोड़ेर एउटा बनाइए र भित्ताको टुप्पामा लगाइयो; ठीक त्यस्तै अरू दुईवटा डन्डीहरू जोड़िएर भित्ताको फेदमा लगाइयो। कसै-कसैको विचारमा ती फल्याकहरू जालीदार फ्रेमहरू थिए अरे।

**प्रस्थान २६ः३१-३७ः** निवासस्थानमा दुईवटा कोठाहरू थिए। पहिलो कोठा पवित्रस्थान भनिन्छ, जुन कोठाको नाप यस प्रकारको थियोः लमाइ तीस फिट र चौड़ाइ

पन्ध्र फिट। अनि दोस्रो कोठा महापवित्रस्थान थियो, जसको नाप यस्तो थियोः लमाइ पन्ध्र फिट र चौड़ाइ पन्ध्र फिट। यी दुईवटा कोठाहरू एउटा बीचको पर्दाले छुट्ट्याइएको थियो, जुन पर्दा मिहिन सुती-कपड़ाले बनेको थियो, र त्यसमाथि बेलबुट्टाको कला-अनुसार करूबहरू काढ़िएका थिए। त्यो पर्दा सुनले मोहोरिएका चारवटा खाँबाहरूमाथि टाँगिन्थ्यो। करारको सन्दुक र कृपा-आसन महापवित्रस्थानभित्र राखिन्थे भने, भेटीका रोटीहरूको टेबल र सुनको सामदानचाहिँ पवित्रस्थानमा राखिन्थे। अब पवित्रस्थानमा राखिने सामग्रीहरूमध्ये त्यो धूपको वेदी मात्र रहेको थियो (प्रस्थान ३०)। यो धूपको वेदी बीचको पर्दाको सामुन्ने राखिन्थ्यो। सुनको सामदानचाहिँ पवित्रस्थानको दक्षिणपट्टि राखिन्थ्यो भने, भेटीका रोटीहरूको टेबल यसको उत्तरपट्टि राखिन्थ्यो। यस निवास-स्थानको ढोकामा एउटा बुनेको कपड़ा झुन्डिन्थ्यो, जुन कपड़ाचाहिँ एउटा भित्री पर्दाजस्तै पातलो हुने गरी बुनेको थियो। बीचको पर्दाजस्तो त्यो कपड़ा पाँचवटा सुनले मोहोरिएका पाँचवटा बबुल-काठका खाँबा-हरूमाथि झुन्डिन्थ्यो, जुन खाँबाहरू पित्तलका चूलघरमाथि खड़ा हुन्थे।

### ओ) प्रस्थान २७ः१-८ः होमबलिको वेदी

होमबलिको वेदीचाहिँ बबुल-काठले बनेको थियो र पित्तलले मोहोरिएको थियो। यस वर्गाकार वेदीको नाप यस प्रकारको थियोः यसको लमाइ र यसको चौड़ाइ सात फिट आधा थियो भने, यसको उचाइ चार फिट आधा थियो। यसका चारै कुनाहरूको बाहिरपट्टिबाट सीङहरू निस्केका थिए। यस वेदीको बीच भागमा चारवटा मुन्द्रीहरू लगाइए, जुन मुन्द्रीहरूभित्र छिराइएका डन्डी-हरूको सहयताले यो बोकिन्थ्यो।

### औ) प्रस्थान २७ः९-१९ः निवासस्थानको आँगन, त्यसका खाँबाहरू र त्यसका पर्दाहरू

यस निवासस्थानको वरिपरि एउटा ठूलो क्षेत्र राखिएको थियो; त्यस क्षेत्रलाई आँगन भनिन्छ। यो आँगन मिहिन मलमलको पर्दाले बारेको थियो, जुन पर्दा बीच-बीचमा पित्तलका खाँबाहरूमा झुन्डियो र तन्कियो। यस आँगनको नाप यस प्रकारको थियोः यसको लमाइ एक सय पचास फिट थियो र यसको चौड़ाइ पचहत्तर फिट थियो; अनि आँगनको पर्दाको उच्चाइ सात फिट आधा थियो। पूर्वपट्टि यस आँगनको ढोका थियो, जसको चौड़ाइ तीस फिट थियो। ढोकाको पर्दा निवासस्थानका पर्दाहरूझैं मिहिन मलमलले बनेको थियो, जसमाथि बेलबुट्टा हानिएका थिए। यस निवासस्थानका प्रायः सबै सरसामानहरू पित्तलका हुन्थे।

### औं) प्रस्थान २७ः२०-२१ः सामदानको निम्ति प्रयोग गरिने तेल

सामदानमा प्रयोग गरिने शुद्ध जैतुनको तेल थियो; यो तेलचाहिँ पवित्र आत्मालाई सङ्केत गर्ने प्रतीक हो। यो सामदान निरन्तर बलिरहनुपरेको थियो। यसर्थ यस सामदानका दियाहरू हरेक साँझमा सल्किन्थे र रातभरि बिहानसम्म बल्थे। यहाँ 'भेट हुने पाल' भन्ने शब्द लेखिएको छ। यस ठाउँमा भेट हुने पालको अर्थ त्यो निवासस्थान बुझ्नुपर्छ, जहाँ परमेश्‍वरले वास गर्नुहुन्थ्यो। तर प्रस्थान ३३ः७ पदमा एउटा अस्थायी पाल थियो, जुन पाल मोशाले छाउनीदेखि टाढ़ा खड़ा गरे।

**ख) प्रस्थान २८-२९ः पूजाहारीगिरी**

**अ) प्रस्थान २८ः पूजाहारीहरूका वस्त्रहरू**

**प्रस्थान २८ः१-२ः** यस अध्यायमा प्रधान पूजाहारीले पहिरनुपर्ने पवित्र वस्त्र र तिनका छोराहरूले लगाउनुपर्ने वस्त्रहरू बयान गरिएका छन्। ती वस्त्रहरू, ती वस्त्रहरूका रङ्गहरू, तिनका बहुमूल्य पत्थरहरू इत्यादि – यी सबै कुराहरूले ख्रीष्ट येशूका शोभा-हरूको कुरा गर्छन्, जो हाम्रा महापूजाहारी हुनुहुन्छ। पुरानो नियममा हारूनको परिवार एकमात्र पूजाहारी-परिवार थियो।

**प्रस्थान २८ः३-२९ः** प्रधान पूजाहारीका वस्त्रहरू दुई प्रकारका हुन्थेः **क)** *प्रस्थान २८ः२-४ः* तिनका महिमा र शोभाका वस्त्रहरू हुन्थे, जुन वस्त्रहरू खूबै सुन्दर थिए, रङ्गले भरिपूर्ण र तिनमा बेलबुट्टा हानिएका थिए, जस्तैः छातीपाता, एपोद, अलखा, बुट्टादार लबेदा, पगरी र कमरपेटी। **ख)** तिनको दोस्रो वस्त्र सादा थियो, सेतो सुती कपड़ाको थियो।

अब पहिले एपोदको कुरा आयोः त्यो एपोद एउटा एप्रनजस्तै थियो, जसको अगाड़िको भाग र पछाड़िको भाग हुन्थ्यो। यसको अगाड़िको भागले कम्मरसम्म छाती र पेट ढाक्थ्यो भने, ठीक यसरी नै यसको पछाड़िको भागले पिठ्यूँ ढाक्थ्यो; अनि यी दुई टुक्राहरू काँधमा बाँधेर जोड़िन्थे; यो शरीरको दायाँ-बायाँ पट्टि खुला हुन्थ्यो (प्रस्थान २८ः६-७)। एउटा बुट्टादार कमरपेटीद्वारा यो पेटे वस्त्र कम्मरमा बाँधिन्थ्यो (प्रस्थान २८ः८)। यस एपोदका काँधे जोर्नीहरूमा दुईवटा सुनका मणिघरहरू र ती मणिघरहरूमाथि डोरी बाटेझैं बनेका सुनका दुईवटा सिक्रीहरू लगाइए; एक-एक काँधमा एक-एक बहुमूल्य पत्थर एक-एक मणिघरमा जड़ियो (प्रस्थान २८ः१३-१४)। यस एपोदका दुवैपट्टिका काँधमा यी दुईवटा मणिघरहरूमा एक-एक गोमेद पत्थर हुन्थ्यो, जसमाथि छ-छवटा नामहरू हुने गरी इस्राएली जातिका बाह्रवटा कुलहरूका नामहरू खोपिएका थिए (प्रस्थान २८ः९-१२)।

यस एपोदको अगाड़िपट्टि छातीपाता थियो, जुन छातीपातामा चारवटा लहर हुने गरी बाह्रवटा बहुमूल्य पत्थरहरू जड़िए; ती बहुमूल्य पत्थरहरूमा, एक-एक पत्थरमा एक-एक कुलको नाम हुने गरी इस्राएली जातिका बाह्रवटा कुलका नामहरू खोपिएका थिए। छातीपाता यस एपोदसित सुनका मुन्द्री र सुनका सिक्रीहरूद्वारा जोड़ियो (प्रस्थान २८ः१३-२८)। यसरी नै प्रधान पूजाहारीले इस्राएलका बाह्रवटा कुलहरूलाई आफ्ना काँधहरूमाथि परमेश्वरको सामु बोक्थे (प्रस्थान २८ः१२), र आफ्नो हृदयमाथि पनि बोक्थे (प्रस्थान २८ः२१)। काँधचाहिँ बोझ उठाएर बोकिने ठाउँ हो भने, हृदयचाहिँ स्नेह र ममता भएको ठाउँ हो।

**प्रस्थान २८ः३०ः** छातीपातामा ऊरीम र तुम्मीम हालिएको हुनाले यसको नाम 'न्यायको छातीपाता' भएको हुनुपर्ला (प्रस्थान २८ः१५ र २८ः२९-३०); किनकि ऊरीम र तुम्मीमद्वारा इस्राएलीहरूले परमप्रभुबाट मार्ग-दर्शन पाउने गर्थे (गन्ती २७ः२१)।

'ऊरीम र तुम्मीम'को शाब्दिक अर्थ 'ज्योति र सिद्धता' हो। यहाँ कुनचाहिँ थोकलाई 'ज्योति र सिद्धता' भनिएको थियो, सो हामी निश्चित जान्दैनौं। तर माथिल्लो अनुच्छेदमा बताएअनुसार ती थोकहरू छातीपातामा हालिएका थिए र परमप्रभुको मार्गदर्शन पाउनको निम्ति तिनलाई चाहिन्थ्यो (१ शमूएल २९ः६)।

**प्रस्थान २८ः३१-३५ः** अनि एपोदको अलखाचाहिँ जम्मै नीलो रङ्गको कपड़ाले बनिएको थियो। यो अलखाचाहिँ भित्र एपोदमनि लगाइन्थ्यो; यो अलखाचाहिँ

घुँडामनिसम्म पुग्ने लामो वस्त्र थियो, जसको किनारामा सुनका साना-साना घण्टीहरू र रातो धागोले बनाइएका दारिमहरू पालोसँग लगाइए। घण्टीको अर्थ साक्षी हो भने, दारिमको अर्थ फल हो। हारून पवित्रस्थान-भित्र-बाहिर आउ-जाउ गर्दा ती घण्टीहरूको आवाज सधैं सुनिनुपर्थ्यो।

**प्रस्थान २८ः३६-३८ः** अनि प्रधान पूजाहारीको एउटा पगरी थियो, जसमा एउटा सुनको पाता लगाइएको थियो, जुन सुनको पातामा 'परमप्रभुको निम्ति पवित्र' भनेर लेखिएको थियो। यो सुनको पाता सदैव तिनको निधारमा रहनुपर्थ्यो; किनकि तिनले पवित्र वस्तुहरूको सम्बन्धमा गरिएको अधर्मको खातिर यो लगाउनुपर्थ्यो। यस कुराले हामीलाई के याद दिलाउँछ भने, हाम्रा सबैभन्दा पवित्र कामहरूमा पनि पापको गन्ध छँदैछ। यस विषयमा आर्चबिशप विलियम बेवरिड्जले यसो भनेका छन्ः

> 'प्रार्थना गर्दा म पाप नगरी बस्नै सक्दिनँ। अनि मैले आफ्नै पश्चात्तापको विषयमा फेरि पनि पछुतो गर्नुपर्छ; अनि मेरा आँसुहरूचाहिँ? यी आँसुहरू पनि मेरा मुक्तिदाता प्रभुको रगतले धोएर शुद्ध हुनु आवश्यक छ।' 26)

**प्रस्थान २८ः३९-४३ः** अब त्यो लबेदाको कुरा आयोः यस नीलो रङ्गको अलखामनि भित्रपट्टि प्रधान पूजाहारीले एउटा मिहिन सुती कपड़ाले बनेको, बेलबुट्टा काढ़िएको लबेदा लगाउनुपर्थ्यो, जुन लबेदाको निम्ति एउटा बुनेको पटुका पनि हुन्थ्यो।

अब हारूनका छोराहरूले पहिरनुपर्ने वस्त्रहरूको कुरा छः तिनीहरूका लबेदाहरू एकदम सादा, र सेता थिए। तिनीहरूका लबेदाहरूका निम्ति पटुकाहरू हुन्थे। अनि महिमा र शोभाको निम्ति तिनीहरूका टोपीहरू हुन्थे (प्रस्थान २८ः४०)। भित्र लाउने वस्त्रको रूपमा तिनीहरूका सुती कपड़ाका सुरुवालहरू हुन्थे। तिनीहरूको शिरदेखि कुर्कुच्चासम्म तिनीहरू लुगाले ढाकिन्थे। तिनीहरूका पाउहरू मात्र नाङ्गा थिए; किनकि तिनीहरू पवित्र भूमिमा उभिएर परमप्रभुको सेवा गर्थे (प्रस्थान ३ः५)।

*'अनि तिमीले आफ्ना दाजु हारूनलाई र उसको साथमा उसका छोराहरूलाई यी वस्त्रहरू पहिराइदिनूः अनि उनीहरूले पूजाहारी-पदमा रहेर मेरो सेवा गरून् भनेर तिमीले उनीहरूलाई अभिषेक गर्नू, उनी-हरूलाई अर्पण गर्नू र उनीहरूलाई पवित्र पार्नू!'* (प्रस्थान २८ः४१)। यहाँ 'अर्पण गर्नू' भनेर अनुवाद गरिएको शब्दको कुरा स्पष्ट पार्छौंः यस शब्दको अक्षरशः अर्थ 'आफ्नो हात भर्नु' हो; यहाँ, यस ठाउँमा यो शब्दको अर्थ 'हारूनका छोराहरूलाई अर्पण गर्दा तिनीहरूका हातहरू समर्पणका भेटीहरूले भर्नू' हो।

### आ) प्रस्थान २९ः पूजाहारीहरूको समर्पण

**प्रस्थान २९ः१-९ः** परमेश्वरले हारून र तिनका छोराहरूलाई पहिला पूजाहारीहरूको रूपमा नियुक्त गर्नुभयो। त्यस समयदेखि उसो पूजाहारी बन्न सक्ने एकमात्र उपायचाहिँ यस पूजाहारीको कुल र परिवारमा जन्मनु थियो। अनि नयाँ नियमको समयमा कसो हो? ख्रीष्टको मण्डलीअन्तर्गत पूजाहारी बन्ने एकमात्र उपायचाहिँ नयाँ जन्म लिएर हो (प्रकाश १ः५-६)। यस सम्बन्धमा मानिसको अभिमान र दुःसाहस कहाँसम्म पुगेको छ, सो विचार गर्नुहोस्! किनभने मानिसहरूले अरू मानिसहरूलाई पूजाहारी-सेवामा नियुक्त गर्छन्, अभिषेक गर्छन्!! यो कति असुहाउँदो र नमिल्ने कुरा हो!!

यहाँ वर्णन गरिएका विधिहरू लेवीको पुस्तकको आठ अध्यायमा आएर मात्र पूरा भए। अनि पूजाहारीहरूको समर्पण र एकजना कोरीको शुद्धीकरणका नियमहरू उस्तै-उस्तै

छन् (लेवी १४)। किनकि पूजाहारी होस्, वा कोरी होस्, दुवैजनाको दाहिने कानमा, दाहिने हातको बूढ़ी औंलामा र दाहिने खुट्टाको बूढ़ी औंलामा बलिदानको रगत लगाइन्थ्यो। यस कुराले 'एउटा पापी मानिस प्रायश्चित्तको रगतको आधारमा मात्र परमेश्वरको नजिक जान सक्छ' भन्ने अनिवार्य पाठ हामीलाई सिकाइदिन्छ।

समर्पणका भेटीका सामग्रीहरू के-के थिए, सो विस्तृत सूचि प्रस्थान २९:१-३ पदको खण्डमा प्रस्तुत गरिएको छ। यी सामग्रीहरूको प्रयोगको बारेमा पछि यस अध्यायमा निर्देशनहरू दिइन्छन्। अब हारून र तिनका छोराहरूको समर्पणको पहिलो कदम आयोः निवासस्थानको ढोकानेर तिनीहरूलाई पानीले नुहाइदिनु थियो (प्रस्थान २९:४)। दोस्रो कदमः मोशाले हारूनलाई तिनका ती पवित्र वस्त्रहरू पहिराइदिनुपर्‍यो, जसको विस्तृत वर्णन अघिल्लो अध्यायमा दिइएको थियो (प्रस्थान २९:५-६)। तेस्रो कदमः उनले तिनलाई अभिषेकको तेलले अभिषेक गर्नुपर्‍यो (प्रस्थान २९:७); अनि त्यसपछि उनले तिनका छोराहरूलाई पूजाहारी लबेदाहरू पहिराइदिनु थियो (प्रस्थान २९:८-९)।

**प्रस्थान २९:१०-२१ः** अब तीनवटा बलिदानहरूको कुरा आयोः पापबलिको निम्ति एउटा बहर (प्रस्थान २९:१०-१४); होमबलिको निम्ति एउटा भेड़ा (प्रस्थान २९:१५-१८); अनि समर्पणको निम्ति अर्को एउटा भेड़ा (प्रस्थान २९:१९-२१)।

बलिदानको पशुको टाउकोमाथि हातहरू राख्ने कुराको अर्थ यस प्रकारको छः यस हातरखाइद्वारा बलि चढ़ाउने व्यक्तिले 'त्यस बलिसँग म पूरा एक भएको छु र त्यो पशु मेरो स्थानमा मर्छ' भन्ने सङ्केत दिन्छ (प्रस्थान २९:१०)। अनि निस्सन्देह त्यस बलिको रगतले ख्रीष्टको बहुमूल्य रगत चित्रण गर्छ, जुन बहुमूल्य रगत हाम्रा पापहरूको क्षमाको निम्ति बहाइएको थियो। अनि बोसोचाहिँ? त्यो बोसो पशुको सबैभन्दा असल भाग मानिएको कारणले त्यो बोसो परमप्रभुको निम्ति चढ़ाइन्थ्यो (प्रस्थान २९:१३)।

त्यो पहिलो भेड़ा सम्पूर्ण रूपले वेदीमाथि जलाउनु थियो (प्रस्थान २९:१५-१८)। यस होमबलिको आत्मिक अर्थ यस प्रकारको छः परमेश्वरप्रति ख्रीष्ट येशूको समर्पण पूर्ण थियो; उहाँको जीवन सम्पूर्ण रूपले परमेश्वरलाई अर्पण गरिएको थियो। अनि दोस्रो भेड़ा, त्यस समर्पण भेड़ाको रगत हारूनको दाहिने कानको लोतीमा र तिनका छोराहरूका दाहिने कानको लोतीमा, साथै तिनीहरूका दाहिने हातका र दाहिने खुट्टाका बूढ़ी औंलाहरूमा लगाउनुको साथै तिनीहरूका वस्त्रहरूमाथि छर्कनुपर्थ्यो (प्रस्थान २९:२०-२१)। यसर्थ हाम्रो जीवनको हरेक क्षेत्र पापबाट शुद्ध हुनु आवश्यक पर्छ। परमेश्वरको वचन सुन्न र त्यसप्रति आज्ञाकारिता देखाउनको निम्ति हाम्रा कानहरू शुद्ध हुनुपर्छ; कुनै ग्रहणयोग्य काम वा समुचित सेवाको निम्ति हाम्रा हातहरू शुद्ध हुनु खाँचो छ। योग्य चाल चल्न अथवा धार्मिक चाल देखाउन सक्नको निम्ति हाम्रा खुट्टाहरू शुद्ध हुनुपर्छ। कसैको हेराइमा पूजाहारीहरूका सुन्दर-सुन्दर वस्त्रहरूमाथि रगत छर्कनु अनौठो देखिन्छ होला; किनकि मानिसहरूको आँखामा प्रायश्चित्तको रगतमा आकर्षण के पो छ त? तर प्रायश्चित्तको रगत परमेश्वरको दृष्टिमा नभई नहुने अनिवार्य कुरा हो।

**प्रस्थान २९:२२-३४ः** त्यसपछि मोशाले पूजाहारीहरूका हातहरू यस समर्पणको बलिदानसित चढ़ाउनुपर्ने डोलाउने भेटीहरूले भरिदिने आदेश पाए। यसैबाट उनले तिनीहरूलाई बलि चढ़ाउन सुयोग्य पूजाहारीको अधिकार दिएको बुझिन्छ (प्रस्थान २९:२२-२८)।

**प्रस्थान २९:२२-२५:** पहिलो भेटी परमप्रभुको सामु डोलाउनुपरेको थियो, त्यसपछि होमबलिको रूपमा जलाउनुपरेको थियो।

**प्रस्थान २९:२६-२८:** त्यसपछि तिनीहरूले परमप्रभुको सामु यस भेड़ाको छातीचाहिँ, हुन सक्छ, यता-उता तेर्सो हुने गरी र यसको फिलाचाहिँ माथि-तल हुने गरी डोलाउनुपर्‍यो। यी दुई भागहरू भोजनको निम्ति पूजाहारीहरूको हिस्सा थिए। आउनुहोस्, हामी यस डोलाउने छातीको परिभाषा गरौं: यसले त हामीप्रति परमेश्‍वरको कोमल स्नेह भएको कुरा देखाउँछ। अनि यस भेड़ाको फिलारूपी डोलाउने भेटीले हाम्रो पक्षमा काम गर्ने परमेश्‍वरको शक्ति सङ्केत गर्छ।

**प्रस्थान २९:२९-३०:** हारूनका ती पवित्र वस्त्रहरू तिनको पछि तिनका छोराहरूको सम्पत्ति भए; किनकि पूजाहारी-सेवाचाहिँ बुबादेखि सरेर तिनको छोरालाई सुम्पिन्थ्यो।

अनि **प्रस्थान २९:३१-३४** पदको खण्डमा पूजाहारीहरूले बलिको मासु कहाँ र कसरी खानुपर्थ्यो, सो कुरा बयान गरिएको छ।

**प्रस्थान २९:३५-४६:** तिनीहरूको समर्पणको कार्यक्रम सात दिनसम्म चल्यो। यस पवित्र कार्यमा दिनदिनै फरि र फेरि बलिदानहरू चढ़ाइन्थे र होमबलिको वेदी बलिको रगतले शुद्ध गरिन्थ्यो र तेलले अभिषेक गरिन्थ्यो (प्रस्थान २९:३५-३७)। त्यस दिनदेखि उसो पूजाहारीहरूले दुईवटा एक वर्षे भेड़ाका पाठाहरू होमबलिको वेदीमाथि दिनहुँ बलि चढ़ाउनुपर्थ्यो: एउटा पाठो बिहान र अर्को पाठो साँझमा, घाम अस्ताउने बेलामा, चढ़ाउनुपर्थ्यो (प्रस्थान २९:३८-४२)। अनि यस ठाउँमा आएर *'त्यहीं म तिमीसँग कुरा गर्न तिमीहरूलाई भेट्नेछु'* अनि *'म इस्राएलीहरूको बीचमा वास गर्नेछु र म तिनीहरूको परमेश्‍वर हुनेछु'* भनेर परमेश्‍वरले प्रतिज्ञा गर्नुभयो (प्रस्थान २९:४३-४६)।

### ग) प्रस्थान ३०-३१: पवित्र निवासस्थानको विषयमा अरू निर्देशनहरू

#### अ) प्रस्थान ३०:१-१०: धूप-वेदी

धूपको वेदीचाहिँ बबुल काठको थियो र निखुर सुनले मोहोरिएको थियो। यो धूप-वेदी पवित्रस्थानमा राखिन्थ्यो। यो वर्गाकारको थियो; यसको हरेक पाटाको लमाइ अठार इन्च थियो भने, यसको उचाइ तीन फिट थियो। यस धूप-वेदीलाई सुनको वेदी पनि भनिएको छ। यस वेदीमा हरेक बिहान र हरेक बेलुका पनि धूप जलाइन्थ्यो। यस कुराले ख्रीष्ट येशूले हाम्रो पक्षमा निरन्तर अन्तर्विन्ती गर्नुभएको उहाँको यो सेवकाइ चित्रण गर्छ। यो वेदी पवित्रस्थानमा हुन्थ्यो; तर महापवित्रस्थानसित यसको घनिष्ठ सम्बन्ध रहेको कारणले हिब्रूको पुस्तकको लेखकले यो धूप-वेदी दोस्रो पर्दाको पछिल्तिर भएको, महापवित्रस्थानमा राखिएको लेखेछन् (हिब्रू ९:४)। तर सुनको धूप-वेदी अनुवाद गरिएको शब्दचाहिँ सुनको धूपौरो पनि अनवाद गर्न सकिन्छ।[27] यो वेदी यसको बिटदेखि अलिक तल दुईतिर लगाइएका मुन्द्राहरूबाट छिराएका डन्डीहरूको सहायताले बोकिन्थ्यो।

#### आ) प्रस्थान ३०:११-१६: छुटकाराको मोलरूपी प्रायश्चित्तको भेटी

परमेश्‍वरले इस्राएलीहरूको बीचमा बीस वर्ष पुगेको र त्यसभन्दा माथिको हरेक पुरुषलाई आ-आफ्नो छुटकाराको मोलस्वरूप आधा शेकेल तिर्ने आज्ञा गर्नुभयो। यो तिरो धनी र गरिब दुवैको निम्ति एउटै दाम थियो; अनि हरेक जनगणनाको समयमा यो छुटकाराको मोल उठाइन्थ्यो। यो उठाइएको

रकम पवित्रस्थानको सेवामा खर्च गरिन्थ्यो। यस छुटकाराको मोलले इस्राएलीहरूलाई महामारीबाट सुरक्षित राख्यो (प्रस्थान ३०:१२)। जब यो छुटकाराको दाम पहिलो चोटि उठाइयो, तब यो पैसा निवासस्थानका फल्याकहरूमनि बस्ने चाँदीका चूलघरहरू बनाउने काममा प्रयोग गरियो। यस छुटकाराको दामको चाँदीले दाम तिरेर छुटाउने कुरा गर्छ। अनि यो दाम तिरेर प्राप्त गरेको छुटकारा हाम्रो विश्वासको जग हो। यो छुटकारा सबैलाई चाहिएको छ; यसको दाम सबैको निम्ति एकै हो; अनि यो छुटकारा सबैको निम्ति उपलब्ध छ।

### इ) प्रस्थान ३०:१७-२१: हातखुट्टा धुने बाटा

यो पित्तले बाटाचाहिँ भेट हुने पालको प्रवेशद्वार र होमबलिको वेदीको बीचमा रहन्थ्यो। यस बाटामा पूजाहारीहरूले आफ्ना हातखुट्टा धुने गर्थे। यो बाटा स्त्रीहरूका ऐनाहरूबाट बन्यो, जुन ऐनाहरू तिनीहरूले यसको निम्ति अर्पण गरे (प्रस्थान ३०:३८)। यहाँ यस बाटाको कुनै नाप दिइएन। पूजाहारीले हातखुट्टा नधोईकन कुनै पवित्र कार्य शुरु गर्न पाउँदैनथिए; नत्र तिनको मृत्यु हुनेथियो। यस बाटाले हामी सबैजनाको निम्ति यो गम्भिर स्मरण दिलाउँछ, कि परमेश्वरको कुनै सेवामा संलग्न हुन चाहने हरेक भाइबहिनी आत्मिक र नैतिक हिसाबले शुद्ध हुनुपर्छ (हिब्रू १०:२२)।

### ई) प्रस्थान ३०:२२-३३: अभिषेकको तेल

यो पवित्र अभिषेकको तेल लिएर निवासस्थान र त्यसका सरसामानहरू, साथै पूजाहारीहरूलाई अभिषेक गरियो। यो कुरा छोड़ेर यो अरू कुनै पनि काममा आउनुहुँदैनथियो; यस दुरुपयोगको सशक्त मनाही थियो। पवित्र धर्मशास्त्र बाइबलमा तेलचाहिँ धेरजसो पवित्र आत्माको प्रतीक हो। पूजाहारीहरूको अभिषेकको कार्यले हामीलाई के देखाउँछ भने, परमेश्वरका सबै सेवाहरूमा हामी पवित्र आत्माको आवश्यकता पर्छ।

### उ) प्रस्थान ३०:३४-३८: धूप

यो धूपचाहिँ विभिन्न सुगन्धित द्रव्यहरू मिसाएर बनाइएको हो; अनि यो धूप पूजाहारीले हरेक बिहान र हरेक बेलुका सुनको धूप-वेदीमाथि जलाउनुपर्थ्यो। अभिषेकको तेल जस्तै यसको नकल गर्न पाइँदैनथियो, र अरू कुनै काममा यसको प्रयोग सशक्त मनाही गरिएको थियो।

### ऊ) प्रस्थान ३१:१-११: वरदान पाएका कारिगरहरू

परमेश्वरले निम्न वरदान प्राप्त भएका शिल्पकारहरूलाई नियुक्त गर्नुभयोः बसलेल[28)] र ओहोलीआब। अनि यी दुईजनाले निवासस्थान र यसका सबै सामग्रीहरू बनाउने जिम्मा पाए। तिनीहरूले अरू काम गर्नेहरूलाई अगुवाइ गर्दै, यस पवित्र कार्य देखरेख गरे (प्रस्थान ३१:६[ख])। यस अनुच्छेदमा घरिघरि 'म' भन्ने शब्द दोहोरिएको छ। यसर्थ कुनै ईश्वरीय आज्ञाको साथसाथै त्यो आज्ञा पूरा गर्न ईश्वरीय शक्ति पनि आउँदो रहेछ। परमप्रभुले आफ्ना सेवकहरूलाई नियुक्त गर्नुहुन्छ, तिनीहरूलाई क्षमता र वरदान प्रदान गर्नुहुन्छ, अनि तिनीहरूलाई उहाँको महिमाको निम्ति कुनै न कुनै काम गर्न दिनुहुन्छ (प्रस्थान ३१:६)। यो अह्राइएको काम पूरा रूपले परमेश्वरकै हो, तर उहाँले आफ्नो उद्देश्य मानवीय साधनद्वारा पूरा गर्नुहुन्छ; त्यसपछि उहाँले त्यो काम पूरा गर्ने आफ्ना सेवकहरूलाई इनाम दिनुहुन्छ।

**ओ) प्रस्थान ३१ः१२-१८ः विश्राम-दिनरूपी चिन्ह**

**प्रस्थान ३१ः१२-१७ः** विश्राम-दिन मान्ने कुरा परमेश्वर र इस्राएली जातिको बीचमा एउटा चिन्ह ठहरिएको थियो । सातौं दिनमा तिनीहरूले कुनै पनि कामकाज गर्नुहुँदैनथियो, अँ, एउटा पाल टाँग्नुसमेत मनाही गरिएको थियो । यो आज्ञा उल्लङ्घन गर्नेको मृत्युदण्ड सुनिश्चित थियो ।

**प्रस्थान ३१ः१८ः** यस बेलामा परमप्रभुले मोशालाई दुईवटा ढुङ्गाका पाटीहरू दिनुभयो । ती ढुङ्गाका पाटीहरूमा परमेश्वरको व्यवस्था अर्थात् दस आज्ञाहरू लेखिएका थिए (व्यवस्था १०ः४) ।

**निवासस्थानः ख्रीष्ट येशूको चित्रण गर्ने परमेश्वरको नमुना**

निवासस्थानले बुनियादी रूपमा ख्रीष्ट येशूलाई दर्साउँछ । ख्रीष्ट येशूमा 'वचन' देहधारी भयो र हाम्रो बीचमा वास गर्‍यो (यूहन्ना १ः१४) ।[29]

यो निवासस्थान परमेश्वरले तयार गर्नुभएको मुक्तिको मार्ग बताउन प्रयोग गर्न सकिन्छ । यसो भए पनि यो स्पष्ट छ, कि जुन मानिसहरूलाई यो निवासस्थान दिइयो, ती मानिसहरूको सम्बन्ध परमेश्वरसित भइसकेको थियो । यसकारण मुक्तिको मार्ग देखाउनुभन्दा यसको उद्देश्य यस प्रकारको थियोः यस निवासस्थान र यसको सेवकाइबाट परमेश्वरले आफ्ना जनहरूलाई बाहिरी, विधिवत् अशुद्धताबाट कसरी शुद्ध हुन सकिन्छ र उहाँको नजिक गएर कसरी उहाँको आराधना गर्न सकिन्छ, सो देखाउन खोजेको हो ।

निवासस्थान र यससँग सम्बन्धित सेवाहरू स्वर्गमा भएका थोकहरूको प्रतिरूप हुन् (हिब्रू ८ः५ र ९ः२३-२४) । यसको अर्थ यो होइन कि मोशाले निर्माण गरेको यो निवासस्थान र स्वर्गमा भएको निवासस्थानको बीचमा तिनीहरूका आकार र बनावटमा केही समानता हुनुपर्छ; होइन । तर यस निवासस्थानले स्वर्गमा भएका आत्मिक यथार्थ कुराहरू चित्रण गर्छ । यस निवासस्थान र स्वर्गमा भएको निवासस्थानको बीचमा निम्न मिल्दा कुराहरू विचार गर्नुहोस्, जस्तैः

**क)** हिब्रू ९ः१-५ः एक सांसारिक पवित्रस्थान
हिब्रू ८ः२ र ९ः११-१५ः एक स्वर्गीय पवित्रस्थान

**ख)** हिब्रू ९ः३ख: एक महापवित्रस्थान
हिब्रू १०ः१९ः महापवित्रस्थानमा परमेश्वरको उपस्थिति

**ग)** हिब्रू ९ः३क: बीचको छेक्ने पर्दा
हिब्रू १०ः२०ः त्यो पर्दा ख्रीष्ट येशूको शरीर हो

**घ)** हिब्रू ९ः१२-१३ः बलिपशुहुरूको रगत
हिब्रू ९ः१४ः ख्रीष्टको रगत

**ङ)** हिब्रू ७ः१३ः प्रस्थान २७ः१-८ः एउटा वेदी
हिब्रू १३ः१०ः ख्रीष्ट हाम्रो वेदी हुनुहुन्छ

**च)** हिब्रू ५ः१-४ः प्रधान पूजाहारी
हिब्रू ४ः१४-१५; ५ः५-१०; ७ः२० -२८; १०ः२०ः ख्रीष्ट हाम्रा महापूजाहारी

**छ)** हिब्रू १०:१-४ र १०:११: बलि-पशुहरू
हिब्रू ९:२३-२८; १०:१२: ख्रीष्ट हाम्रो बलिदान हुनुहुन्छ

**ज)** हिब्रू ९:४: करारको सन्दुक
हिब्रू ४:१६: ख्रीष्ट येशू अनुग्रहको सिंहासनमाथि विराजमान हुनुहुन्छ

**झ)** हिब्रू ९:४: धूप-वेदी
प्रकाश ८:३; ९:३: स्वर्गमा धूपको वेदी छ

**सुती कपड़ाका पर्दाहरूले बनेको आँगन**

(यसको लमाइ एक सय पचास फिट र यसको चौड़ाइ पचहत्तर फिट थियो)

यस आँगनका पर्दाहरू बाटेको मिहिन मलमलको सेतो धागोले बनेका थिए। यो सेतो मिहिन मलमलले परमेश्वरको सिद्ध धार्मिकता सङ्केत गर्छ। ती पर्दाहरूको उचाइ सात फिट आधा थियो; यसैले ती पर्दाहरू छेक्ने बारको काम गर्थे; मानिसहरूले यस आँगनमा के-के भइरहेको थियो, सो देख्न सक्दैनथिए, तर तिनीहरूको दृष्टिदेखि छेलिएको थियो। हुन पनि होः मानिसले परमेश्वरको धार्मिकताको स्तरमा आइपुग्न सक्दै-सक्दैन (रोमी ३:२३); अनि पापी मानिसले परमेश्वरका कुराहरू न देख्न, न बुझ्न सक्दो रहेछ (१ कोरिन्थी २:१४)। ती पर्दाहरू पित्तलका चूलघरमाथि बसालिएका छपन्नवटा खाँबाहरूमा चाँदीका अङकुसे र डन्डीहरूको सहायताले टाँगिन्थे।

**आँगनको मूलढोका**

यस निवासस्थानको आँगनमा प्रवेश गर्न मानिस मूलढोकाबाट भित्र पस्नुपर्थ्यो। यस निवासस्थानमा पस्न एउटा मूलढोका मात्र थियो, जसरी परमेश्वरकहाँ पुग्ने एकमात्र बाटो येशू ख्रीष्ट हुनुहुन्छ (यूहन्ना १४:६; प्रेरित ४:१२)। त्यस मूलढोकाको चौड़ाइ तीस फिट थियो; यसले सारा मानिस जातिको निम्ति ख्रीष्ट येशू हर हिसाबले पर्याप्त र यथेष्ट हुनुहुन्छ भन्ने कुरा चित्रण गर्छ (यूहन्ना ६:३७; हिब्रू ७:२५)।

त्यस मूलढोकारूपी पर्दा सेतो मिहिन सुती कपड़ाको थियो भने, यसमा नीलो, बैजनी र सिन्दूरे रङ्गका बेलबुट्टाहरू भरिएका थिए। यी चारवटा रङ्गहरूले ख्रीष्ट येशू चारवटा सुसमाचारहरूमा कसरी प्रस्तुत हुनुभएको छ, सो चित्रण गर्छ, जस्तैः

*बैजनी रङ्गः* बैजनी रङ्गले मत्तीको सुसमाचार सङ्केत गर्छ। ख्रीष्ट येशू इस्राएली जातिको राजा हुनुहुन्थ्यो (मत्ती २:२)।

*सिन्दूरे रङ्गः* सिन्दूरे रङ्गले मर्कूसको सुसमाचार सङ्केत गर्छ। ख्रीष्ट येशू ती विनम्र सेवक हुनुहुन्थ्यो, जसले हाम्रा पापहरूका निम्ति दुःखकष्ट भोग्नुभयो। अनि यशैया १:१८ पदअनुसार हाम्रा पापहरू सिन्दूरे रङ्गका हुँदा रहेछन्।

*सेतो रङ्गः* सेतो रङ्गले लूकाको सुसमाचार सङ्केत गर्छ। ख्रीष्ट येशू सिद्ध मानिस हुनुहुन्थ्यो (लूका ३:२२)।

*नीलो रङ्ग:* नीलो रङ्गले यूहन्नाको सुसमाचार सङ्केत गर्छ। ख्रीष्ट येशू परमेश्वरको एकमात्र पुत्र हुनुहुन्छ (यूहन्ना १:१४; ३:१३)।

**होमबलिको पित्तले वेदी**

(यसको नापः यसका चारै पाटाहरू साढ़े सात फिट थिए भने, यसको उचाइँ साढ़े चार फिट थियो।)

यस निवासस्थानको आँगनमा पसेपछि पहिलो वस्तु यो होमबलिको वेदी थियो। यस वेदीमाथि बलिहरू चढ़ाइन्थे। यसले ख्रीष्ट येशूको सिद्ध पाप-बलिको कुरा गर्छ, जुन बलिदान उहाँले गलगथाको क्रूसमा दिनुभयो (हिब्रू ९:१४ र २२)। अनि यहीं ठाउँबाट पापी मानिस परमेश्वरको नजिक जाने आत्मिक यात्रा शुरु गर्नुपर्छ। यो वेदी बबुल काठको थियो, जुन काठ पित्तलले मोहोरिएको थियो। बबुल-काठ एकदम दह्रो काठ हुन्थ्यो; किनभने बबुलका रूखहरू उजाड़स्थानमा बढ़्थे। पित्तलले न्यायको कुरा बताउँछ भने, बबुल-काठले चाहिँ ख्रीष्ट येशूको पापरहित अमर मानवता देखाउँछ। *'परमेश्वरले पापै नजान्नुहुनेलाई हाम्रा निम्ति पाप तुल्याउनुभयो'* (२ कोरिन्थी ५:२१); यसर्थ प्रभु येशूले हाम्रा पापहरूको खातिर परमेश्वरको न्याय सहनुपरेको थियो।

यो होमबलिको वेदी भित्रपट्टि खाली थियो; अनि यसको आधा भागमा एउटा जालीदार चाल्नी हुन्थ्यो, जसमाथि बलिको पशु राखिन्थ्यो। यसका चारै कुनाहरूमा पित्तलले मोहोरिएका चारवटा सीङहरू थिए (प्रस्थान २७:२)। अनि भजन ११८:२७ख पदबाट बुझेअनुसार यी सीङहरूमा बलिको पशु बाँधिन्थ्यो। हाम्रा मुक्तिदाता प्रभुलाई कुनै डोरी वा काँटीले होइन, तर हामीप्रति भएको उहाँको अनन्त प्रेमले उहाँलाई कलवरी क्रूसमा बाँध्यो।

जब कुनै इस्राएली मानिसले एउटा होमबलिको पशु परमप्रभुको सामु ल्याउँथ्यो, तब उसले त्यस बलिको पशुको टाउकोमाथि आफ्नो हात राखेर आफैलाई त्यस बलिपशुसित एक तुल्याउँथ्यो। यसरी उसले यो स्वीकार गर्थ्योः 'यो पशु मेरो सट्टामा मर्दैछ।' यो बलिदानचाहिँ अर्कोको ठाउँ लिने स्थानापन्ना बलिदान हुन्थ्यो। त्यस बलिको पशुलाई काटेर त्यसको रगत वेदीको फेदीमा पोखिन्थ्यो; किनभने ख्रीष्ट येशूको रगत पनि यसरी नै बहाइयो; उहाँको रगतविना हाम्रा पापहरूको क्षमा हुँदै-हुँदैन (हिब्रू ९:२२)।

बलि-पशुको छालाबाहेक त्यसका अन्य सबै भागहरू यस वेदीमाथि जलाइन्थे। यस होमबलिले ख्रीष्ट येशूको सिद्ध बलिदान केही हदसम्म मात्र चित्रण गर्न सक्दो रहेछ। उहाँको सही चित्र दिन सक्ने अरू के हुन सक्थ्यो र? किनभने क्रूसमा पिताको इच्छाप्रति ख्रीष्ट येशूको समर्पण सम्पूर्ण थियो।

यो होमबलि मीठो सुवासना दिने बलिदान थियो। ख्रीष्ट येशूले क्रूसमा पूरा गर्नुभएको त्राणको कामबाट परमेश्वर पिताले पूरा सन्तुष्टि लिनुभयो। यस होमबलिले हामीलाई यसको याद दिलाउँछ। अनि यस बलिदानले बलि चढ़ाउने मानिसको निम्ति प्रायश्चित्त गर्‍यो; अब परमेश्वर र उसको बीचमा मेलमिलाप भएको छ।

**हातखुट्टा धुने बाटा**

यो बाटा स्त्रीहरूले अर्पण गरेका ऐनाहरूबाट बनिएको थियो (प्रस्थान ३८:८)। यस विषयमा श्री जे. एच. ब्राउनले यसो भनेका छन्ः

'ती स्त्रीहरूले आफ्नै सन्तुष्टिको निम्ति प्रयोग गरिएका यी चीजहरू समर्पण गरे; किनकि यी ऐनाहरूबाट तिनीहरूको शारीरिक लालसाले केही हदसम्म तृप्ति पाउँथ्यो ।'

यसबाट हामी यो सिकौंः आराधना चढ़ाउनुभन्दा अघि हामी आफूले आफैलाई जाँच्नुपर्छ (१ कोरिन्थी ११ः३१) ।

हातखुट्टा धुने बाटा पूजाहारीहरूको निम्ति थियो । परमेश्‍वरको सेवा गर्नुभन्दा अघि हामीले आफूलाई शुद्ध गर्नुपर्छ भन्ने सङ्केत हामी यहाँबाट पाउँछौं (यशैया ५२ः११) । पूजाहारीहरूले सेवामा प्रवेश गर्नुभन्दा अघि एकैचोटि नुहाउँथे (लेवी ८ः६) । त्यसपछि तिनीहरूले आफ्ना हातखुट्टाहरू नियमित रूपले धोइधाइ गर्नुपर्थ्यो । यसर्थ बुझ्नुहोस्ः आत्मिक हिसाबले हामी एकपल्ट नुहाउनुपर्छ, त्यसपछि धेरैपल्ट धोइपखाल्नु छ। वर्तमान समयमा सबै ख्रीष्ट-विश्‍वासीहरू पूजाहारी हुन् (१ पत्रुस २ः५ र ९) । हामीलाई एकैपल्ट नयाँ जन्मको स्नान आवश्यक परेको थियो (यूहन्ना ३ः५ र १३ः१०; तीतस ३ः५); तर अब परमेश्‍वरको सेवाको निम्ति हामीलाई हाम्रा हातहरू घरिघरि धुनु छ र एउटा भक्तिले पूर्ण जीवनको चालमा हिँड्नको निम्ति हाम्रा खुट्टाहरू धोइरहनु आवश्यक छ (यूहन्ना १३ः१०) । हामी परमेश्‍वरको वचनरूपी पानीले हाम्रा हातखुट्टाहरू धुने-पखाल्ने काम गर्छौं (भजन ११९ः९-११; यूहन्ना १५ः३; एफेसी ५ः२६) ।

पवित्र बाइबलले यस बाटाको आकार-प्रकारको वर्णन गरेको छैन । यसकारण हुन सक्छः माथि र तल हुने गरी दुईवटा भाँड़ाहरू थिए कि ? एउटा माथिल्लोचाहिँ हातहरू धुन र अर्को तल्लोचाहिँ खुट्टाहरू धुनको निम्ति – कसले जान्दछ ?

**निवासस्थान**

(यसको लमाइ पैंतालीस फिट थियो भने, यसको चौड़ाइ पन्ध्र फिट थियो)

यस निवासस्थानको बनावट कस्तो थियो ? बाहिरदेखि हेर्दाखेरि यसको बनावट साधारण देखिन्थ्यो, तर यसको भित्रिय भाग एकदम सुन्दर थियो । यस निवासस्थानभित्र भएको हरेक वस्तु कि त सुनले मोहोरिएको थियो, कि त बेलबुट्टाले भरिएको थियो । यस निवासस्थानले ख्रीष्ट येशूलाई चित्रण गर्छ; किनभने उहाँले हाम्रो बीचमा वास गर्नुभयो (यूहन्ना १ः१४); उहाँमा बाहिरबाट देखिने कुनै सुन्दरता थिएन (यशैया ५३ः२[ख]), तर भित्रपट्टिचाहिँ उहाँ सर्वाङ्ग सुन्दर, अँ, परम सुन्दर हुनुहुन्थ्यो ।

यस निवासस्थानलाई ढाक्ने चारवटा छतरूपी पर्दाहरू हुन्थे, जुन पर्दाहरूको परिभाषा हामी भित्रदेखि शुरु गरेर बाहिरसम्म दिन लागेका छौं, जस्तैः

**क)** बाटेको मिहिन मलमलले बनेको बुट्टेदार पर्दाः यसले ख्रीष्ट येशूको धार्मिकता र सुन्दरता देखाउँछ ।

**ख)** बाख्राको भुत्लाले बनेको पर्दाः यसले ख्रीष्ट येशूको प्रायश्‍चित्तको काम सङ्केत गर्छ; उहाँ हाम्रो पाप उठाइलैजाने बोका हुनुभयो (लेवी १६) ।

**ग)** सिन्दूरे रङ्गले रङ्गिएको भेड़ाका छालाले बनेको पर्दाः यसले ख्रीष्ट येशूको समर्पण दर्साउँछ (प्रस्थान २९ः१९-२२); उहाँ त्यो समर्पणको भेड़ा हुनुहुन्छ ।

**घ)** सिलको छालाले बनेको ओढ़ारूपी पर्दाः यसमा अनुवादको कुरा आयोः सिलको छालाचाहिँ शिशुमार, सोंस, डल्फिन वा समुद्री गाईको छाला पनि अनुवाद गरिएको छ। यी छालाहरूले बनेको यस ओढ़ाले निवासस्थानलाई घामपानीको नराम्रा प्रभावहरू बचाउँथ्यो भने, ख्रीष्ट येशूले चाहिँ आफ्ना विश्वासी जनहरूलाई सबै दुष्ट कुराहरूदेखि जोगाउनुहुन्छ। यस अन्तिम पर्दाको आत्मिक चित्र यो हो।

**फल्याकहरू**

कसै-कसैको विचारमा, यस निवासस्थानका फल्याकहरूचाहिँ काठैकाठ थिएनन्, तर जालीदार फ्रेमहरू थिए अरे। जेजस्तो भए पनि ती फल्याकहरूले ख्रीष्ट-विश्वासीहरूलाई चित्रण गर्छन्; किनभने तिनीहरू आत्माद्वारा एकसाथ बनिँदै गएर परमेश्वरको वासस्थान बन्छन् (एफेसी २:२२)। फल्याकहरू बबुल-काठका थिए, र सुनले मोहोरिएका थिए। काठले हाम्रो मानवता, र सुनले ख्रीष्टमा हाम्रो ठहर बुझाउँछ। परमेश्वरले हामीलाई ख्रीष्ट येशूमा भएको देख्नुहुन्छ। ती फल्याकहरूको लमाइ पन्ध्र फिट थियो, र पाँचवटा सुनले मोहोरिएका साटाहरूको जोड़िन्थे (प्रस्थान २६:२६-२८)। बीचमा लाग्ने साटाचाहिँ एक छेउदेखि अर्को छेउसम्म वारपार छिरिजान्थ्यो। यस साटाले पवित्र आत्मालाई चित्रण गरेको हुन सक्छ। प्रत्येक फल्याकका दुईवटा चूलहरू थिए, जुन चूलहरू निवासस्थान खड़ा गर्दा दुईवटा चाँदीका चूलघरहरूमा गाँसिन्थ्यो। चाँदीले छुटकाराको दामको कुरा गर्छ (प्रस्थान ३०:१५); प्रस्थानको यस पदमा चाँदीको आधा शेकेल छुटकाराको मोल थियो। यसर्थ ख्रीष्ट-विश्वासीहरूको आत्मिक जगचाहिँ ख्रीष्ट येशूले पूरा गर्नुभएको त्राणको काममा पो अड़िएको छ (१ पत्रुस १:१८-१९)।

**निवासस्थानको पवित्रस्थान**

*'अनि तिमीले त्यस पालको ढोकाको निम्ति नीलो, वैजनी, रातो र बाटेको मिहिन मलमलको बेलबुट्टा हानिएको एउटा पर्दा बनाउनू!'* (प्रस्थान २६:३६)। यसो हो भने, पवित्रस्थानभित्र पस्ने ढोका एउटा सुन्दर पर्दा हुन्थ्यो। यस पर्दाले ख्रीष्ट येशूलाई सङ्केत गर्छ; किनभने ख्रीष्ट येशूद्वारा हामीले परमेश्वरको उपस्थितिमा पुग्ने एकमात्र प्रवेश पाएका छौं (एफेसी २:१८ र ३:१२)। यस पवित्रस्थानमा कुनै चौकी वा कुर्सि थिएन; किनकि पूजाहारीहरूको काम कहिल्यै सिद्धिँदैनथियो। तर यसको तुलनामा हिब्रू १०:१२ पदमा बयान गरिएको, ख्रीष्ट येशूले एकैपल्टमा सदाको निम्ति पूरा गर्नुभएको काम विचार गर्नुहोस्ः किनभने एउटै बलिदान चढ़ाएर उहाँ सदाको निम्ति परमेश्वरको दाहिने हातपट्टि बस्नुभयो। यो कति फरक छ!

**भेटीका रोटीहरूको टेबल**

(यस टेबलको नाप यस प्रकारको थियोः यसको लमाइ छतीस इन्च, यसको चौड़ाइ अठार इन्च र यसको उचाइ सत्ताइस इन्च थियो। यसको निर्धारित स्थान पवित्रस्थानको उत्तरपट्टि थियो)

यो टेबल बबुल-काठले बनेको थियो, जसको काठ सुनले मोहोरिएको थियो। यस टेबलले हाम्रा प्रभु येशूको मानवता र परमेश्वरत्व चित्रण गर्छ। यस टेबलमाथि बाह्रवटा अखमिरी रोटीहरू राखिन्थे, जुन अखमिरी रोटीहरूले परमेश्वरका जनहरूलाई त्यस सम्बन्धमा देखाउँछन्,

जुन सम्बन्धमा तिनीहरू ख्रीष्ट येशूसित बसेका छन्। किनकि परमेश्वरले अब तिनीहरूलाई ख्रीष्टमा अखमिरी रोटीहरूको रूपमा देख्नुहुन्छ। ती भेटीका रोटीहरूको वरिपरि टेबलका दुईवटा मुकुटरूपी सुनका बिटहरू थिए भने, महिमित ख्रीष्ट येशूको सुरक्षाको घेराभित्र हामी सुरक्षित रहन्छौं।

**सामदान**

(यस सामदानको निम्ति कुनै खास नाप दिइएको छैन; यसको ओजन सैंतीस किलो र आधा थियो। अनि यसको निर्धारित स्थान पवित्रस्थानको दक्षिणपट्टि थियो)

यो सामदान निखुर सुनको थियो, पिटेर बनाइएको थियो; यसको जग, र यसको डाँठ थियो। यस डाँठबाट सातवटा हाँगाहरू निस्के, र हरेक हाँगाको टुप्पामा एउटा तेलको दियो थियो। यो सामदान निवासस्थानमा उज्यालो दिने एकमात्र स्रोत थियो। यसले ख्रीष्ट येशूको महिमा गर्नुहुने पवित्र आत्माको सेवकाइ चित्रण गरेको हुन सक्छ (यूहन्ना १६:१४), अथवा ख्रीष्ट येशू स्वर्गको एकमात्र ज्योति हुनुहुन्छ भन्ने कुरा देखाउन खोजेको हुन सक्छ (प्रकाश २१:२३); अनि पक्का पनि यसले प्रभु येशूचाहिँ सबै आत्मिक ज्योति र प्रकाशको स्रोत हुनुहुन्छ भन्ने कुरा दर्साउँछ (यूहन्ना ८:१२)। यहाँ निखुर सुनले ख्रीष्टको ईश्वरीय गुणको अर्थ लिन्छ।

यस सामदानका दियाहरू बोलुकादेखि बिहानसम्म बलिरहन्थे (प्रस्थान २७:२१; १ शमुएल ३:३)।

**धूपको वेदी**

(यो वेदी वर्गाकारको थियो, यसको हरेक पाटाको लमाइ अठार इन्च थियो, र यसको उचाइ छतीस इन्च थियो; यस वेदीको निर्धारित स्थान बीचको पर्दाको सामुन्ने र त्यसको ठीक बीचमा थियो।)

यो वेदी बबुल काठले बनेको थियो, जुन काठ निखुर सुनले मोहोरिएको थियो। यस कुराले ख्रीष्ट येशूको मानवता र परमेश्वरत्व सङ्केत गर्छ। यस धूपको वेदीले महिमित ख्रीष्ट येशूलाई दर्साउँछ, जसले स्वर्गमा आफ्ना जनहरूको निम्ति अन्तर्विन्ती गर्नुहुन्छ (हिब्रू ७:२४-२६; प्रकाश ८:३-४)। अनि धूपचाहिँ? यस धूपले उहाँको व्यक्तित्वको सुगन्ध र उहाँको त्राणको कामबाट आउने मीठो सुवासनाको विषयमा चर्चा गर्छ। धूप बाल्ने आगो होमबलिको वेदीबाट लिइन्थ्यो; यसर्थ ख्रीष्ट येशूले आफूलाई निष्कलङ्क बलिदानको रूपमा परमेश्वरकहाँ अर्पण गर्नुभएको स्थानबाट यो सुवास्ना निस्किआउँछ।

यो धूप निम्न सुगन्धित द्रव्यबाट बनेको थियो: सुगन्धित खोटो, नखी, कन्दरु र शुद्ध लोबान। यी चारवटा शुद्ध द्रव्य लिएर यो धूप बनियो, जुन धूप बल्दा मीठो बास्ना, अँ, ख्रीष्टको मीठो सुवास्ना निस्कन्थ्यो (एफेसी ५:२)।

**निवासस्थानको महापवित्रस्थान**

महापवित्रस्थानको सामुन्ने त्यो बीचको पर्दा झुन्डिन्थ्यो; यस बीचको पर्दाले ख्रीष्ट येशूको शरीरलाई सङ्केत गर्छ (हिब्रू १०:१९-२२); उहाँको शरीररूपी पर्दा गलगथामा, यस क्रूसको मृत्युमा च्यातियो (लूका २३:४५)। पवित्रस्थानभित्र पूजाहारीहरूले मात्र प्रवेश गर्न पाउँथे भने, महापवित्रस्थानमा चाहिँ प्रधान पूजाहारीले मात्र पस्न पाउँथे, अनि त्यो पनि वर्षको एक दिनमा

मात्र। तर अबचाहिँ ख्रीष्ट-विश्वासीहरूले जहिले पनि, अँ, सब समयमै परमेश्वरको उपस्थितिमा प्रवेश गर्न सक्छन् (हिब्रू १०:१९-२२)।

**करारको सन्दुक**

(यस सन्दुकको नाप यस प्रकारको थियोः यसको लमाइ तीन फिट नौ इन्च थियो भने, यसको चौड़ाइ दुई फिट तीन इन्च थियो; अनि यसको उचाइ पनि दुई फिट तीन इन्च थियो।)

यो सन्दुकचाहिँ एउटा बबुलको काठले बनेको बाकस थियो, जसको काठ सुनले मोहोरिएको थियो। यस सन्दुकले परमेश्वरको सिंहासन दर्साउँछ। यस सन्दुकभित्र राखिएका सामानहरूको विषयमा दुईवटा धारणा छन्ः एउटा धारणा मानिसमाथि केन्द्रित रहन्छ र नकारात्मक छ भने, दोस्रो धारणा ख्रीष्ट-केन्द्रित रहन्छ र एकदम सकारात्मक छ।

पहिलो धारणा यस प्रकारको छः यस सन्दुकमा राखिएका तीनवटा सामानहरू विद्रोहको सम्झना गराउने चिन्हहरू हुन्ः मन्ना, व्यवस्थाका पाटीहरू र हारूनको लहुरो (प्रस्थान १६:२-३; प्रस्थान ३२:१९; गन्ती १७:१-१३)। यसो हो भने, यी चीजहरूले ख्रीष्ट येशूलाई चित्रण गर्छन्, जसले हाम्रो विद्रोहको निम्ति श्राप भोग्नुभयो।

अनि दोस्रो धारणा यस प्रकारको छः मन्नाले ख्रीष्ट येशूलाई परमेश्वरबाट आएको स्वर्गको रोटीको रूपमा चित्रण गर्छ; व्यवस्थाले परमेश्वरको पवित्रताको बोध गराउँछ, जुन पवित्रता प्रभु येशूले आफ्नो जीवनमा कायम राख्नुभयो, अँ, जुन पवित्रता उहाँले अति गौरवशाली र महिमित तुल्याउनुभयो। अनि हारूनको लहुरोले ख्रीष्ट येशूको पुनरुत्थान चित्रण गर्छ; किनभने परमेश्वरले ख्रीष्ट येशूलाई महापूजाहारी हुन चुन्नुभयो।

**कृपा-आसन**

यो कृपा-आसन करारको सन्दुकको ढकनी थियो। यस कृपा-आसनको पाटाबाट पिटेर बनाइएका दुईवटा करूबहरू उठेका थिए। ती करूबहरूले परमेश्वरको सिंहासन र उहाँको धार्मिकता रक्षा गर्थे। ती करूबहरूले करारको सन्दुकको सामु र यस कृपा-आसनमाथि छर्किएको रगतमाथि आफ्नो दृष्टि लगाइदिन्थे। यसकारण बुझ्नुहोस्ः ख्रीष्ट येशूको रगतले परमेश्वरको धार्मिकताका सबै मागहरू पूरा गर्छ र उहाँको दृष्टिबाट हाम्रा सबै अपराधहरू ढाकिदिन्छ। यसरी नै यो न्याय-आसन एउटा कृपा-आसन बन्न गएको छ। ख्रीष्ट येशू हाम्रो कृपा-आसन हुनुभएको छ ( किनकि १ यूहन्ना २:२ पदमा 'प्रायश्चित्त' भन्ने शब्दको अनुवाद 'कृपा-आसन' पनि हुन सक्छ)। ख्रीष्ट येशूमा पवित्र परमेश्वर र पापी मानिसको मिलन सम्भव भएको छ।

**बादलको महिमा**

जब यो निवासस्थानको निर्माण-कार्य सिद्धियो, तब परमप्रभु कृपा-आसनमाथि एउटा महिमाको बादलमा देखा पर्नुभयो; यस महिमाको बादललाई 'सेकाइना' भनिन्छ। अनि यो 'सेकाइना' भन्ने शब्द हिब्रू भाषाबाट आएको हो, जसको अर्थ 'वास गर्नु' हो। यस चम्किलो बादलमार्फत परमेश्वरको महिमा देखिन्थ्यो। यसर्थ यो बादल परमेश्वरको महिमाको प्रतीक थियो।

### घ) प्रस्थान ३२-३३ः इस्राएलीहरूको बीचमा मूर्तिपूजा

**अ) प्रस्थान ३२ः१-१०ः सुनको बाछा**

सिनाई पर्वतको टाकुरादेखि मोशाले फर्किआउन ढिलो गरेको देखेर मानिसहरूले आफ्नो अधीरतामा हारूनलाई 'हाम्रो निम्ति एउटा मूर्ति बनाऊ' भन्ने विन्ती गरे। तिनले नम्रतापूर्वक तिनीहरूले भनेको कुरा माने र तिनीहरूकै कानमा भएका सुनका गरगहनाहरू लिएर ती गहनाहरू आगोमा बिलाएर तीबाट एउटा सुनको बाछा बनाए। 'आफ्नो निम्ति कुनै मूर्ति नबनाउनू' भनेर परमेश्वरले केही समयअघि मात्र यो काम मनाही गर्नुभएको थियो (प्रस्थान २०ः४)। त्यसपछि मानिसहरूले यस मूर्तिको पूजा गर्दै-गर्दा आमोद-प्रमोद गरे; तिनीहरूले खाए, पिए र लीला गरेर आपसमा अनैतिक कामहरू गरे। तिनीहरूले आफ्नो विचारमा परमप्रभुलाई पुजिरहेका थिए (प्रस्थान ३२ः५)। परमेश्वरले आफ्ना जनहरूलाई तिनीहरूले मिस्र देश छोड़ेको बेलामा सुनले आशीषित तुल्याउनुभयो (प्रस्थान १२ः३५-३६); तर अब यो भौतिक आशिष तिनीहरूको पापले पूर्ण हृदयको कारणले श्राप पो बन्न गयो। परमेश्वरले मोशालाई यस पर्वतको फेदीमा के-के भइरहेको थियो, सो कुराको जानकारी दिनुभयो (प्रस्थान ३२ः७-८) र आफ्ना जनहरूलाई नाश गर्छु भन्ने धम्की दिनुभयो (प्रस्थान ३२ः९-१०)।

### आ) प्रस्थान ३२ः११-३४ः मोशाको अन्तर्विन्ती र उनको रिस

**प्रस्थान ३२ः११-१३ः** मोशाले परमप्रभुलाई कस्तो जवाफ दिए, सो यहाँ, यी तीनवटा पदहरूमा ध्यानसित पढ्नुहोस्! उनले दिएको यस उत्तरबाट स्पष्ट भएको छ, कि पवित्र बाइबलका अन्तर्विन्ती गर्ने योद्धाहरूमध्ये मोशाचाहिँ उत्कृष्ट मध्यस्थ-कर्ता रूपमा देखा पर्छन्। परमेश्वरसँग बहस गर्दा उनले पेश गरेका उनका बलिया-बलिया तर्कहरू विचार गर्नुहोस्ः **क)** यी मानिसहरू परमेश्वरका जनहरू थिए (प्रस्थान ३२ः११-१२)। **ख)** परमप्रभुले तिनीहरूलाई वास्ता गरेर मिस्र देशदेखि छुटकारा दिनुभयो (प्रस्थान ३२ः११)। **ग)** परमेश्वरले तिनी-हरूलाई शेष पार्नुभयो भने मिस्रीहरूले यस कुरामा आफ्ना आँखाहरू कति सेक्नेथिए; किनभने यिनीहरूले यही गर्न खोजेका, तर यिनीहरू यस कुरामा असफल भएका थिए (प्रस्थान ३२ः१२)। **घ)** परमेश्वर आफूले तिनीहरूका पितापुर्खाहरूसँग बाँध्नुभएका करारहरूप्रति विश्वासयोग्य हुनुपरेको थियो (प्रस्थान ३२ः१३)।

**प्रस्थान ३२ः१४ः** *'तब आफ्ना मानिस-हरूको जुन खराबी गर्ने परमप्रभुको विचार थियो, त्यस खराबीबाट उहाँ पछुताउनुभयो।'* यस सन्दर्भमा खराबी गर्ने कुराले न्याय गर्ने वा सजाय दिने अर्थ लिन्छ। मोशाको अन्तर्विन्तीको खातिर परमप्रभुले आफैलाई आफ्ना जनहरूमाथि दण्ड ल्याउनुदेखि रोक्नुभयो, नत्र ता उहाँले तिनीहरूलाई दण्ड नदिई छोड्नुहुनेथिएन; यो सुनिश्चित छ।

**प्रस्थान ३२ः१५-२०ः** मोशा यस पर्वतबाट तल ओर्ले, अनि उनको हातमा साक्षीका दुईवटा पाटीहरू थिए; अनि बाटोमा उनले यहोशूलाई भेटे; त्यसपछि उनी मानिस-हरूकहाँ आए, जो यो सुनको बाछा पुजिरहेका र भोजको मोजमा मस्त र कामुक भइरहेका थिए। तब उनको धार्मिक रिस दन्कियो, र उनले व्यवस्थाका ती पाटीहरू फुटाइदिए, किनकि मानिसहरूले ती पाटीहरूमा लेखिएका आज्ञाहरू अघिबाट उल्लङ्घन गरिसके। अनि यसरी नै उनले तिनीहरूको पापको विरोधमा साक्षी दिए। त्यसपछि उनले

यो सुनको बाछा लिएर यसलाई धूलोपीठो बनाए र त्यो धूलो पानीमा हालेर मानिसहरूलाई सो पिउन लगाए (प्रस्थान ३२ः२०)। हुन सक्छ, यसको आत्मिक अर्थ यही होलाः हामीले गरेका हाम्रा पापहरू हामीकहाँ तीतो पिउने पदार्थको रूपमा फर्किआउँछन्।

**प्रस्थान ३२ः२१-२४ः** जब मोशाले हारूनबाट ती मानिसहरूले गरेको यस दण्डको योग्य कुकर्मको विषयमा जवाफ पाउन खोजे, तब हारूनले जेजस्तो भएको थियो, यो सब उनलाई बताइदिए। तर तिनले आफ्नो सफाइ गरेर 'आगोबाट रहस्यपूर्ण तरिकाले यो सुनको बाछा आफै-आफ निस्क्यो' भने (प्रस्थान ३२ः२४)। अनि मोशाले परमप्रभुसित अन्तर्विन्ती गरेकै कारणले उहाँले हारूनलाई मार्नुभएन (व्यवस्था ९ः१९-२०)।

**प्रस्थान ३२ः२५-२९ः** अझै पनि कोही-कोही छाड़ा मानिसहरू थिए, जसले यस भोजको मोजमा कुनै विराम लगाएका थिएनन्। यसकारण मोशाले परमप्रभुको पक्ष लिने मानिसहरूलाई खोजे। तब लेवी-कुलका पुरुषहरू हाजिर भए, जो यी छाड़ा मानिसहरूमाथि आफ्नो तरवार चलाउन राजी थिए। त्यो मानिस भाइ होस्, साथी होस् वा छिमेकी होस्, यसको मतलब थिएन, मूर्तिपूजामा संलग्न भएको कुनै पनि मानिस छोड़िएन। (प्रस्थान ३२ः२५-२९)। यहाँ व्यवस्था उल्लङ्घन गर्ने तीन हजार मानिस-हरूको मृत्यु यस पापकर्मको नतिजा भयो भने, नयाँ नियमको समयमा पेन्टेकोष्टको दिनमा अनुग्रहको सुसमाचारले एकै दिनमा तीन हजार मानिसहरूलाई मुक्ति प्रदान गऱ्यो। अनि हुन सक्छ, लेवी-कुलका पुरुषहरूले यस काममा भक्ति र वीरता देखाएको हुनाले तिनीहरू 'पूजाहारी-कुल' हुनको निम्ति चुनिएका हुन् (प्रस्थान ३२ः२९)।

**प्रस्थान ३२ः३०-३५ः** यी मानिसहरूको पापको निम्ति प्रायश्चित्त गर्न सक्छु कि भन्ने विचारले मोशा फेरि यस पर्वतको टाकुरामा परमप्रभुलाई भेट्न चढ़े (प्रस्थान ३२ः३०-३२)। यस बेलामा परमप्रभुले उनलाई दुईवटा उत्तर दिनुभयोः प्रथम जवाफ यस प्रकारको थियोः उहाँले यो सुनको बाछा बनाउनेहरूलाई दण्ड दिनुहुनेथियो। अनि प्रस्थान ३२ः३५ पदमा आएर उहाँले यी मानिसहरूमाथि भयानक विपत्ति ल्याएर यो वचन पूरा गर्नुभयो। अनि दोस्रो जवाफ यस्तो थियोः मोशाले मानिसहरूलाई प्रतिज्ञाको देशमा अगुवाइ गरेर लैजाँदा उनको अघि-अघि उहाँले एकजना स्वर्गदूतलाई पठाउनु-हुनेथियो। प्रस्थान ३२ः३२ पदमा फेरि पनि मोशामा भएको अन्तर्विन्ती गर्ने सुचरित्र चम्किन्छः उनी आफ्ना मानिसहरूको निम्ति मर्न पनि तयार थिए। *'तपाईंको पुस्तक-बाट मेरो नाम मेटिदिनुहोस्!'* भन्नुको अर्थ 'मेरो जीवन अन्त्याउनुहोस्' भनेको हो।[30) परमेश्वरले मोशाको जीवन जोगाइराख्नुभयो, तर उहाँले आफ्नो अति प्रिय पुत्र येशू ख्रीष्टलाई जोगाउनुभएन। यहाँ मोशाको चरित्र हाम्रा प्रभु येशूको चरित्रसित मिल्छ, जो धर्मी हुनुहुन्थ्यो, र पनि हामीजस्तै अधर्मी मानिसहरूको निम्ति मर्नुभयो।

### इ) प्रस्थान ३३ः१-६ः मानिसहरूले पश्चाताप गरे

परमप्रभुले कनान देशतर्फ यी पापी इस्राएलीहरूसित यात्रा गर्न अस्वीकार गर्नुभयो; नत्र उहाँले तिनीहरूलाई बाटोमा नष्ट गर्नुहुनेथियो। यसकारण उहाँले आफ्नो बदलीमा एकजना दूत पठाइदिनेछु भन्ने प्रतिज्ञा गर्नुभयो। यी दूत उहाँको प्रतिनिधि हुनेथिए। जब मानिसहरूले यो खराब समाचार सुने, तब तिनीहरूले विलाप गर्न लागे र आ-आफ्ना

गरगहनाहरू खोले । किनभने यस्ता गहनाहरू लिएर तिनीहरूले यो सुनको बाछा बनाउन प्रयोग गरेका थिए। अनि होरेब पर्वतदेखि उसो तिनीहरूले यस प्रकारका गहनाहरू फेरि कहिल्यै लगाएनन् ।

### ई) प्रस्थान ३३ः७-११ः मोशाको भेट हुने पाल

यहाँ सात पदमा बताइएको पाल त्यो निवासस्थान थिएन; किनकि त्यो निवासस्थान अहिलेसम्म खड़ा गरिएको थिएन । यसकारण मोशाले यहाँ टाँगेको पाल एउटा अस्थायी पाल थियो, जसलाई यहाँ 'भेट हुने पाल' भनिएको छ। परमप्रभुसित भेट गर्न चाहने जुनै पनि व्यक्ति छाउनीबाहिर त्यस पालमा आउन सक्थ्यो । किनकि मानिसहरूको पापले गर्दा इस्राएलीहरूको छाउनी अशुद्ध भएको थियो। यही कारणले त्यो भेट हुने पाल छाउनीदेखि बाहिर राखिएको थियो। जब मोशा यस भेट हुने पालमा प्रवेश गर्थे, तब बादलको खाँबा त्यसमा ओर्लेर आएको देखा पर्थ्यो। यस बादलको खाँबाले परमेश्वरको उपस्थिति सङ्केत गर्छ । अब एघार पदको कुरा आयोः यस पदको अर्थ यस प्रकारको छः मोशाले परमेश्वरलाई साक्षात् रूपमा देखेनन्; तर उनले परमेश्वरसित आमुन्ने-सामुन्ने खुला रूपले बातचित गरे । अनि यहाँ याद राख्नुपर्ने लायकको अर्को कुरा पनि छः जवान यहोशूचाहिँ यस भेट हुने पालबाट निस्केनन् । अनि हुन सक्छ, तिनलाई भविष्यमा आत्मिक सफलता प्रदान गर्ने रहस्य यसैमा थियो ।

### उ) प्रस्थान ३३ः१२-२३ः मोशाको प्रार्थना

**प्रस्थान ३३ः१२-१७ः** मोशाले परमेश्वरबाट उहाँको उपस्थितिको माग गरे, जुन उपस्थितिले उहाँका जनहरूलाई डोऱ्याएर कनान देशमा पुऱ्याउनुपरेको थियो । यसभन्दा कम अरू कुनै कुराले पनि उनलाई सन्तुष्ट पार्न सक्दैनथियो। जस्तो भए पनि उहाँको उपस्थिति तिनीहरूको साथमा जानैपर्थ्यो। तब परमप्रभुले आफ्नो अनुग्रहमा उनको विन्ती स्वीकार गरे र 'मेरो उपस्थिति तिनीहरूसँग जानेछ' भनी प्रतिज्ञा गर्नभयो। उहिले नूहले परमप्रभुको दृष्टिमा अनुग्रह पाएका थिए; ठीक त्यस्तै अहिले पनि मोशाले उहाँको दृष्टिमा अनुग्रह पाए, र यसको उत्तरमा आफूले विन्ती गरेको कुरा प्राप्त गरे। हाम्रो सुरक्षा कुनै खतराको अनुपस्थितिमा निर्भर गर्दैन, तर पूरापूर परमेश्वरको उपस्थितिमा निर्भर गर्छ ।

**प्रस्थान ३३ः१८-२३ः** अबचाहिँ मोशाले परमेश्वरको महिमा हेर्ने विन्ती गरे। परमेश्वरले उनलाई निम्न उत्तर दिनुभयोः उहाँले आफैलाई दयालु र अनुग्रहकारी परमेश्वरको रूपमा प्रकट गर्छु भन्ने प्रतिज्ञा गर्नुभयो (प्रस्थान ३४ः६-७)। मोशाले परमेश्वरको अनुहार हेर्न सक्दैनथिए; उनी त्यो हेरेर बाँच्नेथिएनन्। तर परमेश्वरको महिमा त्यहाँबाट भएर जाँदा मोशाले त्यसको नजिक एउटा चट्टानमाथि उभिन पाए, र उहाँको पछिल्लो भाग हेर्न सके। यो सङ्केतात्मक भाषा हो; किनभने परमेश्वर आत्मा हुनुहुन्छ र उहाँको शरीर हुँदैन (यूहन्ना ४ः२४)। यस विषयमा श्री हिवल जोन्सले यसो भनेका छन्ः

> 'मोशाले परमेश्वरको महिमाको उत्तरदीप्ति देख्न पाए, जुन उत्तरदीप्तिचाहिँ उहाँको महिमाको प्रताप केकस्तो हुने हो, सो स्पष्ट पार्ने भरपर्दो सङ्केत थियो ।' [31)]

कसैले पनि परमेश्वरको अनुहार देख्न सक्दैन, नत्र त्यो बाँच्नेछैन (प्रस्थान ३३ः२०)। यस भनाइको अर्थ यस प्रकारको छः परमेश्वरको नढाकिएको महिमामाथि

कसैले पनि दृष्टिपात गर्न सक्दैन। *'उहाँ यस्तो ज्योतिमा वास गर्नुहुन्छ, जसको नजिकमा कोही मानिस पनि जान सक्दैन; उहाँलाई कुनै मानिसले देखेको छैन, न त देख्न सक्छ'* (१ तिमोथी ६:१५)। उक्त पदको वचनको अर्थमा कसैले पनि कहिल्यै परमेश्वरलाई देखेको छैन (१ यूहन्ना ४:१२)। तब हामी पवित्र बाइबलका यी खण्डहरूको व्याख्या कुन प्रकारले गरौं, जहाँ मानिसहरूले परमेश्वरलाई देखे, र पनि तिनीहरू मरेनन् भन्ने कुरा लेखिएको छ? जस्तैः हागार (उत्पत्ति १६:१३); याकूब (उत्पत्ति ३२:३०); मोशा, हारून, नादाब र अबिहू, साथै इस्राएली जातिका सत्तरीजना बूढ़ा प्रधानहरू (प्रस्थान २४:९-११); गिदोन (न्यायकर्ता ६:२२-२३); मनोह र तिनकी पत्नी (न्यायकर्ता १३:२२); यशैया (यशैया ६:१); इजकिएल (इजकिएल १:२३ र १०:२०); यूहन्ना (प्रकाश १:१७)।

यसको उत्तर यस प्रकारको छः यी मानिसहरूले प्रभु येशू ख्रीष्टमा परमेश्वरलाई देखे; उहाँले परमप्रभुको प्रतिनिधित्व गर्नुभयो। पुरानो नियमको समयमा कहिले-काहीं येशू ख्रीष्ट 'परमप्रभुको दूत'को रूपमा देखा पर्नुभयो (तपाईंले न्यायकर्ताको पुस्तकको छ अध्यायमा यस शिक्षाको विषयमा जानकारी लिनुहोला)। कहिलेकाहीं उहाँ 'मानिस'को रूपमा देखा पर्नुभयो, र एकपल्ट उहाँले आफैलाई 'आवाज'को रूपमा पनि प्रकट गर्नुभयो (प्रस्थान २४:९-११; व्यवस्था ४:१२)। पिताको छातीमा हुनुहुने एकमात्र पुत्रले परमेश्वरको विषयमा पूरा जानकारी दिनु-भएको हो (यूहन्ना १:१८)। किनभने ख्रीष्ट येशूचाहिँ परमेश्वरको महिमाको चमक र उहाँको व्यक्तित्वको पक्का प्रतिरूप हुनुहुन्छ (हिब्रू १:३)। यसैकारण *'जसले मलाई देखेको छ, उसले पितालाई देखेको छ'* भनेर उहाँले भन्न सक्नुभयो (यूहन्ना १४:९)।

### ङ) प्रस्थान ३४:१-३५:३: करारको नवीकरण

**प्रस्थान ३४:१-९:** मोशा सिनाई पर्वतमाथि फेरि एकपल्ट आउन डाकिए; यसपालि उनी आफूले तयार गरेका ढुङ्गाका दुईवटा पाटीहरू लिएर जानु थियो। परमप्रभुले आफूलाई दयालु र अनुग्रहकारी परमेश्वरको रूपमा प्रकट गर्नुभयो; उहाँ रिसाउनुमा ढिलो हुनुहुन्छ, अनि करुणा र सत्यताले भरपूर हुनुहुन्छ (प्रस्थान ३४:६-७)।

सात पदमा तीनवटा छुट्टै शब्दहरू गलत कामको निम्ति प्रयोग गरिएका छन्ः अधर्म, अपराध र पाप। अधर्मले परमप्रभुका मार्गहरू टेढ़ामेढ़ा पार्ने अर्थ लिन्छ भने, अपराधको शब्दमा परमेश्वरको विरुद्धमा गरेको विद्रोहको अर्थ लाग्छ। अनि पापचाहिँ परमेश्वरको कुनै आज्ञा तोड्नु वा भङ्ग गर्नु हो। यस शब्दको अक्षरशः अर्थ 'निशानादेखि चुक्नु' हो। यी तीनै शब्दहरूले भन्न खोजेको कुरा एउटै होः परमेश्वरको महिमित स्तरमा आइनपुग्नु, तर त्यस धार्मिक स्तरदेखि चुक्नु हो (रोमी ३:२३)। अब यी इस्राएलीहरूको कुरा आयोः तिनीहरू सबैजनाले परमेश्वरको व्यवस्था उल्लङ्घन गरेको कारणले तिनीहरू मर्नुपर्नेथिए। तर परमेश्वरले आफ्नो कृपामा तिनीहरूलाई जोगाउनुभयो। मोशाले शिर झुकाएर परमेश्वरलाई दण्डवत् गरे र उहाँका मानिसहरूको अयोग्यताको कारणले उहाँको अनुग्रह र उहाँको उपस्थितिको आशिष पाऊँ भन्ने विन्ती गरे (प्रस्थान ३४:८-९)।

**प्रस्थान ३४:१०-१७:** तब परमेश्वरले इस्राएलीहरूसित बाँध्नुभएको आफ्नो करारको नवीकरण गर्नुभयो। यसो गर्दा

उहाँले कनान देशका बासिन्दाहरूलाई निकाल्दा इस्राएलीहरूको पक्षमा अचम्मका कामहरू गर्नेछु भन्ने प्रतिज्ञा गर्नुभयो। उहाँले इस्राएलीहरूलाई सचेत गराउनुभयो र भन्नुभयोः 'तिमीहरू यी अन्यजातिका मानिसहरूसँग सराबरी नहुनू; तिमीहरू तिनीहरूले मानिआएको पूजाआजा नसिक्नू !' अशेराहरूचाहिँ अश्लील मूर्तिहरू थिए वा लिङ्गहरूका प्रतिमाहरू थिए, जुनचाहिँ गर्भ सक्षमताका चिन्ह थिए। परमेश्वरले आफ्ना जनहरूसँग एउटा करार बाँध्नुभयो; यसकारण तिनीहरूले कनान देशका बासिन्दाहरूसँग कुनै पनि करार बाँध्नुहुँदैनथियो। एकै समयमा परमेश्वर र मूर्तिहरूसँग सम्बन्ध जोड्नु असम्भव छ (१ कोरिन्थी १०:२१)।

**प्रस्थान ३४:१८-२७:** अबचाहिँ परमेश्वरले निम्न विषयहरूको सम्बन्धमा निर्देशनहरू दोहोऱ्याउनुभयोः अखमिरी रोटीहरूको चाड़को विषयमा (प्रस्थान ३४:१८), पहिले जन्मेकाहरूको समर्पणको विषयमा (प्रस्थान ३४:१९-२०); विश्राम-दिनको विषयमा (प्रस्थान ३४:२१); हप्ताहरूको चाड़को विषयमा र भित्र्याउने चाड़को विषयमा (प्रस्थान ३४:२२)। वर्षमा तीन पल्ट, अर्थात् प्रस्थान २३:१४-१७ पदको खण्डमा पेश गरिएका चाड़हरूमा सबै पुरुषहरू परमेश्वरको उपस्थितिमा देखा पर्नुपर्थ्यो (प्रस्थान ३४:२३-२४)। तपाईंले प्रस्थान ३४:२४ पदमा प्रतिज्ञा गरिएको कुरा याद गर्नुहोलाः भविष्यमा इस्राएली पुरुषहरू वर्षमा तीन पल्ट यरूशलेममा गएको बेलामा कनानीहरूले उनीहरूको धनसम्पत्ति जफत गर्ने कोशिश नगरून् भन्ने हेतुले परमेश्वरले ती अन्यजातिका मानिसहरूको इच्छा समेत दमन गरिराख्नुहुँदो रहेछ। त्यसपछि परमेश्वरले विभिन्न नियमहरू फेरि एकपल्ट दोहोऱ्याउनुभयो (प्रस्थान ३४:२५-२६); सत्ताइस पदमा आएर परमप्रभुले प्रस्थान ३४:११-२३ पदको खण्डमा बोल्नुभएका शब्दहरू मोशालाई लेख्न लगाउनुभयो। अन्तमा परमप्रभु आफैले ढुङ्गाका ती पाटीहरूमा दस आज्ञाहरू लेख्नुभयो (प्रस्थान ३४:१ र २८; व्यवस्था १०:१-४)।

**प्रस्थान ३४:२८-३५:** चालीस दिन र चालीस रात सिनाई पर्वतमा बिताएपाछि मोशा ढुङ्गाका ती दुईवटा पाटीहरू लिएर ओर्ले (प्रस्थान ३४:२८-२९[क])। उनी परमप्रभुको उपस्थितिमा रहेका हुनाले उनको अनुहार चम्किरहेको थियो; तर उनलाई यो कुरा थाहै भएन (प्रस्थान ३४:२९[ख]- ३०)। मानिसहरू उनको नजिक आउन डराए। परमेश्वरका आज्ञाहरू इस्राएली जातिको सामु प्रस्तुत गरेपछि उनले आफ्नो अनुहारमा एउटा घुम्टो लगाए (प्रस्थान ३४:३१ -३३)। अब तेत्तीस पदमा अनुवादको कुरा आयोः के.जे.वी.-अनुवादअनुसार *'मोशाले तिनीहरूसँग कुरा गरिनसिद्धयाउन्जेल आफ्नो अनुहारमा एउटा घुम्टो हाले।'* अनि एन.के.जे.वी.को अनुवादअनुसार 'जब मोशाले तिनीहरूसँग कुरा गरिसके, तब उनले आफ्नो अनुहारमा एउटा घुम्टो हाले।' यसको स्पष्टीकरण हामीले २ कोरिन्थी ३:१३ पदमा पाउँछौं, जहाँ पावलले यसो लेखेका छन्ः *'मोशाले मेटिएर जाने कुराको अन्त इस्राएलीहरूले डिठ लगाएर हेर्न नसकून् भन्ने हेतुले आफ्नो अनुहारमाथि एउटा घुम्टो हालेका थिए।'* यसर्थ व्यवस्थाको युगचाहिँ यो बितिजाने कुरा थियो, जसको अन्त भावी समयमा आउन लागेको थियो।

**प्रस्थान ३५:१-३:** त्यसपछि मोशाले इस्राएलीहरूको सारा समुदायलाई भेला गरे र तिनीहरूको सामु विश्राम-दिनको नियम फेरि एकपल्ट सुनाए।

**च) प्रस्थान ३५ः४-३८ः३१ः पवित्र निवासस्थानका सामग्रीहरू तयार गरिएका**

**अ) प्रस्थान ३५ः४-३६ः७ः मानिसहरूको भेटी र वरदान भएका कारिगरहरू**

**प्रस्थान ३५ः४-२०ः** मोशाले मानिसहरूलाई निवासस्थानको निर्माणको निम्ति स्वेच्छा भेटी दिने आह्वान गरे। यस निर्माण-कार्यको निम्ति चाहिएका सामग्रीहरूचाहिँ परमप्रभुलाई दान गर्ने भेटी थिए (प्रस्थान ३५ः४-९)। त्यसपछि उनले वरदान पाएका शिल्पकारहरूलाई बोलाए, जसले यस निवासस्थानका विभिन्न भागहरू बनाउनुपरेको थियो (प्रस्थान ३५ः१०-११)। पुरानो नियमको समयमा परमेश्वरको उपासना गर्ने दुईवटा ठाउँहरू थिएः यो निवासस्थान र राजा सुलेमानले बनाएको मन्दिर। अनि यी दुवै भवनहरूको निम्ति मानिसहरूले अघिबाट स्वेच्छा दान दिए। आवश्यक निर्माण सामग्रीहरू जुटाउनको निम्ति परमेश्वरले आफ्ना जनहरूको हृदय तयार गर्नुभएको थियो (प्रस्थान ३५ः५, २१, २२, २३ र २९)। यसो हो भने, हाम्रो भेटी दिने र सेवा गर्ने काम पनि यस प्रकारको हुनुपर्छः स्वेच्छापूर्वक र केही गनगन नगरीकन दिएको-गरेको हुनुपर्छ।

**प्रस्थान ३५ः२१-३६ः१ः** यो आह्वान सुनेर इस्राएलीहरूमध्ये धेरैजनाले मिस्र देशदेखि ल्याएका खजानाहरूबाट यस निर्माण-कार्यको निम्ति उदार चित्तले दिए (प्रस्थान ३५ः२१-२९)। जतिजनाले सुनको बाछा दिए, तिनीहरूले यो सबै सुन गुमाइपठाए; तर यस निवासस्थानको निम्ति दिनेहरू आफ्नो धन परमप्रभुको महिमाको निम्ति सदुपयोग गरिएको देखेर आनन्दित भए।

बसलेल र ओहोलीआबचाहिँ परमेश्वरले नियुक्त गर्नुभएका यी मानिसहरू थिए, जसले सबै किसिमका शिल्पकारका कामहरू रच्न सके। यसैले मोशाले यिनीहरूलाई सार्वजनिक रूपले नाम काढ़ेर खटाए। यी दुईजनामा अरूलाई सिकाउन सक्ने, तालिम दिन सक्ने खूबी थियो (प्रस्थान ३५ः३०-३६ः१)।

**प्रस्थान ३६ः२-७ः** अनि यी निपुण कारिगरहरूले निवासस्थान निर्माण गर्ने काम शुरु गरे। मानिसहरूले हरेक बिहान यति धेरै सामग्रीहरू ल्याए, कि मोशाले तिनीहरूलाई 'अबचाहिँ अरू नल्याओ' भनेर रोक्नुपर्‍यो।

अबदेखि उनन्चालीस अध्यायको अन्तसम्म हामी निवासस्थान र यसका सर-सामानहरू कसरी बनाइए, सो सम्पूर्ण बेली-बिस्तार पाउँछौं। परमेश्वरले यी सामग्री-हरूको सूचि घरिघरि दोहोर्‍याउनुभएकोमा झिजो मान्नुभएन; किनभने यी सामग्रीहरूले उहाँलाई सधैं आफ्नो अति प्रिय पुत्रको सम्झना दिलाउने गर्थे।

**आ) प्रस्थान ३६ः८-१९ः यस निवासस्थानलाई ढाक्ने पर्दाहरू**

सबैभन्दा भित्र परेको पर्दाचाहिँ बाटेको मिहिन मलमलले बनेको थियो। यस पर्दाको नाम 'निवासस्थान' थियो (प्रस्थान ३६ः८)। दोस्रो स्थानमा बाख्राको भुत्लाले तयार गरिएको पर्दा आयो, जसलाई 'पाल' भनियो (प्रस्थान ३६ः१४)। त्यसपछि भेड़ाको छालाले बनाइएको पर्दा र सिलको छालाले बनाइएको पर्दा आए, जसको नाम 'ओढ़ा' थियो (प्रस्थान ३६ः१९)।

**इ) प्रस्थान ३६ः२०-३०ः तीनपट्टिका भित्ताहरूको निम्ति हुने फल्याकहरू**

यी फल्याकहरू बबुल-काठले बनिए। निवासस्थानको निम्ति केवल यस जातको

काठ प्रयोग गरियो। बबुलका रूखहरूले सुक्खा ठाउँहरूमा बढ्ने गर्थे; यी रूखहरू अति सुन्दर थिए, जसको काठ झन्डै अमर हुन्थे। यस प्रकारले प्रभु येशू पनि सुक्खा भूमिबाट निस्केको जरा हुनुहुन्थ्यो (यशैया ५३:२); उहाँमा नैतिक सुन्दरता हुन्थ्यो; उहाँ अमर हुनुहुन्छ।

### ई) प्रस्थान ३६:३१-३४: फल्याक-हरूलाई जोड्ने साटाहरू

फल्याकहरूलाई सम्हाल्ने पाँचवटा साटाहरूमध्ये चारवटाचाहिँ प्रत्यक्ष गरी देखिन्थे, तर एउटाचाहिँ नदेखिने थियो; किनकि यो साटा यी फल्याकहरूको ठीक बीचबाट भएर वारपार गरी छिरिगएको थियो। यस नदेखिने साटाले पवित्र आत्मालाई सुन्दर ढङ्गले चित्रण गर्छ। किनभने पवित्र आत्माले ठीक त्यसरी नै ख्रीष्ट-विश्वासीहरूलाई प्रभुमा एउटा पवित्र मन्दिर बनिन एकसाथ बाँध्नुहुन्छ (एफेसी २:२१-२२)। अनि अरू चारवटा स्पष्ट देखिने साटाहरूले के सङ्केत गर्लान् त? यी साटाहरूले परमेश्वरका सबै जनहरूमा सामान्य गुणहरू दर्साउँछन्, जस्तैः तिनी-हरूको जीवन, प्रेम, स्तर र स्वीकार।

### उ) प्रस्थान ३६:३५-३६: महापवित्र-स्थानलाई छुट्ट्याउने बीचको पर्दा

यो पर्दा प्रभु येशूको शरीरको प्रतिमा हो (हिब्रू १०:२०)। उहाँको शरीररूपी पर्दा गलगथामा यस उद्देश्यले च्यातियो, कि उहाँको शरीरको मृत्युले हाम्रो निम्ति परमेश्वरको नजिक जाने मार्ग खोलेको छ। अनि यस बीचको पर्दामा लगाइएका करूबहरूको विषयमा कसो हो? ती करूबहरू परमेश्वरको धार्मिक सिंहासन सुरक्षित राख्ने स्वर्गीय पहरेदार हुन्।

### ऊ) प्रस्थान ३६:३७-३८: पवित्र-स्थानको प्रवेशद्वारमा लगाइदिने पर्दा

पवित्रस्थानको पर्दा, निवासस्थानको आँगनको ढोकारूपी पर्दा र यो उक्त बीचको पर्दा एकै किसिमका सामानले बनिए। यसर्थ यी तीनवटा पर्दाले सङ्केत गरेको कुरा एउटै होः ख्रीष्ट येशूचाहिँ परमेश्वरकहाँ पुग्ने एकमात्र बाटो हुनुहुन्छ।

### ओ) प्रस्थान ३७:१-५: करारको सन्दुक

करारको सन्दुक बबुल-काठले बनिएको एउटा बाकस थियो, जसको काठ निखुर सुनले मोहोरिएको थियो। यस कुराले हाम्रा प्रभु येशूको मानवीय र ईश्वरीय गुण सङ्केत गर्छ। यस करारको सन्दुकभित्र व्यवस्थाका दुई पाटीहरू, मन्ना हालिएको सुनको भाँड़ा र हारूनको कोपिला लागेको लहुरो राखिएका थिए। यी थोकहरूको साङ्केतिक अर्थ ख्रीष्ट येशूमा लगाउनु हो भने, उहाँ ती व्यक्ति हुनुहुन्थ्यो, जसले भन्न सक्नुभयोः *'तपाईंको व्यवस्था मेरो हृदयभित्र छ'* (भजन ४०:८[ख]); उहाँ स्वर्गबाट ओर्लिआउनुभएको परमेश्वरको रोटी हुनुहुन्थ्यो (यूहन्ना ६:३३); अनि उहाँ परमेश्वरले चुन्नुभएको पूजाहारी हुनुहुन्थ्यो; किनभने उहाँ मरेकाहरूको बीचबाट बौरिउठ्नुभयो (हिब्रू ७:२४-२६)। तर यी थोकहरू इस्राली जातिमाथि पनि लागू गर्न सकिन्छ। तब यी थोकहरू तिनीहरूको असफलता र तिनीहरूले गरेको विद्रोहको सम्झना गराउने स्मारक-चिन्हहरू हुन्।

### औ) प्रस्थान ३७:६-९: कृपा-आसन

यो कृपाको आसन परमेश्वरको सिंहासन थियो। पृथ्वीमा उहाँको वासस्थान अरू कहीं थिएन, केवल यहीं थियो। सुनका करूब-

हरूले माथिबाट कृपा-आसनमा हेरिरहेका थिए; तर तिनीहरूले व्यवस्था देख्दैनथिए, जुन व्यवस्था इस्राएलीहरूले उल्लङ्घन गरेका थिए। तिनीहरूले मन्ना हालिएको त्यो भाँडा वा हारूनको लहुरो पनि देख्दैनथिए, जुनचाहिँ इस्राएलीहरूले गरेका विद्रोहहरू सम्बन्धित चीजहरू थिए; तिनीहरूले कृपा-आसनमाथि छर्किएको रगत पो देख्थे। अनि यस रगतले परमेश्वरलाई हामीजस्ता विद्रोही र पापी मानिसहरूप्रति कृपालु हुन सक्षम तुल्यायो। यो कृपा-आसन ख्रीष्ट येशूको प्रतीक हो; किनभने परमेश्वरले उहाँलाई प्रायश्चित्त ठहऱ्याउनुभयो (रोमी ३:२५)। यस पदमा प्रायश्चित्त शब्दको अक्षरशः अर्थ 'कृपा-आसन' नै हो।।[32]

**औं) प्रस्थान ३७:१०-१६: भेटीका रोटीहरूको टेबल**

यस टेबलमा निरन्तर बाह्रवटा रोटीहरू राखिन्थे। यस विषयमा श्री जी. मोरिशले यसो लेखेका छन्:

> 'सङ्केतात्मक भाषामा भन्नु हो भने, परमेश्वरको सामु भेटीका रोटीहरूरूपी इस्राएली जातिको ठहर टेबलरूपी "ख्रीष्टमा" ग्रहणयोग्य भएको रहेछ। ख्रीष्ट येशू ती साँचो महापूजाहारी हुनुहुन्छ, जसले उनीहरूको पक्षमा काम गर्नुहुन्छ, उनीहरूलाई सम्हालिराख्नुहुन्छ र रक्षा गर्नुहुन्छ।'[33]

यी भेटीका रोटीहरूले अर्को कुरा पनि देखाउन सक्छन्, जस्तैः परमेश्वर इस्राएली जातिका बाह्रै कुलहरूको निम्ति प्रबन्ध गर्नुहुन्छ र तिनीहरूको पालनपोषण गर्नुहुन्छ।

**अः) प्रस्थान ३७:१७-२४: सुनको सामदान र त्यसका आवश्यक सरसामानहरू**

कसै-कसैले निखुर सुनको सामदानमा ख्रीष्टलाई देख्छन्, जो संसारको साँचो ज्योति हुनुहुन्छ (यूहन्ना ८:१२)। तर अरूको विचारमा, यस सामदानले पवित्र आत्मालाई सङ्केत गर्छ। उनीहरू यस प्रकारको अर्थ बढ़ी रुचाउँछन्; किनभने पवित्र आत्माको काम ख्रीष्ट येशूलाई महिमित तुल्याउनु हो। अनि यस पवित्रस्थानभित्र भएका जेजति सामानहरू थिए, ती सबै सामानहरू ख्रीष्ट येशूलाई बोध गराउने थोकहरू थिए, अनि यस सामदानले आफ्नो चमक र रोशनद्वारा यी थोकहरू उज्यालो पारेको थियो। अरू मानिसहरू पनि छन्, जसले यस सामदानमा ख्रीष्ट येशू र विश्वासीहरूको बीचमा भएको सम्बन्ध र एकता प्रस्तुत गरिएको देख्छन्। किनकि सामदानको डाँठचाहिँ विशेष थियो, जसबाट यसको दाहिने हातमा तीनवटा र यसको देब्रे हातमा तीनवटा हाँगा हुने गरी छवटा हाँगाहरू निस्किरहेका थिए; तर यस सम्पूर्ण सामदानचाहिँ एउटै सिङ्गै टुक्रा थियो।

**अअ) प्रस्थान ३७:२५-२८: धूप-वेदी**

हामी धूप-वेदीमा कुन अर्थ लगाऔं? यसले ख्रीष्ट येशूको कुरा गर्छ; किनभने उहाँ परमेश्वरको निम्ति नित्य मीठो सुवासना हुनुहुन्छ। यसले वर्तमान समयमा भइरहेको उहाँको सेवकाइ पनि सङ्केत गर्छ; किनभने पिताको दाहिने बाहुलीपट्टि रहेर उहाँ हाम्रो निम्ति अन्तर्विन्ती गरिरहनुभएको छ।

**आअ) प्रस्थान ३७:२९: अभिषेकको तेल र धूप**

पुरानो नियममा तेलले पवित्र आत्मालाई सङ्केत गर्छ; अनि धूपले हाम्रा प्रभु येशूका सर्वश्रेष्ठ सद्‌गुणहरूको सुवासनाको कुरा गर्छ; किनभने हाम्रा प्रभुले आफ्ना पितालाई आनन्दविभोर पार्नुहुन्छ।

**इइ) प्रस्थान ३८:१-७: होमबलिको वेदी**

होमबलिको वेदीले क्रूसलाई चित्रण गर्छ। किनभने क्रूसमा प्रभु येशूले आफैलाई सम्पूर्ण बलिदानको रूपमा पिताको हातमा समर्पण गर्नुभयो। उहाँको त्राणात्मक मृत्युद्वारा बाहेक कसैले पनि पिताकहाँ प्रवेश पाउँदैन।

**ईई) प्रस्थान ३८:८: हातखुट्टा धुने बाटा**

हातखुट्टा धुने बाटाले ख्रीष्ट येशूको वर्तमान सेवकाइ सङ्केत गर्छ; किनभने उहाँले आफ्ना जनहरूलाई वचनको स्नान दिएर तिनीहरूलाई शुद्ध पार्नुहुन्छ (एफेसी ५:२६)। पुरानो नियमको समयमा पूजाहारीहरूले कुनै पनि सेवा गर्नुभन्दा अगाड़ि आफ्ना हातखुट्टा धुनु आवश्यक थियो। ठीक त्यस्तै प्रभुको निम्ति गरिने हाम्रो सेवकाइ प्रभावशाली हुनु हो भने, पहिले हाम्रा सबै कामहरू र हाम्रो दैनिक चाल वचनद्वारा शुद्ध पारिएको हुनुपर्छ। सेवा गर्ने स्त्रीहरूले अर्पण गरेका पित्तलका ऐनाहरूबाट यो बाटा बनिएको थियो। तिनीहरूले आत्मश्लाघा गर्नुको बदलीमा परमेश्वरको सेवा पो गर्न सके।

**उउ) प्रस्थान ३८:९-३१: यस निवासस्थानको आँगन, त्यसका खाँबा र पर्दाहरू**

**प्रस्थान ३८:९-१०:** यस निवासस्थानको वरिपरि एउटा आँगन थियो, जुन आँगनचाहिँ सेतो सुती कपड़ाले बनेका पर्दाहरू थिए। आँगनका छपन्ना खाँबाहरू चाँदीका थिए भने, तिनका चूलघरहरू पित्तलका थिए; अनि खाँबाका अङ्कुसेहरू र तिनका डन्डीहरू चाँदीका थिए; अनि यस आँगनको प्रवेश-द्वारमा बुट्टेदार पर्दा लगाइएको थियो। सेतो सुती कपड़ाले यस धार्मिकताको कुरा बताउँछ, जुन धार्मिकताले विश्वास नगर्ने पापी मानिसहरूलाई परमेश्वरको नजिक पुग्नदखि रोक्छ र वञ्चित गर्छ; तर यही धार्मिकताले फेरि ढोकाबाट भित्र पसेको ख्रीष्ट-विश्वासीको सुरक्षा गर्छ र संसारबाट अलग पार्छ। यस आँगनको एकमात्र ढोकाचाहिँ त्यो प्रवेशद्वार थियो, जुन प्रवेशद्वारको पर्दा बाटेको मिहिन मलमलले बनेको थियो, जुन पर्दामा शिल्पकारद्वारा नीलो, बैजनी र सिन्दूरे रङ्गका बेलबुट्टाहरू हानिएका थिए। यस प्रवेश-द्वाररूपी पर्दाले ख्रीष्ट येशूलाई सङ्केत गर्छ; किनभने उहाँले भन्नुभयो: *'ढोका म नै हुँ'* (यूहन्ना १०:९)। उहाँ परमेश्वरकहाँ पुग्ने एकमात्र बाटो हुनुहुन्छ। अनि यस मिहिन सुतीको कपड़ाले ख्रीष्ट येशूको निष्कलङ्क र पवित्र जीवन चित्रण गर्छ; नीलो रङ्गले उहाँको स्वर्गीय उद्गम बताउँछ भने, बैजनी रङ्गले उहाँको राजकीय महिमा प्रकट गर्छ; अनि सिन्दूरे रङ्गले हाम्रा पापहरूको निम्ति उहाँले भोग्नुभएको कष्ट देखाउँछ।

**प्रस्थान ३८:२१-२३:** यी सिपालु शिल्पकारहरूका नामहरू यहाँ फेरि एकपल्ट दोहोरिएका छन्। जब परमेश्वरले कुनै काम गर्नुहुन्छ, तब उहाँले त्यस कामको निम्ति मानिसहरूलाई खड़ा गर्नुहुन्छ। यो निवासस्थान निर्माण गर्नको निम्ति उहाँले बसलेल र ओहोलीआबलाई बोलाउनुभयो र यिनीहरूलाई ज्ञान र बुद्धि दिएर सक्षम तुल्याउनुभयो। अनि सुलेमोनको मन्दिरको निम्ति उहाँले हिरामलाई प्रयोग गर्नुभयो; हिरामले यस निर्माण-कार्यको निम्ति आवश्यक सामग्रीहरू जुटाए। अनि नयाँ नियममा आएर उहाँले आफ्नो मण्डली निर्माण गर्नको निम्ति आफ्ना चुनिएका कारिगर पत्रुस र पावललाई चलाउनुभयो।

**प्रस्थान ३८:२४-३१:** यस निवास-स्थानको निर्माण-कार्यमा प्रयोग भएका

सामग्रीहरूको हिसाबकिताब होशियारसाथ गरिएको थियो । वर्तमान समयको प्रचलित मुद्राको मूल्यअनुसार यी सामग्रीहरूको योगफल अरबौं रुपियाँ हुनेथियो । हामी पनि आफ्नो धनसम्पत्ति प्रभुको कामको निम्ति समर्पण गर्न सक्छौं । यस सम्बन्धमा हामी पनि यसो भन्न सक्छौं:

> 'हे प्रभु, मसँग भएको सुन-चाँदी लिनुहोस् ! मेरो सम्पत्तिको एक पाई पनि म बाँकी राख्नेछैनँ नै ।' 34)

### छ) प्रस्थान ३९: पूजाहारीहरूका वस्त्र-हरूको तयारी

**प्रस्थान ३९:१-७:** अब पूजाहारीहरूका वस्त्रहरूको तयारीको कुरा आयो । शुरुमै यी चारवटा रङ्‌हरू घरिघरि दोहोरिएकोमा हामी अचम्म मान्छौं । कसैको विचारमा, यी चार रङ्‌हरूले ख्रीष्ट येशूका विभिन्न सद्‌गुणहरू प्रतिबिम्ब गर्छन् । यी सद्‌गुणहरू नयाँ नियमका चारैवटा सुसमाचारका पुस्तकहरू-अनुसार यस प्रकारका छन्, जस्तैः

*बैजनी रङ्*: बैजनी रङ्‌ले मत्तीको सुसमाचार सङ्केत गर्छ, जुन सुसमाचारले ख्रीष्ट येशूलाई यहूदी-हरूको राजाको रूपमा प्रस्तुत गरेको छ ।

*सिन्दूरे रङ्*: सिन्दूरे रङ्‌ले मर्कूसको सुसमाचार सङ्केत गर्छ, जुन सुसमाचारले ख्रीष्ट येशूलाई दुःखकष्ट उठाउनुभएको सेवकको रूपमा प्रस्तुत गरेको छ ।

*सेतो रङ्*: सेतो रङ्‌ले लूकाको सुसमाचार सङ्केत गर्छ, जुन सुसमाचारअनुसार ख्रीष्ट येशू पापरहित मानिस हुनुहुन्थ्यो ।

*नीलो रङ्*: नीलो रङ्‌ले यूहन्नाको सुसमाचार सङ्केत गर्छ; अनि यूहन्नाको सुसमाचारअनुसार ख्रीष्ट येशू परमेश्वरको एकमात्र पुत्र हुनुहुन्छ, जो स्वर्गबाट यस धरतीमा ओर्लेर आउनुभयो ।

अब एपोदको कुरा आयो: यस एपोदमा प्रयोग गरिएका सुनका तारहरूरूपी धागोले ख्रीष्टको परमेश्वरत्व बताउँछ (प्रस्थान ३९:३) भने, एपोदका दुईवटा काँधेजोर्नी-हरूमा एक-एक गोमेद पत्थर लगाइएको थियो, जुन गोमेद पत्थरहरूमा इस्राएली जातिका छ-छवटा कुलहरूका नामहरू खोपिएका थिए ।

**प्रस्थान ३९:८-२१:** छातीपातामा बाह्र-वटा बहुमूल्य पत्थरहरू जड़ेका थिए, प्रत्येक कुलको निम्ति एउटा (प्रस्थान ३९:१०-१४) । हाम्रा महापूजाहारीको सम्बन्धमा कुरा पनि उस्तै छ । सुसमाचार-प्रचारक श्री पिटर पेलले यसको सुन्दर व्यक्त यस प्रकारले गरेका छन्:

> 'उहाँले आफ्ना काँधको बलले र आफ्नो हृदयको प्रेमले परमेश्वरका जनहरूका नामहरू परमेश्वरको सामु पेश गर्नुहुन्छ ।'

**प्रस्थान ३९:२२-२६:** अनि एपोदको यो नीलो अलखाचाहिँ एपोदमनि पहिरिन्थ्यो । यस अलखाको तल्लो फेरमा पालोसँग निखुर सुनका घण्टीहरू र नीलो, बैजनी, सिन्दूरे रङ्‌को धागोले बुनेका दारिमहरू लगाइए । यी दुईवटा कुराहरूले आत्मिक फल र साक्षीको विषयमा कुरा गर्छन्, जुन फल र साक्षी हाम्रा प्रभु येशूसँग अवश्य भएका थिए, र जुन फल र साक्षी हामीमा पनि पैदा भएको हुनुपर्छ ।

**प्रस्थान ३९:२७-२९:** अब लबेदाको कुरा आयो: पूजाहारीहरूले यो सुतीको लबेदा भित्र लगाउने वस्त्रको रूपमा सबैभन्दा पहिले पहिराउँथे (लेवी ८:७) । त्यस लबेदामाथि तिनीहरूले महिमा र शोभाको निम्ति दिइएका वस्त्रहरू लाउँथे । यसर्थ परमेश्वरले पहिले पश्चात्ताप गरेको पापी मानिसलाई आफ्नै

धार्मिकताको पोशाक पहिराउनुहुन्छ (२ कोरिन्थी ५ः२१)। अनि जब प्रभु येशू ख्रीष्ट यस पृथ्वीमा फर्किआउनुहुनेछ, तब उहाँले आफ्ना जनहरूलाई माहिमाका वस्त्रहरू पहिराउनुहुनेछ (फिलिप्पी ३ः२०-२१)। क्रमअनुसार पहिले धार्मिकता आउँछ, त्यसपछि महिमा।

**प्रस्थान ३९ः३०-३१ः** प्रधानपूजाहारीको पगरीमाथि लगाइने सुनको पातामा मोहोर खोपेझैं 'परमप्रभुको निम्ति पवित्र' भन्ने शब्दहरू खोपिएका थिए। इस्राएलीहरूले परमप्रभुका निम्ति चढ़ाएका पवित्र वस्तुहरूको सम्बन्धमा गरेका अधर्मको खातिर प्रधानपूजाहारीले यो लगाउनुपर्थ्यो (प्रस्थान २८ः३८)। यसर्थ बुझ्नुहोस्ः हामीले परमेश्वरको निम्ति जे पनि गर्छौं, यसमा पापको गन्ध र कलङ्क छँदैछ; तर हाम्रा आराधनामा र हाम्रो सेवामा लागेका सबै अशुद्धताहरू परमेश्वर पिताकहाँ पुग्नुभन्दा अघि नै येशू हाम्रा महापूजाहारीले हाम्रो आराधाना र सेवाबाट सबै अशुद्धता मेटाउनुहुन्छ र यसरी हाम्रो आराधना र सेवा उहाँमा ग्रहणयोग्य बन्छन्।

**प्रस्थान ३९ः३२-४३ः** अब भेट हुने पालको निवासस्थानको काम पूरा भयो। मानिसहरूले तयार गरेका सबै सामग्रीहरू मोशाकहाँ ल्याए। अनि उनले यस निवासस्थानका सबै सामानहरू जाँचे, र सबै थोकहरू परमेश्वरले दिनुभएका नापजोखअनुसारका पाए। यसकारण मोशाले मानिसहरूलाई आशीर्वाद दिए।

### ज) प्रस्थान ४०ः पवित्र निवासस्थान खड़ा गरिएको

**प्रस्थान ४०ः१-८ः** परमेश्वरले यो निवासस्थान खड़ा गर्ने आज्ञा दिनुभयो। यस वर्षको पहिलो महिनाको पहिलो दिनमा यो खड़ा गरिनुपर्थ्यो (प्रस्थान ४०ः१-२)। यसर्थ निवासस्थान खड़ा गर्ने दिनचाहिँ इस्राएलीहरू मिस्र देशबाट प्रस्थान भएको ठ्याक्क एक वर्ष भएको रहेछ; अनि इस्राएलीहरू सिनाई पर्वतमा आइपुगेको लगभग साढ़े आठ महिना भएको रहेछ।

अनि उहाँले निवासस्थानका सरसमानहरू कुन-कुन ठाउँमा राखिनुपर्ने हो, सो कुरा स्पष्ट पार्नुभयो। यसको विवरण अब दिइन्छ।

**प्रस्थान ४०ः९-१७ः** नौ पददेखि सत्र पदसम्म यो निवासस्थान र यसका सरसमानहरू, साथै प्रधानपूजाहारी र तिनका छोराहरूको अभिषेक कसरी गर्नुपर्छ, सो सम्बन्धमा परमेश्वरले अघि दिनुभएका निर्देशनहरू फेरि एक पल्ट दोहोरिएका छन्। ती सबै निर्देशनहरू दोस्रो वर्षको पहिलो महिनाको पहिलो दिनमा अर्थात् इस्राएलीहरूले मिस्र देश छोड़ेको एक वर्षपछि पूरा गरिए (प्रस्थान ४०ः१६-१७)।

**प्रस्थान ४०ः१८-३३ः** *'तब मोशाले यो निवासस्थान खड़ा गरे।'* यस अनुच्छेदमा तपाईंले *'जस्तो परमप्रभुले मोशालाई आज्ञा गर्नुभएको थियो'* भन्ने वाक्यमा ध्यान दिनुहोला। किनभने यो वाक्य सातपल्ट दोहोरिएको छ। मोशा ती महान् व्यवस्थादाताले परमप्रभुले तिनलाई निवासस्थान र यसको एक-एक सामग्रीको विषयमा आज्ञा गर्नुभएका सबै निर्देशनहरू कसरी पूरा गरे, सो कुराको बेलीबिस्तार हामी यस खण्डमा पढ़्न पाउँछौं।

अन्तमा मोशाले निवासस्थानको वरिपरि भएको आँगन खड़ा गरे। त्यसपछि हामी निम्न शब्द पढ़्छौंः *'यस प्रकारले मोशाले काम समाप्त गरे।'* यस निर्माण-कार्यको चरमसीमा यही हो।

**प्रस्थान ४०ः३४-३८ः** तब महिमाको बादल यस निवासस्थानमाथि उत्रियो र सारा भवनलाई भरिदियो। यसकारण मोशा यस निवासस्थानभित्र जान सकेनन्। यही

बादलले इस्राएली मानिसहरूलाई कनान देशतर्फको सम्पूर्ण बाटोमा साथ दिनेथियो। यो बादल अघि बढ्दाखेरि तिनीहरू अघि बढ्नुपर्नेथियो; अनि जब यो बादल अड़िरह्यो, तब तिनीहरूले यात्रा गर्दैनथिए।

लेवी-कुलको सदस्य भएको नाताले मोशाले त्यस दिनसम्म पूजाहारीको सेवा गर्दथिए, जुन दिनमा हारून र तिनका छोराहरू पूजाहारी कामको निम्ति विधिवत् रूपले नियुक्त भए। त्यसपछि पूजाहारी-सेवाको सम्पूर्ण कार्यभार उनीहरूको जिम्मामा सुम्पियो (लेवी ८)।

अनि यसरी नै प्रस्थानको पुस्तक परमेश्वरका जनहरूको इतिहास बन्न पुगेको छः तिनीहरूले मिस्र देशको दासत्वबाट छुटकारा पाएको दिनदेखि सिनाई पर्वतमा यो निवासस्थान खड़ा भएको दिनसम्म एक वर्ष बित्यो। यो पुस्तक ख्रीष्ट येशू र उहाँको नैतिक सिद्धताका सुन्दर चित्रणहरूले भरिएको छ। यहाँबाट हाम्रो जिम्मेवारी शुरु भएको छः आउनुहोस्, हामी महिमान्वित ख्रीष्ट येशूको आराधना गरौं र उहाँको पवित्रताको प्रकाशमा आफ्नो जीवन जिउने गरौं !

## ENDNOTES:

1) **2:9-10:** The Hebrew word ‘mashah’ ‘‘draw out” may be actually a bilingual play on words. The Hebrews used puns even in serious situations, such as the naming of children. (See, for example, the naming of Jacob’s sons in Genesis 29, 30.)
2) **2:9-10:** C. H. Mackintosh, *Genesis to Deuteronomy,* p. 144.
3) **3:1–4:** Appropriately, the Scottish Covenanters adopted the burning bush as their emblem, with the Latin motto below: “Nec consummaretur” (‘‘Yet it was not consumed”).
4) **3:6:** R. Alan Cole, *Exodus: An Introduction and Commentary*, p. 66.
5) **3:7–12:** J. Oswald Sanders, further documentation unavailable.
6) **3:13-14:** Some Bibles, such as the Moffatt Version, translate the name by ‘‘the Eternal” (cf. also Louis Segond’s French version: “l’éternel”).
7) **5:2–14:** R. Alan Cole, *“Exodus”,* p. 82. The author attempts to reproduce the contemptuous attitude of the taskmasters in English by the translation ‘‘stub themselves stubble” (v. 12).
8) **8:20–24:** The Septuagint, which was produced in Egypt and may reflect local knowledge and Jewish tradition, translates by dog-fly (kynomuia), a gadfly with a painful bite. See Cole, Exodus, pp. 93, 94, for more details.
9) **10:29:** Matthew Henry, *“Exodus,” in Matthew Henry’s Commentary on the Whole Bible*, I:314.
10) **12:11–20:** R. Alan Cole, *“Exodus”,* p. 108.
11) **13:17–20:** C. F. Pfeiffer, *Baker’s Bible Atlas*, pp. 73, 74.
12) **13:21-22:** Matthew Henry, *“Exodus”*, I:328.
13) **14:15–18:** Matthew Henry, *“Exodus”*, I:332.
14) **15:1–21:** Dr. H. C. Woodring, unpublished notes, Emmaus Bible School.

**15) 15:1-21:** Matthew Henry, *“Exodus”*, I:335,336.
**16) 16:1–19:** The name is not related to the English word sin.
**17) 19:1–9:** D. L. Moody, *Notes From My Bible*, pp. 33, 34.
**18) Essay:** The New Scofield Study Bible, New King James Version, p. 4.
**19) Essay:** The old charge that dispensationalists believe in “seven different ways to get saved” is totally false.
**20) Essay:** Some do accept one of the ordinances.
**21) 21:1–6:** This is the second stanza of Bishop Handley C. G. Moule’s hymn, “My Glorious Victor, Prince Divine,” Hymns of Truth and Praise, #535.
**22) 23:18-19:** Orthodox Jews have two complete sets of china: one for meat products and one for milk products. To discourage Jews from eating meat and milk products in the same meal some cafeterias in Israel force one to go through two lines to have both. One Jerusalem cafeteria visited by the editor of this volume actually had the meat and milk lines on separate floors!
**23) 23:20–33:** Matthew Henry, *“Exodus,”* I:376.
**24) 25:17–22:** The word cherub may come from a Semitic root meaning “bless,” “praise,” or “adore,” but it is more commonly held to be from the Hebrew karav, draw near. Thus cherubim are “covering ones” or those who draw near as protectors.
**25) 26:14:** The reason for the variety of translations is that we do not know for sure which animal skin the Hebrew word refers to.
**26) 28:36–38:** Archbishop Beveridge, further documentation unavailable.
**27) 30:1–10:** The Greek word thumiateµrion literally means “place (or thing) for incense.” Hence it could refer to the incense altar or to the censer which was taken behind the veil on the Day of Atonement, filled with incense from the altar.
**28) 31:1–11:** It is noteworthy that the national art academy in modern Israel is named after Bezalel.
**29) Essay:** The typology of the tabernacle is widely held among evangelical believers, though obviously there is not complete agreement on all details. Some Christians accept only those types that are mentioned specifically in the NT, chiefly in Hebrews. See Genesis 42 for a brief discussion of typology.
**30) 32:30–35:** Some believe that, like Paul fifteen centuries later, Moses was willing to be accursed and lost if it would save his fellow Israelites.
**31) 33:18–23:** Hywel R. Jones, further documentation unavailable.
**32) 37:6–9:** The same Greek word, *hilastçrion*, means both *propitiation* (*satisfaction by sacrifice*) and *place of propitiation* (i.e., the mercy seat)
**33) 37:10–16:** G. Morrish, *New and Concise Bible Dictionary*, p. 754.
34 (38:24–31) It is much easier to sing this line from Frances Ridley Havergal’s great spiritual hymn, “Take My Life and Let It Be,” than it is to *practice* it!

**BIBLIOGRAPHY:**

Borland, James A. *"Exodus" in Liberty Bible Commentary*. Lynchburg, VA: The Old- Time Gospel Hour, 1982.

Cole, R. Alan. *Exodus: An Introduction and Commentary*. The Tyndale Old Testament Commentaries. Downers Grove, IL: InterVarsity Press, 1973.

Dennett, Edward. *Typical Teachings of Exodus*. Reprint. Denver: Wilson Foundation, n.d.

Henry, Matthew. *"Exodus" in Matthew Henry's Commentary on the Whole Bible*. Vol. 1. *Genesis to Deuteronomy*. McLean, VA: MacDonald Publishing Company, n.d.

Keil, C. F. and Delitzsch, F. *"Exodus" in Biblical Commentary on the Old Testament*. Vols. 1-2. Grand Rapids: Wm. B. Eerdmans Publishing Co., 1971.

Lange, John Peter. *"Exodus" in Commentary on the Holy Scriptures, Critical, Doctrinal and Homiletically*. Vol. 2. Reprint (24 vols. in 12). Grand Rapids: Zondervan Publishing House, 1980.

Pell, Peter, Jr. *The Tabernacle* (Correspondence Course). Oak Park, IL: Emmaus Bible School, 1957.

Ridout, Samuel. *Lectures on the Tabernacle*. New York: Loizeaux Brothers, Inc., 1973.

Rosen, Moishe and Ceil. *Christ in the Passover*. Chicago: Moody Press, n.d.